ISSN 2631-2298

nepalmag.com.np

आइतबार • २६ असोज २०७६ • मूल्य रु. २५

# नेपाल

राष्ट्रिय साप्ताहिक

दसैँ साहित्य
थप १६ पृष्ठ

# बदलिँदो पहिरन चेत

लालदरबारमा चिनियाँ कोचिङ | पूर्वसेनापतिको अर्को घोटाला

Yasuda®
YOUR COMPLETE HOME SOLUTION

TRIVENI

महा चाडमा
Yasuda को महा मच्चाइ
३३% सम्मको छुट
१५ भदौ देखि २५ कार्तिक सम्म
#yasudapingchallenge

MAX TV OFFER WITH YASUDA
SET UP BOX &
3 months subscription
~~4000~~
@ Rs. 1500
For more info call: +977-01-4228583

MAX DIGITAL TV

OFFLINE YOUTUBE VIEWING
WATCH RECORDED TV CHANNELS (FIRST TIME IN NEPAL)
TWO WAYS SETUP BOX

## LED TV

| | | |
|---|---|---|
| 75" 4K Smart LED TV<br>YS-75AUC3<br>~~MRP : Rs. 2,70,000~~<br>Rs. 1,80,000 | 65" 4K Smart LED TV<br>YS-65UC3<br>~~MRP : Rs. 1,56,863~~<br>Rs. 1,09,250 | 55" 4K Smart LED TV<br>YS-55AUC3<br>~~MRP : Rs. 82,359~~<br>Rs. 65,999 |
| 55" 4K Smart LED TV<br>YS-55UC3<br>~~MRP : Rs. 82,359~~<br>Rs. 65,999 | 43" 4K Smart LED TV<br>YS-43UC3<br>~~MRP : Rs. 53,599~~<br>Rs. 45,999 | 43" FHD Smart LED TV<br>YS-43ASC3<br>~~MRP : Rs. 46,999~~<br>Rs. 40,499 |
| 32" Smart LED TV<br>YS-32SC3<br>~~MRP : Rs. 29,419~~<br>Rs. 24,499 | 32" Smart LED TV<br>YS-32AS3<br>~~MRP : Rs. 29,419~~<br>Rs. 24,499 | 32" Normal LED TV<br>YS-32K600<br>~~MRP : Rs. 24,839~~<br>Rs. 20,999 |
| 32" Normal LED TV<br>YS-32KC3<br>~~MRP : Rs. 24,839~~<br>Rs. 20,999 | 32" Normal LED TV<br>YS-32AC3<br>~~MRP : Rs. 24,839~~<br>Rs. 20,999 | 24" Normal LED TV<br>YS-24AC3<br>~~MRP : Rs. 16,999~~<br>Rs. 14,499 |

Post your picture along with Yasuda Ping on your facebook profile with #yasudapingchallenge and win exciting gift hampers through lucky draw.

To know more visit our Official Facebook Page.
facebook.com/yasudaofficial

*Terms & Conditions apply on selected models only.
*To claim Max TV offer show your VAT bill of Yasuda TV.
*Max TV Subscription may not be available in all areas. Offer is not transferrable to cash.

triveni byapar

Yasuda - Your complete home solution
Triveni Byapar Company Pvt. Ltd.
Triveni Complex, Putalisadak, Kathmandu, Nepal
Email: info@trivenitrade.com
Trade Enquiries: 01-4246982, 01-4261456
Visit our showroom at Big Digital
WTC, Tripureshwor, 01-4117164

For Service Center:
Toll Free No. : 1660 0120003
9801571055, 9801148772
Website: www.yasudaworld.com
facebook.com/yasudaofficial
instagram.com/yasuda.nepal

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS




From mastering tricky conversations at a workplace to sharpening your resume for the right job, every Monday, The Post brings to you the right mix of guidelines, analysis and stories on leadership, management, and human resources.

**kathmandupost.com/escalate**

THE KATHMANDU POST
WITHOUT FEAR OR FAVOUR

Smart Appliances (P) Limited

COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

भित्र

आइतबार, २६ असोज २०७६ (वर्ष २०, अंक १०)
Nepal National Weekly, 13 Oct 2019 (Vol. 20, No. 10)

विजया दशमी
०७६ को अवसरमा
हार्दिक शुभकामना
व्यक्त गर्दछौँ ।

दसैं पर्वका कारण *नेपाल*को
आगामी अंक २६ असोजमा
प्रकाशित हुनेछ ।

कान्तिपुर मिडिया ग्रुप

## दसैं विशेष | ४१

**कथा**

- विश्व पौडेल
- आन्विका गिरी
- रामलाल जोशी
- महेशविक्रम शाह

**कविता**

- युमा
- रमेश क्षितिज
- विमला तुम्खेवा

**निबन्ध**

- वसन्त थापा

## सप्त सौन्दर्य | ३८

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
पर्सोनाज : कुमार नगरकोटी | ११
स्मरण | १४
भएको कुहाउने, बाहिरबाट झिकाउने | २०
अर्थ–मीमांसा : अच्युत वाग्ले | २८
आवरण : परिवर्तित पहिरन | ३०
रङ | ६६
कोलाज | ६८
नेपाल मण्डल | ७०
नोटबुक | ७२

आवरण तस्बिर : महेश प्रधान
मोडल : अस्मिता गौतम/साजिद आलम
पहिरन : ड्रिम वेयर फेसन
मेकअप : संगीता प्रधान
लोकेसन : मोक्ष, झम्सिखेल

**१६**
**अन्तर्वार्ता**
विमलेन्द्र निधि

**१८**
**गोलार्द्ध**
रूपक सापकोटा

**२२**
**बेथिति**
चाडबाडमा टालटुले अनुगमन

**२४**
**फलोअप**
पूर्वमहारथीको अर्को घोटाला

# शक्तिशाली सरकारका निरीह प्रधानमन्त्री

विभिन्न मन्त्रालय र उच्च महत्त्वका सरकारी निकायका अख्तियार आफूतिर खिचेर विगतका कार्यकारीभन्दा थप शक्तिशाली बन्न पुगेका प्रधानमन्त्री केपी ओलीले ९ असोजमा मन्त्री र सचिवहरूलाई एकै ठाउँ राखेर झपारेको घटनाले हाम्रो राज्य प्रणालीभित्रको वास्तविकता फेरि एकपल्ट उजागर गरिदिएको छ। यसबाट समृद्धिको सरकारी प्रतिबद्धतामाथि सन्देह गर्ने ठाउँ फेला परेका छन् ।

प्रधानमन्त्रीले विभागीय नेतृत्व सम्हालेका मन्त्री-सचिवहरूलाई भनेका मुख्य प्रसंग सम्झौं । उनले भनेका छन्- विकास गरौं भन्नेमा सबै जागरुक हुँदा पनि सोभियत संघ किन सफल हुन सकेन, याद गरौं । आज बाटो बनाएको छ, भोलि ढल खनेको छ, पर्सि पोल उखेलेको छ, विकास निर्माणका काममा किन अन्तरमन्त्रालय समन्वय भइरहेको छैन ? अहिले निर्धारित समयमा काम नसकिएको थाहा पाएँ । अब अघिल्लो महिनाको छुटेको काम गर्न लाग्नुहुन्छ कि पछिल्लो महिनाको ?

प्रधानमन्त्री विकास निर्माण परियोजनालगायत समग्र प्रणालीको अनुगमन गर्न कम्तीमा अग्रसर देखिएका छन्, जुन सकारात्मक हो । उनले असारमा मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौताको अनौठो अभ्यास पनि गरेका थिए । आफ्नो काम, कर्तव्य र अधिकारबारे नियुक्ति बेलामै शपथ खाइसकेका मन्त्रीहरूसँग फेरि छुट्टै किन अर्को सम्झौता गर्नुपर्‍यो, त्यसको अन्तर्य बुझ्न नसकिए पनि केही नतिजामुखी कदम चालिएको हो कि भनी सोच्नु अन्यथा हुँदैनथ्यो । तर ती कुनै पनि प्रयास किन कामयाबी भएनन्, अब प्रधानमन्त्रीले समीक्षा गर्नुपर्छ ।

हामी यसका दुई कारण भेट्टाउँछौं ।

पहिलो- प्रधानमन्त्री बन्नेबित्तिकै महत्त्वपूर्ण मानिएका मन्त्रालय र सरकारी निकायको अधिकार आफ्नो कार्यालयमा खिच्ने ओलीको निर्णय । मन्त्रीहरूलाई स्वायत्त र अधिकारसम्पन्न बनाउने अहिलेको शासकीय प्रणालीलाई नै प्रधानमन्त्रीले दक्खल दिन खोजेको देखियो । उनी एक्लैले सम्पूर्ण काम भ्याउन सक्ने अवस्थै थिएन, उसमाथि झन् स्वास्थ्यको तगारो । यिनै बहानामा ओलीको सचिवालय मन्त्रालयहरूमाथि बढ्तै हाबी भइदियो । कतिपय मन्त्रीहरूलाई विश्वास गर्नु साटो राजा महेन्द्र शाहकालीन कार्यशैलीको झल्को दिने गरी सीधै सचिवहरूसँग रिपोर्टिङ लिने प्रवृत्ति ब्युँताइयो ।

दोस्रो- विगत समयदेखि नै राज्य संयन्त्रमा हाबी कर्मचारीतन्त्र । यसले कुनै पनि सरकारका नेतृत्वकर्तालाई कि त आफ्नो अनुकूल घुमाएको, कि त असहयोग गरेको विगत छ । यसबारे हामीले *नेपाल*का विभिन्न अंकमा खबरदारी गर्दै आएका छौं । ३ भदौ ०७५ को *नेपाल* आवरण कथा 'सरकारका सचिवहरू हस् भन्छन्, गर्दैनन्' को सार थियो- कर्मचारीहरूलाई सरकारले तालिम, भ्रमण, वृत्तिविकासलगायत एकपछि अर्को अवसर सिर्जना गर्दै रहे पनि तिनको सेवा प्रवाह र समग्र नतिजा कमजोर छ । कर्मचारीबीच समझदारी, सहयोग र अन्तरमन्त्रालय समन्वयको सर्वथा अभाव छ, जसका कारण कार्यसम्पादन नै सुस्त छ । मन्त्रीस्तरमा पनि केही समस्याहरू देखिएका छन् । तिनको समयमै निदान नखोजिए स्थिति थप बिग्रनेछ । कतिपय मन्त्रीका रबैयाप्रति आम आक्रोशसमेत बढ्दै गएको अवस्था छ ।

समय छउन्जेल देश बनाउन सक्दो जोडबल लगाऔं भन्ने प्रधानमन्त्रीको नियतमा खोट नहोला । तर यस्तो भद्रगोल तालले नतिजा हासिल हुँदैन । जबसम्म हाम्रा कार्यशैलीहरू पद्धति बसाल्नेभन्दा व्यक्तिमुखी हुनेमै केन्द्रित हुन्छन्, तबसम्म यो अवस्थामा किञ्चित सुधार हुने छैन । प्रधानमन्त्रीले सोभियत संघको दृष्टान्त दिँदै त्यो किन अघि बढेन हेक्का राख्न मन्त्री र सचिवलाई सचेत गराएका छन् । उनी र सिंगो सत्तारुढ नेकपालाई इतिहासको राम्रै हेक्का होला- निश्चित व्यक्तिमा सम्पूर्ण अधिकार केन्द्रित गर्दा जनभावना सुन्ने संयन्त्र क्रमशः खिइँदै गयो । र, इतिहासको एउटा शान्त दिनमा एउटा तोप पनि नपड्काई सोभियत महाशक्ति पतन भयो ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : १२ असोज २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

## कारवा-पारवा

माओवादी द्वन्द्वका बेला भागेर विद्रोही लडाकू बनेकाहरूलाई नेपाली सेनाले धमाधम पक्रिएर कोर्टमार्सल गर्नु जायज हो । *(धमाधम कोर्टमार्सल, १२ असोज)* । नेपाली सेनाबाट भागेर माओवादी लडाकू बन्न दबाब दिने, लोभलालच देखाउने, धम्क्याउने, तर्साउने कार्य तत्कालीन माओवादी नेतृत्वले गरेकै हो ।

द्वन्द्वका बेला नेपाली सेनामा कार्यरत सैनिकलाई माओवादी लडाकू नबने घरपरिवार नै सखाप पारिदिने चेतावनी पनि दिन्थे, माओवादी । यसमा राज्य पक्षको सेनाबाट विद्रोह गरेर लडाकू बन्न बाध्य पार्ने माओवादी नेताहरू नै दोषी छन् । सेनाले कोर्टमार्सल प्रक्रिया अगाडि बढाउनु नियमसम्मत नै छ । जसले युद्धमा साथ दियो, तिनलाई परेको समस्या सल्टाउने जिम्मा मन्त्री पद सम्हालिरहेका पूर्वमाओवादी नेताहरूको हुनुपर्ने हो ।

■ **गोपाल अधिकारी**
*नीलकण्ठ नगरपालिका, धादिङ*

- सैनिक प्रवक्ताले द्वन्द्वकालमा तत्कालीन विद्रोहीसँग मिल्न पुगेका जोकसैलाई नछाडिने भनेपछि अहिलेको सैनिक नियमअनुसार कानुनका भागीदार हुने नै भए । सेनाको जागिरे छँदा विदेश गएर पढेर आएपछि सेवामा फर्किए पनि कोर्टमार्सलमा परेका रहेछन् । कानुनी हिसाबले सेनाबाट माओवादी लडाकूमा पुगेकाहरू पनि कारबाहीमा पर्ने नै भए । बरू विशिष्ट परिस्थिति भएकाले त्यसबाट निकास निकाल्न चाहने हो भने अर्को ऐन ल्याएर अहिलेको ऐनलाई विस्थापित गरे कोर्टमार्सलमा परेकाको सजाय हेरफेर हुन सक्ने पूर्वरथी बालानन्द शर्माको भनाइ रहेछ ।

■ **कविता कार्की**
*बागमती गाउँपालिका, ललितपुर*

## राजनीतिले बिगाऱ्यो

दलीय आधारमा संगठित विद्यार्थी, प्राध्यापक र कर्मचारीका संगठनकै कारण ज्ञान उत्पादनको थलो विश्वविद्यालयहरू रूग्ण भएका हुन् *(प्राज्ञिक अवसानतिर, १२ असोज)* । देश निर्माणका निम्ति दक्ष जनशक्ति उत्पादन गर्ने विश्वविद्यालय राजनीतिक दलको भर्ती केन्द्र भएपछि अवसानतिर जाने नै भए । विश्वविद्यालय पदाधिकारी राजनीतिक नेताको चाकडी गरेर उच्च पदमा पुग्ने प्रचलनका कारण पढाइको स्तर बिग्रेको हो ।

■ **सुरज केसी**
*कलंकी, काठमाडौं*

**प्रतिक्रियाका लागि**
nepalpatra@kmg.com.np
**लेख रचनाका लागि**
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

## ट्वीट

**प्राज्ञिक अवसानतिर विश्वविद्यालय**
Binod Neupane@Neupane1Binod
भागबन्डा त गरे । सन् १९९० पछि पेपर, पुस्तक जुन लेखे, त्यो पनि गैरसरकारी संस्थाको स्वार्थअनुकूल लेखेर पैसो कमाएछन् । नेपाललाई यो अवस्थामा पुऱ्याउने मुख्य स्रोतव्यक्ति यिनै हुन् । साइट पस्नुस्, प्रस्ट छ । नेपालको वास्तविक भूगोल छोपेर लेखेको भेटिन्छ ।

**सुकुलगुन्डे अर्थतन्त्र**
RatnaSansar Shrestha@rsansar
व्यापार, शोधनान्तर र चालू खाता घाटा भनेर आकलन गरिन्छ भने रेमिट्यान्स पनि खुद रेमिट्यान्सलाई आधार बनाएर अर्थतन्त्रको आकलन गरिनुपर्छ । स्मरणीय छ, ८७९ खर्ब रेमिट्यान्स नेपाल आयो भने त्यसको आधाभन्दा बढी रेमिट्यान्सको रूपमा नेपालबाट बाहिरिन्छ ।

Hari krishna shakya@Harikrishnashky
विज्ञहरूले जे-जे भन्दा पनि पत्याउँछन् भनेर त्यसरी ओकलेका होलान् । डा लोहनी पञ्चपृष्ठ भूमिका नभएको भए सायद मानिसले विश्वास गर्थे होला ।

**चोर्न लगाउने आमिर**
Pradip Nepal@PradipN01013214
सही कुरा हो । हाम्रा सिनेमाले आफ्नो मौलिकपन चिन्न सकेनन् । अरूको नक्कल गरेर त्यसको नतिजा पनि भोग्दै छन् । बुद्धि कहिले पलाउने हो ।

**क्रान्तिको अँध्यारो पाटो**
Shyam Kafle@ShyamuKafle
पुस्तक अनुभवलाई समेटिएर लेखिएको लेख निकै सान्दर्भिक लाग्यो । क्रान्तिको ऐतिहासिक क्षण र दलितका विषय सान्दर्भिक छन् ।

**आफैंसँग तर्सेका गणतन्त्रवादी**
Pragmatic@pragmaus
तपाईं मान्नुस्-नमान्नुस्, प्रदेश सरकारको एक रौं पनि औचित्य छैन । यस्ता सेता हात्ती पाल्न अब सकिँदैन । दुई तह नै उपयुक्त छ, यदि संघीयता राख्ने भए । नत्र यो संघीयता पनि जरूरी छैन । ऋण मागेर र अनावश्यक कर उठाएर यिनलाई गाडी चढाउनुपर्ने ?

## पोस्ट

**पहिले अभिनन्दन, अहिले बिलखबन्द**
Munindra Basnet
सेनाले गरेको ठीक हो । कारबाही गर्न ढिलो भयो । सरकारले खर्च गरेर तालिम, सेवा-सुविधा दिएर राष्ट्रको सुरक्षा जिम्मा दिएका व्यक्ति हतियारसहित विद्रोही शक्तिसँग मिल्न जान्छन् भने यो गम्भीर विषय हो । यो राष्ट्रद्रोहसमेत हो । सेनाले ऐन-कानुनअनुसार चल्नुपर्छ । फेरि पनि यस्ता घटना नदोहोरिऊन् र सो किसिमको परिपाटी नबसोस् भन्नलाई समेत सेना कडा रूपमा प्रस्तुत हुनैपर्छ ।

**'मलाई एक बाकस आँखा ल्याइदिन नबिसर्नु है'**
Birat Anupam
धेरै सुन्दर । तर विदेशीले पुरस्कृत गरेपछि मात्रै नेपालले देख्ने । नेपाली मिडियाले देख्ने । अनि, विदेशीले जीवनी लेखेपछि मात्रै नेपालीले लेख्ने- त्यो पनि अनुवादमा । हामी कति पछि छौं भन्ने एउटा उदाहरण रूइत बनेका छन् ।

GHORAHI CEMENT INDUSTRY
ISO 9001:2015
ISO 14001:2015
ISO 45001:2018
Certified Company
TRIVENI
A Promise for Life
सगरमाथा
सिमेन्ट
जुनी जुनीलाई...
विजया दशमी तथा दिपावलीको उपलक्ष्यमा
समस्त नेपाली दाजुभाई तथा दिदीबहिनीहरुलाई
सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
SAGARMATHA CEMENT
O.P.C
Ordinary Portland Cement.
A quality product of
GHORAHI CEMENT INDUSTRY PVT. LTD.
Laxmipur V.D.C., Dang
100% NEPALI
सगरमाथा गोल्ड
P.P.C
पोर्टल्याण्ड पोजोलाना सिमेन्ट
गुणस्तरीय उत्पादन
घोराही सिमेन्ट इन्डष्ट्री प्रा. लि.
लक्ष्मीपुर गा.वि.स., दाङ
१००% नेपाली
www.ghorahicement.com.np | www.facebook.com/ghorahi.cement

# प्रवेश

## सोझै

## साताका चर्चित

**त्रिशाग्नि शाक्य**
कार्यकारी निर्देशक, केजीएच ग्रुप

दक्षिण एसियामा पर्यटन सन्जाल विस्तारमा योगदान पुऱ्याएबापत साउथ एसिया ट्राभल्स अवार्डद्वारा ६ अवार्ड ।

**अञ्जली लामा**
मोडल

भारतमा सम्पन्न भोग ब्युटी अवार्डमा मोडल अफ द इअरको उपाधि ।

**हिक्मत घर्ती मगर**
कराँते खेलाडी

न्युयोर्कमा सम्पन्न अमेरिका कपमा दुई स्वर्ण जित्न सफल ।

**सत्यमोहन जोशी**
संस्कृतिविद्

नेपाल प्रज्ञाप्रतिष्ठानद्वारा ४ लाख राशिको पृथ्वी प्रज्ञा-पुरस्कार ।

**अजय श्रेष्ठ**
पूर्वसीइओ, बैंक अफ काठमान्डु

नक्कली जग्गाधनीपुर्जा राखेर बैंकबाट पाँच करोड रूपैयाँ कर्जा प्रवाह गरेको फेला परेपछि पक्राउ ।

PRiZMA
यो दशैँ तिहार
PRIZMA TV मा
छुटै छुट
55" UHD TV
Model: PH55C800UHD
MRP: 79,800/-
Offer Price: Rs. 65,990/-
*Condition Apply
50" UHD TV
Model: PH50C800UHD
MRP: 65,700/-
Offer Price: Rs. 54,490/-
43" UHD TV
Model: PH43C800UHD
MRP: 51,300/-
Offer Price: Rs. 42,490/-
49" Curved UHD TV
Model: U390LSC-UHD
MRP: 62,800/-
Offer Price: Rs. 52,150/-
43" CURVED FHD TV
Model: D430LSC-FHD
MRP: 49,900/-
Offer Price: Rs. 41,490/-
32" SMART HD TV
Model: D32OLS-SW-HD
MRP: 28,000/-
Offer Price: Rs. 23,250/-
32" NORMAL HD TV
Model: D32LN-NW-HD
MRP: 22,000/-
Offer Price: Rs. 18,250/-
NETFLIX
DOLBY DIGITAL
4K UHD
Google Play
QUAD CORE CPU
Android Nugget
PRiZMA
Prizma Electronics Company Pvt. Ltd.
Naya Bazar- 17, Kathmandu, Nepal
+977 9851275701, 9851275707
mail@prizmaelectronics.com
www.prizmaelectronics.com
www.facebook.com/prizmaelectronics

सुरेश किरण

# प्रचण्डको माइती

**कमरेड पुष्पकमल दाहाल उर्फ 'प्रचण्ड' हालै** आफ्नो माइती गएका रहेछन् । (माइती नेपालचाहिँ होइन नि ।) उनको माइती रहेछ, काठमाडौँ जिल्लाको कीर्तिपुर । धेरै समयपछि माइती पुगेका प्रचण्डले भावुक हुँदै भने- माइती आउँदा आनन्द आएको छ ।

माइती पुग्दा आनन्द आए पनि उनका माइती खलक अर्थात् कीर्तिपुरबासीलाई भने त्यति आनन्द आएजस्तो लागेन । किनभने कमरेड प्रचण्डलाई माइती कीर्तिपुरले हाँसीखुसी बिहेबारी गरी विधिपूर्वक अन्माएर पठाएको थिएन । उनले जुन प्रकारको बिहे रचाए, त्यो मागेर गरिएको थिएन, त्यो भागेर गरिएको बिहे थियो । मागेर गरेको बिहे भए मागी विवाह हुन्थ्यो । भागेर गरेको बिहे भएकाले त्यो भागी विवाह भयो । उनी भागी विवाह गरी कीर्तिपुरबाट भागेका थिए ।

सांस्कृतिक भाषामा त्यसलाई भागी विवाह भनिए पनि भागेर गरिने यस्तो विवाहलाई झर्रो भाषामा 'पोइल गएको' भन्ने चलन पनि छ । 'पोइल गएको' त्यति राम्रो शब्दविन्यास त होइन । तर कमरेड प्रचण्डले गरेको मोटामोटी कार्यचाहिँ पोइल जानु नै थियो । जहाँसम्म परम्परावादी नेपाली समाजमा छोरी पोइल जाने कार्य छ, त्यसले माइतीको नाकै काटियो भन्ने चलन पनि नभएको होइन । प्रचण्ड पोइल गएपछि कीर्तिपुरबासीले पनि नाकै काटिएको महसुस गरे ।

त्यसो त कीर्तिपुरबासीको नाक प्रचण्डले काट्छु भने पनि काट्न सकिने स्थिति छैन । किनभने कीर्तिपुरबासीको नाक त पृथ्वीनारायण शाहले उहिल्यै काटिसकेका थिए । अलिकति बाँकी भएको ढुटोचाहिँ प्रचण्डले काटिदिए । कीर्तिपुर छाडिसकेपछि उनी पोइल पनि एक ठाउँमा होइन, ठाउँ-ठाउँमै गइदिए । कहिले रोल्पा त कहिले नारायणघाट । अब अर्को चुनावसम्म फेरि अर्कै ठाउँ पोइल जाने हल्ला पनि छ ।

यसरी ठाउँ-कुठाउँ पोइल गइदिएपछि कुनचाहिँ माइती खुसी होला र ?

# नेकपा (सी चिनफिङवादी) !

**नेपाल कम्युनिस्ट पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबीच** हालै एउटा राजनीतिक सम्मेलन सम्पन्न भयो । सम्मेलनको विषय रहेछ, चिनियाँ राष्ट्रपति सी चिनफिङले हालै प्रतिपादन गरेको राजनीतिक सिद्धान्त । सी चिनफिङले प्रतिपादन गरेको यो राजनीतिक सिद्धान्त कति बलियो छ, नेपालजस्तो देशमा यसले कस्तो असर पार्छ, यी यावत् विषयमा व्यापक छलफल चल्यो ।

राष्ट्रपति सी चिनफिङले प्रतिपादन गरेको यो राजनीतिक सिद्धान्तलाई के भनेर सम्बोधन गर्ने ? त्यो नै अन्योलग्रस्त छ । कोही भन्छ, यो 'सी चिनफिङ विचारधारा' हो । कोही भन्छ, यो त 'सी चिनफिङवाद' हो । यदि यो राजनीतिक सिद्धान्तले भोलि साँच्चै कुनै वादको रूप लियो भने त्यसको असर नेपाल नेकपामा पर्ने सम्भावना छ । नेपाल कम्युनिस्ट पार्टीले आफ्नो नामका पछाडि 'सी चिनफिङवाद' भनेर पुच्छर जोड्ने प्रबल सम्भावना छ । त्यसपछि पार्टीको नाम हुनेछ- नेकपा (सी चिनफिङवादी) ।

पुरानो नेकपा एमाले र पुरानो नेकपा माओवादी एकीकृत भई 'नेपाल कम्युनिस्ट पार्टी' अर्थात् 'नेकपा' बनेको हो । तर पार्टी एक भए पनि राजनीतिक सिद्धान्त भने अझै एक हुन पाएको छैन । पूर्वएमालेलाई माओवादी सिद्धान्त स्वीकार्य छैन, पूर्वमाओवादीलाई मार्क्सवादी-लेनिनवादी सिद्धान्त स्वीकार्य छैन । यस्तो अवस्थामा यदि 'कुरा मिल्यो' भने दुवै पार्टीलाई 'सी चिनफिङवादी' सिद्धान्त स्वीकार्य हुन सक्छ । यदि 'कुरा मिल्यो' भने त्यसउप्रान्त पार्टीको नाम हुनेछ- 'नेकपा (सी चिनफिङवादी)' । सी चिनफिङवाद केपी ओलीलाई पनि ठीक, पुष्पकमल दाहाललाई पनि ठीक । अतः माओवाद र मार्क्सवाद-लेनिनवाद त्यागिसकेपछि खाली हुन पुगेको जुन राजनीतिक सिद्धान्त छ, त्यहाँ 'सी चिनफिङवाद' ठ्याक्कै फिट हुने देखिन्छ ।

नेकपा (सी चिनफिङवादी) जिन्दावाद !

# जब सन्ध्या हुन्छ...

[पर्सोनाज २.०]

**कुमार नगरकोटी**

**जब सन्ध्या हुन्छ, दिल मेरो घबराउँछ । जब** दिल घबराउँछ, कसैको अपहरण गर्ने रहर पलाएर आउँछ ।

म फिक्सन डिजाइनर त हुं नै, एक सोखिन किडन्यापर पनि हुं । पार्टटाइम अपहरणकारी । अपहरणकारिता मेरो गुप्त सोख हो । जब मनुष्यको फ्रग ऐतिहासिक प्रजातिबारे जान्ने इच्छा हुन्छ, तब कुनै मानवशास्त्रीलाई अपहरण गर्छु । स्त्री रोगका जटिलताबारे ज्ञान प्राप्त गर्ने लालसा जागे कुनै गाइनेकोलोजिस्टलाई किडन्याप गर्छु । कहिले जोगीलाई उठाउँछु त कहिले भिक्षुलाई । अपहरितहरूको कुरा ध्यानपूर्वक सुन्छु । मनमा गुन्छु । र, आख्यानका नयां-नयां प्लट बुन्छु । तिनलाई कथा, नाटक र उपन्यासमा उन्छु । चिन्तक चित्रकार, समाजशास्त्री, इतिहासकार, पुरातत्त्वविद्, फोटोग्राफर आदिलाई विनम्रतापूर्वक अपहरण गरेको छु । आफ्नो अपार्टमेन्टमा उनीहरूकै रूचिअनुसारका पेय-परिकार सर्भ गर्दै बातचित गरेको छु ।

उनीहरूसित म शिष्ट व्यवहार गर्छु । यद्यपि उनीहरू अड्बांगिए म पनि अडबांगिन्छु । कनपट्टीमा पिस्तोल तेर्साउँदै भन्छु, 'उस्तादज्यू, बेकारमा किन ज्यान जोखिममा पार्नुहुन्छ ? तपाई मेरो कब्जामा हुनुहुन्छ । कृपया, खुरूखुरू राग भैरवी र राग मल्हारबारे विस्तृतमा जानकारी दिनुस् । किनकि मलाई म्युजिकल प्ले लेख्नु छ । प्लेमा शास्त्रीय संगीतको डिटेलिङ गर्नु छ । अन्यथा गोली खान तयार हुनुस् ।'

पोलिटिकल थ्रिलरका निम्ति एक दिन पोलिटिकल क्रियचरको अपहरण गर्नुपर्ने भयो । मेरो दुर्भाग्य हेर्नुस्, अपहरित व्यक्ति कुनै कम्युनिस्ट पार्टीको प्रवक्ता परेछ । तपाई आराम हुनुहन्छ भनी सोधिएको प्रश्नमा निजले मलाई डेढ घन्टाको अत्यासलाग्दो व्याख्यान दिंदै अन्त्यमा भन्यो, 'आरामको रूप र सारलाई ऐतिहासिक द्वन्द्वात्मक मौलिकताको दृष्टिबिन्दुबाट नियाली हेर्दा हामी के कुराको अनुमानित निष्कर्षमा पुग्न सक्छौं भने म आधा आराम छु, आधा विराम छु ।' रातभर ननस्टप बोलेर उसले मलाई नवमार्क्सवादलगायत अनेक अजिबोगरिब शब्दावलीको भँवरजालमा यसरी अल्भ्काइदियो कि मस्तिष्क पीडा कम गर्न पेनकिलरका चक्की नै खानुपर्‍यो । भाले डाकमा मैले निजको चरण स्पर्श गर्दै भनें, 'हजुरलाई अपहरण गरेर मैले महाभूल गरेछु । माफ गरिबक्सियोस् । बिन्ती छ, अब चुप लागिबक्सियोस् ।'

एक दिन टीभी हेर्दै थिएं । कुनै सांगीतिक कार्यक्रममा योगेश्वर अमात्यको अन्तर्वार्ता प्रसारण भइरहेको थियो । मिस्टर अमात्यले भने, 'म गायक होइन, गाइने हुं । मलाई गाइने भनियोस् ।' यिनै गाइनेलाई अपहरण गर्नुपर्‍यो, सोचें ।

म यी गाइनेको गाउने शैलीको घनघोर प्रशंसक हुं । जसै गीत गाउन स्टेज चढ्छन्, आफ्नो तिलस्मी अदा, हाउभाउ र अन्दाजले दर्शकलाई मन्त्रमुग्ध पार्छन् । गीत चाहे 'लैजा चरी' होस् या 'क्या बोर भयो' जब गाउँछन्, यस्तो लाग्छ- यिनी ग्रेभडिगर हुन्, जो मेरो मनको चिहानमा निदाएकी प्रेयसीको लास उत्खनन गर्न तम्तयार छन् ।

ती दिनहरूमा म *नेपाल* म्यागजिनमा पर्सोनाज नामक स्तम्भमा विभिन्न पात्रबारे क्याजुअल चर्चा गर्थें । पर्सोनाजको अन्तिम पात्र मैले गायक माफ गर्नुस्, गाइनेलाई बनाउने अठोट गरें । जुन दिन मैले योगेश्वरलाई अपहरण गरें, त्यो दिन उनी माइतीघर मण्डलामा आयोजित एक विरोध कार्यक्रममा प्रहरीलाई गुलाफ बाँडिरहेका थिए । मलाई पनि उनले गुलाफ दिए । मैले चाहिं उनलाई गन देखाएं ।

रातो फूलबाट अनौठो प्रकारको सुगन्ध आइरहेको थियो, सुघें । र, अचेत भइगएं । ब्युँझँदा सोफामा आमनेसामने रहेछौं, बीचमा कफी टेबल । टेबलमा ब्ल्याक कफी र ब्ल्याक लेबल । गुलाफ र *मिस्टिका* । मिस्टर अमात्यको हातमा पिस्तोल थियो । ह्विस्कीको एक चुस्की लिंदै उनले भने, 'मिस्टर नगरकोटी, कफीको मजा लिनुस् । तपाई अपहरणमा पर्नुभएको छ । तर चिन्ता नगर्नुस् । फिल कम्फर्टेबल । म साहित्य रूचाउने गाइने हुं । साहित्य बुझ्छु । तर मैले तपाईंले लेखेको साहित्य भने कहिल्यै बुझ्न सकिनं । तपाईंको *मिस्टिका* पढ्न खोजेको, छेउटुप्पा केही पहिल्याउन सकिनं ।'

म : यो तपाईंको समस्या हो ।

गाइने : मेरो समस्या ? तपाईंको साहित्य नबुझ्नु मेरो समस्या हो ?

म : यस् अफकोर्स । तपाईंको समस्या हो ।

गाइने : मलाई त के लाग्छ भने तपाई नै बरू नेपाली साहित्यको समस्या हो ।

उनले मलाई *मिस्टिका* उठाएर दिए र पढेर बुझाउन भने । कन्चटमा पेस्तोल तेर्स्याए । म गन-प्वाइन्टमा उपन्यास पढ्न थालें । उनी छटपटाउन थाले । औपन्यासिक यातनाले उनको मुहारमा पसिना-दाना उम्रिए । यस्तैमा उनले ट्रिगर दबाए । गोलीको आवाजसितै म ढलें । त्यही सन्ध्यामा मेरो मृत्यु भयो । अज्ञात भूगृहमुनि म पुरिएं । अपितु जब सन्ध्या हुन्छ, दिल मेरो घबराउँछ । जब दिल घबराउँछ, कसैको अपहरण गर्ने रहर पलाएर आउँछ । ने

# चमेरोको चोरीसिकार

**मैत्या घर्ती मगर**

स्तनधारी प्राणी चमेरासँग उड्नका लागि छालाले बनेको पँखेटा हुन्छ। त्यसैले यसलाई 'काइरोप्टेरा' नामक स्तनधारीको फरक वर्गमा राखिएको छ। हाल विश्वमा करिब १२ सय प्रजातिका चमेरा छन्। यीमध्ये नेपालमा ५३ प्रजातिका चमेरा रहेको अनुमान छ। चमेरो पनि मांसाहारी र शाकाहारी दुई थरीका हुन्छन्। यो रात परेपछि मात्र सक्रिय हुन्छ। पखेटालाई बिर्सेर झट्ट हेर्दा यो मुसाजस्तो देखिन्छ। वदुरा नामको नेपालमा पाइने सबभन्दा ठूलो जातको चमेरो दिनमा रुखका हाँगामा झुन्डिएर बस्ने गर्छ भने राती आहाराका लागि यत्रतत्र झुन्ड बनाएर उड्ने गर्छ। तर पुथा उत्तरगंगा गाउँपालिका, रुकुमका ओडारमा भने सानो जातका चमेरा मात्र पाइन्छन्।

मुस्किलले ३ सय ग्रामसम्मको हुने यो चमेरोलाई स्थानीय औषधीका लागि सिकार गर्छन्। ओडारमा लुकेर बस्ने यसलाई सिकार गर्न पनि स्थानीय झाँक्रीको सल्लाहअनुसार मंगलबारको दिन पारेर सुटुक्क ओडार पुग्छन्। मंगलबार समातेको चमेरोबाट मात्र औषधोपचार हुने यहाँको विश्वास छ। औषधीका लागि सिकार गरिएको चमेरोलाई तोरीको तेलमा डुबाएर राखिन्छ। लामो समयदेखि निको नभएको घाउ, खटिरा र दुखाइमा यसलाई डुबाएको तोरीको तेलले मालिस गर्दा निको हुने यहाँका बासिन्दाको विश्वास छ। ने

DishHome FUND TRANSFER बाट ३, ६ र १२ महिनाको रिचार्जमा भारी छुट । साथमा ३ महिनाको रिचार्जमा १ महिना, ६ महिनाको रिचार्जमा २ महिना र वार्षिक रिचार्जमा ४ महिनाको लागि कुनै पनि ADD-ON PACKAGE FREE मा पाउनुहोस् ।

**छुट सहितको वार्षिक RECHARGE**

| BASIC | MEDIUM | BASIC PLUS | MEDIUM PLUS | SUPER HD | PREMIUM HD | LIFESTYLES HD |
|---|---|---|---|---|---|---|
| ~~RS.4200~~ | ~~RS.4800~~ | ~~RS.5100~~ | ~~RS.5700~~ | ~~RS.6000~~ | ~~RS.7200~~ | ~~RS.8400~~ |
| RS.3600 | RS.4200 | RS.4500 | RS.4998 | RS.4999 | RS.5799 | RS.6800 |

**FREE मा छान्न पाइने ADD-ON प्याकेजहरू**

PLUS PACKAGE ADD-ON • ENTERTAINMENT HD ADD-ON • SPORTS & INFOTAINMENT HD ADD-ON • HBO HD ADD-ON • SD PACKAGE ADD-ON

*शर्तहरु लागू हुनेछन् । यो योजना सीमित अवधिको लागि मात्र लागू गरिएको छ ।

DishHome CONNECTION @ Rs. 2999/- only

जडानका लागि MISS CALL दिनुहोस् 9802088999

वा नजिकको डिलरमा सम्पर्क गर्नुहोस्

**FUND TRANSFER सेवा**

DishHome को आधिकारिक बिक्रेताहरूमा उपलब्ध छ ।
www.dishhome.com.np/dealer

**ग्राहक सेवा केन्द्र:**
NTC तथा नमस्ते प्रयोगकर्ताहरूका लागि टोल फ्रि नं: १६६० ०१ २२०००
Ncell तथा CDMA प्रयोगकर्ताहरूका लागि ०१-४२१७६६६

DishHome True HD
खुसी ON गरौं!

# हिमाली स्याउको मार्फा ब्रान्ड

जुम्ला, रसुवा, सिन्धुपाल्चोक, मुस्ताङ, मनाङलगायत स्थानमा स्याउ खेतीको फैलावट एकैचोटि भएको होइन । ०२६/२७ सालतिर स्थानीयलाई आत्मनिर्भर बनाउन तिब्बत छुने सबै दुर्गम जिल्लामा स्याउ खेती सुरू गरियो ।

ताम्ला उक्याब

त्यतिबेला नेपालका पीएचडीवाला अर्थविद्ले दुर्गम क्षेत्रमा स्याउ खेती उपयुक्त नहुने र संरक्षण पनि गर्न नसकिने सुझाएका थिए । तर दुर्गम क्षेत्र विकास समितिका अध्यक्ष सुरेन्द्रबहादुर शाहको जोडबलमै लाखौं स्याउका बिरूवा निःशुल्क वितरण गरियो ।

भारतीय चेकपोस्ट रहेको समय भारतीयकै सहयोगमा चलिरहेको समितिले हिमाञ्चल प्रदेश र कश्मीरबाट स्याउ बिरूवा ल्याएको थियो । बिरूवा वितरणपछि बागवानी विकास केन्द्रलाई संरक्षणको जिम्मा दिइयो ।

तत्कालीन समय भारतीय स्याउको धेरथोर प्रचलन हुन्थ्यो । राजा महेन्द्रले नेपाललाई फलफूलमा आत्मनिर्भर बनाउने सोचले दुर्गम क्षेत्रमा स्याउ खेती सुरू गरेका हुन् भनिन्थ्यो । त्यतिबेलाको सरकारले हिमाली क्षेत्रमा कम अन्न उत्पादन हुने हुँदा स्याउ खेतीलाई प्रोत्साहन गर्ने नीति लिएको थियो । राजा वीरेन्द्रले पश्चिमाञ्चल विकास क्षेत्र भ्रमणमा मार्फालाई कहिल्यै छुटाएनन् ।

नेपालमा स्याउको वाइन उत्पादन कसरी थालियो भन्ने रोचक प्रसंग छ । ०२७ सालतिर राजा महेन्द्र बेलायत गएका थिए । उनी बेलायतबाट अमेरिका र फ्रान्स पनि गए । फ्रान्समा त्यतिबेला नेपालको दूतावास थिएन । त्यहाँ भिटी कल्चरिस्ट (फलफूलबाट रक्सी बनाउने) विषय अध्ययन गरिरहेका सोलुका पासाङ शेर्पा राजालाई स्वागत गर्न विमानस्थल पुगेछन् । राजाले के गर्दै छौ भनेर सोधेछन् । त्यसपछि शेर्पाले भिटी कल्चरिस्ट अध्ययन गरिरहेको बताए । फ्रान्सको वाइन विश्वविख्यात छ ।




राजा महेन्द्र दूरदर्शी थिए । शेर्पालाई नेपाल फर्किएर दुर्गम क्षेत्रमा स्याउ खेती गर्न सुझाएछन् । राजा फ्रान्सबाट अमेरिका उडे, शेर्पाचाहिं नेपाल हान्निए । काठमाडौं ओर्लिएपछि शेर्पाले दुर्गम क्षेत्र विकास समितिको कार्यालय सिंहदबार आएर राजासँगको कुराकानीबारे हामीलाई जानकारी गराए ।

शेर्पालाई अध्यक्ष शाहले तुरुन्तै समितिमा अस्थायी जागिर दिए । उनले आफ्नो कार्यक्षेत्र मुस्ताङको मार्फालाई छानेर त्यहाँ स्याउ खेती गर्ने मनसाय राखे । शेर्पाको पहलले सुरू भएको स्याउबाट वाइन बनेपछि नै अहिले मार्फा ब्रान्ड विश्वव्यापी हुन पुगेको छ । मुस्ताङमा घरघरै स्याउको वाइन बनाउन थालिएको छ । काठमाडौं, पोखरालगायतका सहर र विदेशमा समेत मार्फा ब्रान्डका वाइन बिक्री हुन सकेका छन् ।

दुर्गम क्षेत्रमा जाँडरक्सी बनाउन प्रयोग गरिने खाद्यान्न बचाउने सोचसहित स्याउबाट वाइन उत्पादन गर्ने सरकारी नीति थियो, त्यतिबेला । विश्व बैंकका तत्कालीन अध्यक्ष रवर्ड म्याकनामाराको समय शेर्पालाई 'इन्टरनेसनल मोडल फार्मर' भनेर विश्वव्यापी भ्रमणसमेत गराइएको थियो ।

समितिको पहलमै त्यतिबेलाको तिब्रीकोट (हाल जुम्ला) को गोठीचौरमा भेडापालन सुरू भयो । पहिलोपल्ट अस्ट्रेलियाबाट पोल वर्थ र मेडिनो जातका भेडा ल्याइयो । कुनै बेला नेपालको निर्यातमा मुख्य हिस्सा ओगटेको गलैंचाका लागि ऊन उत्पादन गर्नु यसको लक्ष्य थियो । किनभने नेपालका गलैंचा उद्योगले न्युजिल्यान्ड र अस्ट्रेलियाबाट भेडाको ऊन आयात गर्थे ।

सरकारकै व्यवस्थापन रहने गरी सोलुखुम्बुको खुम्बु र डोल्पाको बलांग्रे लेकमा याक फार्म स्थापना भयो । रसुवाको लाङटाङमा घोडापालन सुरू गरियो । घोडापालनको अर्थ पनि रणनीतिक नै थियो । किनभने उबेला नेपालका बहुसंख्यक सदरमुकाममा मोटरबाटो पुगेको थिएन । मोटर नपुगेका प्रत्येक जिल्ला पञ्चायत र सीडीओ कार्यालयमा घोडा राखिन्थे । ती घोडालाई जिल्लाका उच्चपदस्थ सरकारी अधिकारीले सवारीका रूपमा प्रयोग गर्थे ।

बझाङको उत्तरी भेगमा सरकारी स्तरमा पहिलोपल्ट मौरीपालन सुरू भयो । सिन्धुपाल्चोकको हेलम्बु, मुस्ताङको मार्फा, जुम्ला, मुगुलगायतका स्थानमा स्याउ खेती सुरू गरियो । हिमाली क्षेत्रमा सुरू गरिएका परियोजनामा पहिले समितिको संयोजन रहे पनि पछि सरकारकै सम्बन्धित निकायले त्यसको जिम्मा लिए ।

नेपालमा पहाडी क्षेत्र अन्यत्र भए पनि दुर्गमलाई फोकस गर्नुको कारणचाहिं त्यहाँ अन्नबालीभन्दा फलफूलका लागि उपयुक्त मौसम र माटो थियो । नेपालमा आधुनिक कृषि उपज उत्पादन गरी परनिर्भरता हटाउनु त्यसको उद्देश्य थियो । विगतका शासक-प्रशासकले दूरदृष्टि राखेर मुलुकका विभिन्न र खासगरी अन्तर्राष्ट्रिय दोसाँधका बासिन्दालाई राष्ट्र निर्माणमा सहभागी बनाउने परिकल्पना गरेर परियोजना कार्यान्वयनमा संस्थाहरू निर्माण गरेका थिए । ०४६ सालपछि ती संस्थाहरू धराशयी हुँदै गए ।

**प्रस्तुति : गोकुल अर्याल**

SAMSUNG
सामसङ आयो खुसी छायो
सामसङका टिभि, फ्रिज र वासिङ्ग मेसिनहरु
आकर्षक FESTIVE PRICE मा खरिद गरी
यो महान् चाडलाई अझ खुसीमय बनाउनुहोस्।
ATTRACTIVE FESTIVE PRICE
2 YEARS WARRANTY ON TV^
10 YEARS WARRANTY ON DIT~
Installation FREE* On All Appliances
EASY EMI SERVICE#
SAMSUNG DIGITAL PLAZAS
Durbarmarg: 4230382/4230378 | Civil Mall: 4252281 | New Baneshwor: 4781911 | Chuchepati: 4493388 | Nayabazar: 4383500
Bhaktapur: 6619102 | Pulchowk: 5555686 | Kumaripati: 5553742/5008676 | Pokhara: 061-532187/532734 | Narayanghat: 056-571491
Butwal: 9857016099 | Nepalgunj: 081-411066 | Dharan: 9842025187 | Birtamode: 023-543301
BIG DIGITAL
UWTC: 9849714985, 01-4117164
Samsung Customer Care Center
NTC user : 166001-72667
Ncell user : 98015-72667
Authorized Distributor of Samsung Consumer Electronics for Nepal
HIM ELECTRONICS PRIVATE LIMITED
triveni byapar
*सर्त तथा नियमहरु लागू हुनेछन्। विस्तृत जानकारीको लागि नजिकैको आधिकारिक बिक्रेताकोमा सम्पर्क गर्नुहोला। ^टि.भि. मा १ वर्षको Full Product वारेन्टी तथा Panel मा अतिरिक्त १ वर्षको थप वारेन्टी प्रदान गरिएको छ। ~DIT Compressor (Ref र AC) र DIT Motor (Washing Machine) मा १० वर्षको वारेन्टी रहेको छ। *निश्चित घरायसी सामानहरुलाई नि:शुल्क जडान गरिनेछ। #EMI सुविधा निश्चित आउटलेटहरुमा मात्र उपलब्ध रहेको छ। यो योजना सामसङका निश्चित इलेक्ट्रोनिक्स सामानहरुमा आश्विन १ गते, २०७६ देखि कार्तिक २९ गते, २०७६ सम्म मात्र लागू हुनेछ। प्रस्तुत गरिएको यो योजना हिम इलेक्ट्रोनिक्स तथा त्रिवेणी व्यापारद्वारा आ-आफ्नै निर्णयद्वारा प्रदान गरिएको हो। साथै सम्पूर्ण दावी/दायित्व हिम इलेक्ट्रोनिक्स तथा त्रिवेणी व्यापारमा निहीत रहने छ। यो योजना विनासूचना परिवर्तन एवं संशोधन गर्न सकिने छ। यहाँ देखाइएका तस्वीरहरु वास्तविक उत्पादनसँग मेल नखान पनि सक्छन्।

# 'संघीयताप्रति सरकार इमानदार छैन'

गिरिजाप्रसाद कोइरालाले मध्यावधि निर्वाचन (०५१) गराएपछि नेपाली राजनीतिले के मोड लियो भनेर कसैले पनि लेख्ने हिम्मत नगरेकामा आक्रोशित सुनिन्छन्, कांग्रेस उपसभापति **विमलेन्द्र निधि** । त्यसबेला कोइरालाले मध्यावधि निर्वाचन गराउनु ऐतिहासिक भुल भएको उनको दाबी छ । भन्छन्, "गिरिजाबाबुले गरेको त्यो ऐतिहासिक भुलबारे तथ्य खोज्नुपर्छ । अहिलेको पुस्ताले नखोजे त्यसपछिकाले खोज्छ-खोज्छ ।" निधिसँग **सन्तोष आचार्य**का प्रश्न :

**संविधान दिवसका बेला फेरि यसमा संशोधनको कुरा सुनियो नि ?**

संविधान संशोधन गर्न हामी प्रतिबद्ध छौँ । मधेससँग कांग्रेसको सम्बन्ध धेरै पुरानो छ । हामीले स्वीकारेका छौँ कि मधेसी र जनजाति धेरै पहिलेदेखि नै शासन प्रणालीमा उपेक्षित छन् । जुन तहसम्म उपेक्षित छन्, त्यो हदसम्म शासन प्रणालीको मूलधारमा उनीहरूलाई ल्याउनुपर्छ, संविधानमार्फत तिनको माग सम्बोधन गर्नुपर्छ । यसैले हामीले एकातिर संविधान दिवस मनाउँदै आएका छौँ भने अर्कोतिर यो संविधानले छुटाएका विषय सम्बोधन गर्नुपर्छ भनेर आवाज पनि उठाउँछौँ ।

**संघीय प्रणालीमै प्रधानमन्त्री केपी ओलीको अरुचि देखिन्छ भन्ने तपाईंहरूको दाबी छ । यस्तो हो भने झन् कसरी संविधान संशोधन होला ?**

यसैले त समस्या आएका छन् । हामीले संघीय, समावेशी, गणतन्त्रात्मक, लोकतान्त्रिक मिश्रित निर्वाचन प्रणाली अपनाएका छौँ । नेकपाले यही प्रणालीअन्तर्गत दुई तिहाइ मतसहित सरकार बनाएको हो । ओलीजी पनि यही प्रणालीअन्तर्गतै प्रधानमन्त्री बन्नुभएको हो । उहाँले पटक-पटक संघीयता 'मेरो मान्यता होइन' भन्दै आउनुभएको छ । यसलाई लुकाउनुभएको छैन । यो मामिलामा म उहाँलाई इमानदार पनि भन्छु ।

**प्रधानमन्त्रीकै कारण संघीय प्रणालीले गति लिन नसकेको हो ?**

जसले यो प्रणालीमै विश्वास गर्दैन, उही 'ड्राइभिङ सिट' मा बसेको छ भने यो अगाडि बढ्दैन, कार्यान्वयन हुँदैन भन्ने त घामजत्तिकै छर्लंग छ । अहिले संघीय सिद्धान्तअनुरूप राज्य संरचनाले काम गरिरहेको छैन । नेपालको संविधानका विभिन्न धारा र अनुसूचीमा पनि प्रस्टसँग संघीय प्रणालीबारे लेखिएकै छ । संविधान र राज्यको पुनर्संरचना आफैँमा पूर्ण छ भनेर भन्दिनँ । तर अहिले जे व्यवस्था संविधानमा गरिएको छ, त्यसको समेत कार्यान्वयन हुन सकेको छैन ।

**ओली सरकारको रुचि केन्द्रीकृत प्रणालीतिर बढी देखिएको हो ?**

जनवादी केन्द्रीयता कम्युनिस्टहरूको मूल मान्यतै हो । ऊ सबै अधिकार

केन्द्रमा राख्ने प्रणालीमा विश्वास गर्छ। त्यही मानसिकता लिएर यो सरकारले काम गरिरहेको छ। प्रदेशको त कुरा छाडौं, संघमा पनि विभिन्न निकायको अधिकार खोसेर प्रधानमन्त्री कार्यालयमा ल्याउने काम भइरहेको छ। प्रदेशहरूसँग डाह गरेको देखिन्छ। स्थानीय तहको हकमा पनि त्यही भइरहेको छ। हामी जे भन्छौं, त्यही हुनुपर्छ भन्ने शैलीले नियन्त्रण गर्न खोजिएको छ। सरकार संघीय प्रणालीप्रति इमानदार छैन। सरकारले संसद्मा ल्याएका जुनसुकै विधेयक पनि संघीय सिद्धान्तको प्रतिकूल गएका छन्। संविधानमा भएको व्यवस्था र प्रावधानविरुद्ध गएका छन्। हामीले परिवर्तन गरेर ल्याएको ऐतिहासिक राज्य पुनर्संरचनालाई सम्वर्द्धन गर्ने काम यो सरकारले गरिरहेको छैन। राजनीतिक रूपमा पहिले गर्नुपर्ने काम त यो सरकारले गरिरहेको छैन भने उसले सुख, शान्ति र समृद्धि भन्नु बेकार हो।

**वैवाहिक अंगीकृत नागरिकका सम्बन्धमा कांग्रेस किन अन्तरिम संविधान, ०६३ मै फर्कियो ?**

कांग्रेस फर्केको छैन। वर्तमानलाई नै निरन्तरता दिनुपर्छ भन्ने मान्यता हो। वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्ने प्रावधान पञ्चायतकालमा पनि थियो। विदेशी महिलाले नेपाली पुरुषसँग विवाह गर्नासाथ विवाह प्रमाणपत्र र आफ्नो पूर्वनागरिकता त्याग्ने कारबाही गरेको निस्सा पेस गरेपछि नागरिकता प्रावधान आएको हो। त्यो पनि हामीले लडेर ल्याएका थियौं, त्यतिबेला। वैवाहिक सम्बन्धलाई हल्कासँग लिनु हुँदैन। बिहान एउटा टेम्पो समात्यो, बेलुकी अर्को टेम्पो समातेर जाने र फर्किने प्रणाली होइन। मानव सभ्यताको विकासमा विवाह सबैभन्दा महत्त्वपूर्ण संस्था हो। यो संस्था कुनै राज्यभन्दा कम बलियो होइन।

**नागरिकताजस्तो संवेदनशील विषयमा तपाईंहरूको अडानले राष्ट्रियता कमजोर हुन्छ कि भन्ने आशंका गरिँदै छ नि ?**

यो सिद्धान्त र परिभाषा नबुझ्नेले बिहे गर्नेबित्तिकै नागरिकता पाउनु हुँदैन भन्दै छन्। वैवाहिक सम्बन्ध पनि राष्ट्रियता र देशभक्तिसित जोडिएको छ। वंशसँग जोडिएको छ। भौतिकवाद र विज्ञानमा विश्वास गर्नेहरूलाई भन्न चाहन्छु, विवाह भनेको वंशको पहिलो सर्त हो। यदि कम्युनिस्ट साथीहरूले यो कुरा बुझ्नुभयो भने सिन्दुर र नागरिकताको सम्बन्ध बुझ्नुहुन्छ। उहाँहरू राष्ट्रियताको कुरा गर्नुहुन्छ। यो कुनै एउटा जातिविशेष वा समुदाय मात्रको पनि होइन। राष्ट्रियता भनेको सबै जनताको सामूहिक भावना हो। कम्युनिस्टहरूले हामीलाई राष्ट्रियताको पाठ पढाउनु पर्दैन। किनभने उनीहरू कहिल्यै पनि राष्ट्रवादी हुँदैनन्।

**नागरिकताको सन्दर्भमा बेलाबेला किन अनुदारवाद हाबी हुन्छ ?**

हामीकहाँ वर्चस्ववादको मनोविज्ञान बढी छ। अर्को यो विषयमा अज्ञानता पनि उत्तिकै छ। कम्युनिस्टहरूमा मधेसका जनतामा देशभक्ति नै छैन भन्ने मनोविज्ञान छ। मधेसी भारतीय हुन्, विदेशी हुन् भन्ने केहीलाई लागेको छ। यो देशको सबैभन्दा खतरनाक मनोविज्ञान नै यही हो।

**प्रमुख प्रतिपक्षी के एजेन्डाविहीन भएकै हो ? किनभने आफैँले ल्याएको धर्म निरपेक्षको खिलाप गएर हिन्दु राष्ट्रको मुद्दा स्थापित गर्ने प्रयास प्रारम्भ भएको देखिन्छ। वास्तविकता के हो ?**

यो संविधानको मस्यौदा गर्ने बेलादेखि हाम्रो पार्टीको हरेक तहको बैठकमा जुन निर्णय भएका छन्, त्यही नै कांग्रेसको आधिकारिक लाइन हो। यो संविधान कांग्रेसकै नेतृत्वमा निर्माण भएको हो। संविधानको आधारभूत तत्त्वमा राष्ट्रियता, लोकतन्त्र, समाजवाद, गणतन्त्र, संघीयता, समावेशीता, मिश्रित निर्वाचन, धर्म निरपेक्षता र अहिंसा तथा शान्ति पर्छन्। कांग्रेसले आफ्नै नेतृत्वमा गरेको राज्यको पुनर्संरचना र शासन प्रणालीमा जुन आधारभूत तत्त्व छ, त्यही नै पार्टीको आधिकारिक धारणा हो। धर्मका आधारमा राजनीति गर्नु हुँदैन भनेर बीपी कोइरालाले लेख्नु नै भएको छ। नेपाललाई हिन्दु राज्य भन्नु बेइमानी हो भनेर बीपीले पटक-पटक भन्नुभएकै छ। धार्मिक स्वतन्त्रता वा धर्म निरपेक्षताको पक्षमा हुनुहुन्थ्यो, बीपी। यी दुवै कुरा एकै हुन्। सर्वधर्म समभाव अर्थात् सबै धर्मलाई सम्मान गर्ने हो। कसैले धार्मिक स्वतन्त्रताको कुरा गर्छ भने त्यसमा हामीलाई आपत्ति छैन।

**कांग्रेस वैचारिक रूपमा अलि ढुलमुल भएको हो वा जनता तथा कार्यकर्ता तहमा बुझाउन नसकेको ?**

वैचारिक रूपमा कांग्रेस प्रस्ट छ। मैले जुन ९ वटा आधारभूत तत्त्वबारे कुरा गरेँ, त्यसमा कांग्रेसभित्र कुनै अलमल छैन। तर कार्यकर्ता तथा सदस्यका बीचमा जति प्रस्टसँग बुझाउनुपर्ने हो, त्यो हामीले नसकेकै हो। केन्द्रीय समितिका सदस्यदेखि महाधिवेशन प्रतिनिधि, जिल्ला, गाउँ र आम जनताको तहमा पनि बुझाउन सकिएको छैन।

**गुट व्यवस्थापन हुन नसक्नुमा वैचारिक अलमल हो कि ?**

कुनै पनि राजनीतिक दलभित्रको गुट-उपगुटको न्यूनीकरण वैचारिक आधारमा व्यवस्थापन गर्न सकिन्छ। व्यक्तिलाई होइन, नीति, कार्यक्रम, सिद्धान्त र विचारलाई प्राथमिकता दिने हो भने गुट-उपगुट न्यून हुन्छ। यसले दुष्परिणाम ल्याउँदैन। कांग्रेसभित्र दुई-तीन गुट छन्। त्यसभित्र पनि उपगुट छन्। हिन्दु राष्ट्रको कुरा पनि त्यहीबाट आएको हो, धर्म निरपेक्षताको कुरा पनि त्यहीँ छ। यसैले वैचारिक रूपमा स्पष्ट हुनु जरुरी छ।

**कांग्रेसभित्रको अन्तर्घात आम जानकारीमै छ। गुट व्यवस्थापनमा नेतृत्व चुकेकै कारण यो समस्या देखिएको हो ?**

कांग्रेसभित्र गुटसँग जोडिएको विषय अन्तर्घात हो। कांग्रेसको चुनाव चिह्न रूख र झन्डा चारतारे हो। यो झन्डाप्रति कसैको बेइमानी देखिएको छैन। तर मर्ने बेला पार्टीले चारतारे झन्डा ओढ्याइदिए हुन्थ्यो भन्नेहरूले जिउँदो हुँदा रूख छापमा मत नदिने प्रवृत्ति छ। रूख छापमा मत नदिनु अन्तर्घात हो। चारतारे झन्डा ओढ्ने तर रूख छापमा मत नदिनु नै अन्तर्घात हो। ने

तस्बिर/भिडियो : सरोज बैजु

# नेपालको रणनीतिक परीक्षा

गिर्दो अमेरिकी प्रभुत्व, चीनको बलशाली उदय र विश्व व्यवस्थामा चीनको आक्रामक हस्तक्षेपका कारण विश्व व्यवस्था अनिश्चियको नयाँ चरणमा प्रवेश गरेको छ। त्यसो त अहिले विश्व शीतयुद्धकालजस्तो विचाराधारात्मक विभाजनमा छैन। चार दशकसम्म एकल प्रभुत्व कायम गर्दै आएको अमेरिकालाई चीनले संस्थागत चुनौती दिने हैसियत विकास गरेको छ। चीनको नेतृत्वमा स्थापित एससीओ, एआईआईबी, बीआरआईलगायत गैरपश्चिमी आर्थिक एवं सामरिक संरचनाका माध्यमद्वारा विश्वसँग विस्तारित सघन सहकार्यको अन्तर्यमा शीतयुद्धताकाजस्तो विचाराधारात्मक विस्तार नभई वैकल्पिक विश्व व्यवस्था स्थापना गर्ने ध्येयमा केन्द्रित देखिन्छ। आर्थिक साझेदारी र कनेक्टिभिटीको सारसहितको बीआरआईमार्फत चीन विश्वव्यापी प्रभाव विस्तार गर्न लागिपरेको छ। अर्कोतर्फ, अमेरिकाले गुम्दो प्रभुत्व पुन: प्राप्तिका लागि सामरिक अन्तर्वस्तुसहित इन्डो-प्यासिफिक रणनीति अगाडि सारेको छ।

विश्व राजनीतिमा आएको शक्ति सन्तुलनको फेरबदलको प्रभाव दक्षिण एसियामा पनि देखिन थालेको छ। दक्षिण एसियामा कायम चीन र भारतबीचको प्रतिस्पर्धामा इन्डो-प्यासिफिकका माध्यमबाट विस्तारित अमेरिकी उपस्थितिले शक्तिराष्ट्रबीचको रणनीतिक प्रतिस्पर्धामा नयाँ आयाम थपिएको छ। पछिल्लो दशकमा अमेरिकासँग रणनीतिक साझेदारीको सम्बन्ध विकास भएसँगै भारतको अन्तर्राष्ट्रिय हैसियत र सामर्थ्य थप विकास भएको छ।

तर 'डोक्लम प्रकरण' र त्यसपछि मञ्चन भएको 'उहान भेट' ले चीन-भारत सम्बन्ध मात्र नभई सिंगो दक्षिण एसियाको शक्ति सन्तुलनमा फेरबदल पैदा गरिदियो। दक्षिण एसियामा चीनको उपस्थितिलाई केही हदसम्म स्वीकारेको भारतका लागि इन्डो-प्यासिफिकका माध्यमबाट अमेरिकी स्वार्थले उसको भूमिकालाई दक्षिण एसियामा थप संकुचन गर्ने त होइन भन्ने संशय देखिन्छ। भारतीय रणनीतिक समुदाय आगामी दिन थप चनाखो हुने अनुमान गर्न सकिन्छ।

बदलिँदो अन्तर्राष्ट्रिय परिस्थिति र राष्ट्रिय आवश्यकताका आधारमा नेपालको विदेश नीतिलाई समयानुकूल परिमार्जित बनाउँदै लैजान आवश्यक हुन्छ। शक्तिराष्ट्रबीच बढ्दो रणनीतिक प्रतिस्पर्धाबीच नेपालले आफ्नो 'स्ट्राटेजिक अटोनमी' को खोजी र छिमेकी नीतिको थप व्याख्या गर्नु आजको विदेश नीतिको मूल अभिभारा हुन जान्छ।

रूपक सापकोटा

### छिमेक नीतिको विनिर्माण

स्वतन्त्र विदेश नीतिका आधारमा नेपालले निकटतम छिमेकीहरूसँग समदूरी सम्बन्धको अभ्यास गर्दै आएको छ। पछिल्लो समय छिमेकसँगको सम्बन्धमा समनिकटताको नीति लिनु उपयुक्त हुन्छ भन्ने तर्क बलशाली हुन थालेको छ। यदाकदा भारतसँगको विशेष सम्बन्ध अथवा भारत प्रथम नीति अख्तियार गर्नुपर्ने नीतिको पनि व्याख्या हुने गरेको पाइन्छ। एउटा अमूक छिमेकीसँग 'विशेष सम्बन्ध' को अर्थले अर्को निकटतम छिमेकीसँग स्वतन्त्र एवं निर्भीकतापूर्वक सम्बन्ध विकास गर्न बाधा पुऱ्याइरहेको हुन्छ। नेपाल भारत वा चीन कसैको पनि बन्धनको सीमामा रहनु हुँदैन, जसले नेपाल कुनै एक मुलुकप्रति अनुगृहीत हुनुपर्ने बाध्यता सदाका लागि अन्त्य गर्न सकियोस्। यसर्थ, नेपालको राजनीतिक र आर्थिक स्वार्थका लागि भारतसँग मैत्री सम्बन्ध हुनुपर्छ। तर राष्ट्रिय सार्वभौमिकता र पहिचान नै दाउमा पर्ने खाले निकटता राख्न जरुरी छैन। नेपालमा भारतको संलग्नतालाई प्रतिसन्तुलन गर्नुपर्ने भए मात्र चीनसँग निकट सम्बन्ध कायम गर्ने प्रवृत्तिलाई पनि निरुत्साहित गरिनुपर्छ।

नेपालले आफ्ना निकटतम छिमेकीसँगको सम्बन्धलाई अलग र स्वतन्त्र रूपमा परिभाषित गर्नुपर्छ। माथि चर्चा गरिएझैँ चीन र भारत कूटनीतिक सम्बन्ध स्थापनाताकाजस्ता निर्बल छैन। चीन र भारतले चाहे एक्लैले नेपालको आर्थिक विकास र समृद्धिका लागि आवश्यक पुँजी जुटाउन सक्ने हैसियतका रूपमा उदाएका छन्। दुवै छिमेकीसँग समान रुचिका क्षेत्र, अर्थात् अभिसरणको खोजी गर्न आवश्यक छ ताकि ती क्षेत्रहरूमा दुईपक्षीय/त्रिपक्षीय तवरमा मिलेर काम गर्न सकियोस्। पछिल्लो समय क्षेत्रीय शान्ति, स्थिरता र विकासका लागि चीन, भारत र नेपालबीच त्रिपक्षीय रणनीतिक साझेदारी नीतिको अवधारणा बहस छ तर त्यसका लागि भारत तयार भएको छैन।

यति भनिरहँदा, चीन र भारतद्वारा अगाडि सारिएका विशुद्ध आर्थिक अन्तर्वस्तुसहित परियोजना र पहलमा नेपालले बिनाहिच्किचाहट सहकार्य गर्न तयार हुनुपर्छ। चीनका सन्दर्भमा उसले अगाडि सारेको परियोजना बीआरआईबाट आर्थिक हैसियत र लगानी क्षमताका आधारमा लाभ लिन सक्नुपर्छ। उत्तरतर्फ कनेक्टिभिटी, पूर्वाधार निर्माण र विशेष आर्थिक क्षेत्र निर्माणमा ध्यान केन्द्रित गर्नु बुद्धिमत्तापूर्ण हुन्छ। २३ वर्षपछि चिनियाँ राष्ट्राध्यक्षको निकट भविष्यमा हुन लागेको भ्रमणलाई दृष्टिगत गर्दै नेपालले चीनसँग लिन सक्ने सहयोग र सहकार्य गर्न उपयुक्त क्षेत्रको पहिचानसम्बन्धी गृहकार्यलाई घनीभूत बनाउन आवश्यक छ।



पछिल्ला घटनाक्रमसँगै नेपालसामु चीन, भारत र अमेरिकासँग अलग तर छुट्टाछुट्टै महत्त्वका सम्बन्धलाई सन्तुलित व्यवस्थापन गर्नुपर्ने चुनौती थपिएको छ ।

भारतका सन्दर्भमा सामरिक अन्तर्वस्तुमा असंलग्न रहँदै बीबीआईएम र बिमस्टेकजस्ता पहलका माध्यमबाट आर्थिक सहकार्य र पूर्वाधार निर्माणमा जोड दिनुपर्छ । नेपालमा संविधान जारीका क्रममा भारतद्वारा लगाइएको नाकाबन्दीबाट नेपाल-भारत सम्बन्धमा उत्पन्न तिक्तता आजपर्यन्त सामान्य हुन सकेको छैन । भलै, पछिल्लो समय पूर्वाधार निर्माणमा भारतका तर्फबाट देखाइएको पेट्रोलियम पाइपलाइन निर्माणजस्ता तदारुकता नेपाल-भारत सम्बन्ध सुधारका लागि महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गर्न सकिन्छ । दुई देशको सहमतिमा निर्माण गरिएको प्रबुद्ध समूह (ईपीजी) ले तयार पारेको प्रतिवेदन बुझ्न भारतीय नेतृत्वबाट अर्घेल्याइँ भइरहेको छ । प्रतिवेदनमा समावेश अन्तर्वस्तुप्रति भारतको असन्तुष्टि छिटपुट रूपमा व्यक्त भएका छन् । भारतका तर्फबाट ईपीजीको प्रतिवेदन बुझ्ने र कार्यान्वयनका लागि दुवै देशको तदारुकताले नेपाल-भारत सम्बन्धको आगामी यात्रा धेरै हदसम्म प्रभावित बनाउनेछ ।

प्रायः मुलुकले आफ्ना छिमेकीसँगको सम्बन्धलाई हेर्ने अलग्गै छिमेक नीति तर्जुमा गरेका हुन्छन् । अन्तर्राष्ट्रिय सम्बन्धको सञ्चालनमा नेपालले छिमेकलाई प्राथमिकता दिने अर्थात् 'छिमेक प्रथम' नीति नै अख्तियार गर्दै आइरहेको छ । माथि उल्लेख गरिएझैं विश्व राजनीतिमा आएको बदलावले नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध तथा विदेश नीति थप परिमार्जित गर्दै लैजानुपर्ने बोध हुन थालेको छ । तसर्थ, निकटतम छिमेकीसँगको सम्बन्धलाई प्रधान आधार मानेर अलग्गै छिमेक नीति तर्जुमा गर्न विलम्ब गर्नु हुँदैन, जसलाई निकटतम छिमेक नीतिको मार्गचित्र र व्याख्याद्वारा समृद्ध गर्दै लैजान जरुरी छ ।

### बहुपक्षीय कूटनीतिको प्रयास

शक्ति र सामर्थ्यको असन्तुलनका कारण साना मुलुकहरूले द्विपक्षीय वार्ताबाट कम लाभ लिन सक्छन् । यस अर्थमा, साना र मझौला मुलुक बहुपक्षीय कूटनीतिका प्रखर पक्षपोषक मानिन्छन् । बहुपक्षीय कूटनीतिक मञ्चमा नेपालको सहभागिता सीमित छ । दक्षिण एसिया भूराजनीतिक विनिर्माणका आधारमा गठन भएको सार्क भारत र पाकिस्तानको कोपभाजनका कारण मृतप्रायः हुन पुगेको छ । क्षेत्रीय शक्ति राष्ट्र भारत, जसले आफूलाई क्षेत्रीय नेतृत्वको अविछिन्न अभियन्ता ठान्छ, त्यसलाई जगाउनका इच्छुक देखिँदैन ।

छिमेकी सम्बन्धमा सन्तुलन कायम गर्नमा अत्यधिक सामर्थ्य खर्च गर्नु परिरहेको यथार्थ नेपालसँग छ । परिणामतः बेलाबेला नेपालको राष्ट्रिय सार्वभौमिकता र राष्ट्रिय सुरक्षामाथि पैदा हुने चुनौतीको सन्त्रासले नेपाल अछुतो छैन । यसबाहेक अन्तर्राष्ट्रिय सम्बन्धमा यथोचित विविधीकरणको अभावका कारण संकटको घडीमा नेपालले विश्व जनमतलाई आफ्नै पक्षमा उभ्याउन सकेन । भारतले नाकाबन्दी लगाउँदा होस् या नेपालको सहमति र सहभागिताबिना चीन र भारत मिलेर लिपुलेकसम्बन्धी एकपक्षीय सहमतिका कायम गर्दा, नेपालले पर्याप्त अन्तर्राष्ट्रिय जनमत सिर्जना गर्न सकेन ।

बहुपक्षीय मञ्च सहभागितामूलक आर्थिक मुद्दामा सहकार्य गर्नमा रहनुपर्छ । नेपालको भूअवस्थितिका कारण चीन र भारत दुवैको प्रभावलाई सन्तुलन गर्न र वैदेशिक सम्बन्धको विविधीकरण गर्न बहुपक्षीय मञ्चहरू कामयावी हुन सक्छन् । नेपाल सहभागी हुँदै आएका बहुपक्षीय संगठन एवं मञ्चमा नेपालले आफ्नो प्राथमिकताका आधारमा अन्य मुलुकसँग सहकार्य र समन्वय बढाउनुपर्छ । तर अमुक मुलुकविरुद्ध लक्षित सामरिक एवं सैन्य गठबन्धनमा भने नेपालले आफूलाई अलग राख्न जरुरी हुन्छ ।

उस्तै चरित्र, समान चासो भएका अन्य मुलुक बहुपक्षीय मञ्च निर्माणमा नेपालले भूमिका खेल्न सक्नुपर्छ । चीन, भारत र नेपाल त्रिदेशीय सहकार्यका लागि त्रिदेशीय मञ्च विकासमा नेपालले जोड दिनुपर्छ । नेपालसँग सरोकार रहने भूपरिवेष्ठित मुलुकहरूको मञ्च, हिमालयन इकोनोमी, ट्रान्स-हिमालय फोरमजस्ता बहुपक्षीय फोरम निर्माणका प्रयास भइरहेका छन् । यस्ता सम्भावित फोरम निर्माण र विकासका लागि सम्बन्धित मुलुकहरूसँगको संवादलाई सघन बनाउन आवश्यक छ ।

शक्ति राष्ट्रहरूको विस्तारित उपस्थितिले नेपालको रणनीतिक महत्त्व थप मुखरित भएको छ । तर सामरिक अन्तर्वस्तुसहितको रणनीतिमा सामेल हुनुपूर्व राष्ट्रिय स्वार्थ केन्द्रमा राखेर लाभहानिका सम्बन्धमा यथेष्ट अध्ययन गर्नु जरुरी हुन्छ । अमेरिकाले वक्तव्यमार्फत उच्च महत्त्व दिँदै इन्डो-प्यासिफिक क्षेत्रका साना एवं मझौला मुलुकलाई आकर्षित गर्न खोजे पनि उक्त रणनीतिमा नेपालजस्ता मुलुकको भूमिका संकुचित स्थितिमा रहनेछ ।

चीन र अमेरिका आफ्ना प्रतिस्पर्धी रणनीति र परियोजनालाई लिएर छद्म रूपमा जुध्न थालेको अनुभव हुन थालिसकेको छ । अमेरिकाका तर्फबाट नेपालले इन्डो-प्यासिफिक रणनीतिका धारणा नबनाउँदै उक्त रणनीतिको नेपाल एक महत्त्वपूर्ण हिस्सा रहेको भनी प्रचार गर्नु या चिनियाँ विदेशमन्त्री वाङ यीसँग भएको दुई पक्षीय छलफलमा उठेको प्रसंगलाई चिनियाँ अभिलेखमा समावेश गराउनु, उनीहरूबीच बढ्दो रणनीतिक प्रतिस्पर्धामा नेपाललाई छद्म प्रवेश गराउन खोजेको संकेत हुन्छ ।

यस स्थितिमा, नेपालले आफ्ना निकटतम छिमेकी चीन र भारतसँगको सम्बन्धलाई सन्तुलन कायम गर्नु र उनीहरूको परम्परागत चासो सम्बोधन गर्नुपर्ने कूटनीतिको सदावहार दायित्व त छँदै छ । पछिल्ला विकसित घटनाक्रमसँगै नेपालसामु आफ्ना निकटतम छिमेकी चीन र भारत एवं शक्ति राष्ट्र अमेरिकासँगको अलग महत्त्वका सम्बन्धलाई सन्तुलित व्यवस्थापन गर्नुपर्ने चुनौती थपिएको छ । ने

*ट्वीटर : @RupakSapkota*

# भएको कुहाउने, बाहिरबाट

## वनलाई उत्पादनशील बनाउने भनिए पनि प्रक्रिया नै झन्झटिलो

**यम बम**

सुदूरपश्चिम, संसदीय उपसमितिले कैलालीको बाह्रवन साझेदारी वनमा अनियमितताको ठहर गर्दै २१ चैत ०७५ मा प्रदेश सरकारलाई थप छानबिनको निर्देशन दियो। बाह्रवनमा स्वीकृत कार्ययोजनाअनुसार वैज्ञानिक वन व्यवस्थापनअन्तर्गत ०७४/७५ मा ७० हजार क्युबिक फिट काठ कटान भएकामा पूरै बिक्री भएको थिएन। संसदीय उपसमितिले वनको खाता रोक्कासहित थप छानबिन गरेर कारबाही गर्न निर्देशन दिएपछि वनमा रहेको काठ उठ्न सकेन।

बाह्रवनका अध्यक्ष ठक्करविक्रम शाहीको भनाइमा कटान गरिएको र ढलापडा गरी १ लाख ७ हजार क्युफिट हाराहारी काठ वनमा छ। तर संसदीय निर्देशन हुँदासमेत सुदूरपश्चिमको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ४ महिनासम्म चुप बसिदियो। साउन पहिलो साता आएर वन निर्देशनालयका निर्देशक हेमराज विष्टको संयोजकत्वमा छानबिन समिति गठन भयो। विष्टको भनाइमा अहिले दुइटा टोली बनाएर छानबिन भइरहेको छ। शाहीको गुनासो भने छानबिन ढिलो भएकामा छ। भन्छन्, "काटेको काठ सडिरहेको छ, छानबिन नटुंग्याइदिँदा ०७५/७६ मा पनि काट्न सकिएन।" १ हजार ६ सय ९१ हेक्टरमा फैलिएको बाह्रवनका ३१ हजार बढी उपभोक्ता छन्। तर पछिल्लो समय उनीहरूले न दाउरा पाएका छन्, न त काटेको काठ नै।

काठमाडौँ-तराई/मधेस द्रुतमार्गको ट्र्याक खोल्ने नाममा कटान भएकामध्ये १ लाख २५ हजार क्युबिक फिट काठ २ वर्षदेखि त्यत्तिकै सडिरहेको छ। नेपाली सेनाले कटान गरेर तत्कालीन जिल्ला वन कार्यालय र सम्बन्धित सामुदायिक वनलाई बुझाए पनि लिलाम गरिएको छैन। मकवानपुरका डिभिजनल वन अधिकृत इमनाथ पौड्याल लिलामी प्रक्रिया अगाडि बढाउन सामुदायिक वनलाई सहमति दिइसकिएको बताउँछन्।

काठ तथा काठजन्य सामग्री आयात बर्सेनि उकालो लागिरहे पनि स्वदेशी उत्पादन वनजंगलमै कसरी सड्छ भन्ने दृष्टान्त जान्न यी दुई घटना काफी छन्। भन्सार विभागको तथ्यांक हेर्ने हो भने आर्थिक वर्ष ०७५/७६ मा मात्र ६ अर्ब ६० करोड ६१ लाखको काठ तथा काठजन्य सामग्री आयात भएको देखिन्छ, जबकि ०७४/७५ मा आयातका निम्ति ५ अर्ब ७५ करोड खर्च भयो। मुलुकमा भारत, चीन, मलेसिया, सिंगापुर, इन्डोनेसियालगायत देशबाट काठ तथा अन्य काठजन्य सामग्री आयात हुन्छ। कुल आयातको ५४ प्रतिशत त भारतकै हिस्सा छ।

### झन्झटै झन्झट

गत वर्ष मुलुकमा १ करोड ८२ लाख क्युबिक फिट काठ उत्पादन भयो। उत्पादित काठमा पारिवारिक निजी वनको योगदान ४० प्रतिशत छ। मुलुकभर करिब १ लाख हाराहारी निजी वन छन्। तर निजी वनमा रहेका सालका रूख काट्न प्रतिबन्ध छ, जबकि सामुदायिक वनसहित अन्यमा कार्ययोजना स्वीकृत गराएर काठ काट्न पाइन्छ। योबाहेक निजी वनमा रहेका अन्य रूखबिरुवा काट्न पनि सार्वजनिक सुनुवाइ गरेर डिभिजन वनबाट स्वीकृति लिई कटान गर्नुपर्ने हुन्छ भने बेच्न छुटपुर्जी लिनैपर्छ। पारिवारिक, निजी वन संघका अध्यक्ष



कैलालीको बाहुवनमा काटिएका काठ

# झिकाउने

जोगराज गिरी व्यक्तिले आफ्नो खेतबारीमा अन्य कृषिबालीझैँ हुर्काएका रूख सहजै बिक्रीवितरण गर्न पाउनुपर्ने बताउँछन्। भन्छन्, "पारिवारिक, निजी वनबाट स्थानीयले आफ्नो आवश्यकता पूर्ति गर्दै काठ उत्पादनमा पनि योगदान गरिरहेका छन्। तर खेतबारीका यी रूख बिक्री गर्ने बेला किसानले कानुनी झमेला खेप्नुपर्छ।"

मुलुकमा वार्षिक १० करोड क्युबिक फिट काठको आवश्यक हुने गरेको नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघको तथ्यांक छ। तर नेपालमा काठ उत्पादन न्यून छ। ०७५/७६ मा ७ लाख ८९ हजार घनफिट काठ आयात भएको देखिन्छ। सामुदायिक वन उपभोक्ता महासंघका अनुसार वन क्षेत्रमा २० लाख बढी सुके-ढलेका काठ सड्ने अवस्थामा छन्। राष्ट्रिय वनको हालत पनि त्यस्तै छ। तर सामुदायिक वनले यसअघि स्वीकृत गराएको कार्ययोजना बाहिर गएर काठ संकलन गर्न नपाइने भएकाले त्यसै सडिरहेको बताउँछिन्, महासंघकी अध्यक्ष भारती पाठक। मुलुकभर २२ हजार सामुदायिक वनले १८ लाख ७९ हजार हेक्टरभन्दा बढी वन क्षेत्र संरक्षण गर्दै आएका छन्। वन तथा भू-संरक्षण विभागको तथ्यांक हेर्ने हो भने पनि राष्ट्रियभन्दा सामुदायिक वनबाट बढी काठ उत्पादन हुन्छ। ०७४/७५ मा राष्ट्रिय वनबाट १३ लाख घनफिट काठ उत्पादन भएकामा सामुदायिक वनको योगदान ५४ लाख १ हजार घनफिट छ।

वनमन्त्री शक्तिबहादुर बस्नेतले वैज्ञानिक वन व्यवस्थापन गरी वार्षिक ६० लाख घनफिट काठ थप उत्पादनको घोषणा गरेका थिए, ०७५ मा। तर वैज्ञानिक वन व्यवस्थापनबाहेक नियमित प्रक्रियाबाट उत्पादन हुने काठ संकलनका लागि ठोस कदम चालेको पाइँदैन। अहिले ३१ साझेदारी वन र ६ सय ७ वटा सामुदायिक वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएको छ। वन सर्वेक्षण विभागको तथ्यांक हेर्दा वैज्ञानिक वन व्यवस्थापन विस्तार गरेर काम थाल्ने हो भने वार्षिक १ करोड ८७ लाख घनफिट काठ उत्पादन हुन्छ, जुन हालको उत्पादनभन्दा ३ गुणा बढी हो।

वनलाई प्लटमा वर्गीकरण गरी चक्रीय आधारमा पुराना रूख काट्दै वनको पुनरुत्पादन बढाउने र काठ आपूर्ति सहज पार्ने उद्देश्यले ०६७/६८ बाट लागू भएको परियोजना हो। हाल सामुदायिक वनमै वैज्ञानिक वन व्यवस्थापन लागू भएपछि त्यसका उपभोक्ताले विरोध गर्दै आएका छन्। अध्यक्ष पाठक भन्छिन्, "उद्यमशीलतामा आधारित दिगो व्यवस्थापनमा जान छाडेर रूख मात्र काट्ने काम गरिएको छ। अहिले त एउटै सामुदायिक वनका दुइटा कार्ययोजना बन्न थाले।" उनले भनेझैँ सामुदायिक वनको आफ्नो छुट्टै कार्ययोजना त छँदै छ, अहिले फेरि वैज्ञानिक वन व्यवस्थापनका लागि कार्ययोजना बनाइँदै आएको छ। वन तथा वातावरण मन्त्रालयका प्रवक्ता सिन्धु ढुंगाना एउटै सामुदायिक वनको दुइटा कार्ययोजना हुन नसक्ने भएकाले एकीकृत गरिने बताउँछन्।

मुलुकमा ४४.७५ प्रतिशत अर्थात् ६६.१ लाख हेक्टर क्षेत्र वनले ढाकेकामा १० लाख ३ हजार हेक्टर त संरक्षण क्षेत्रभित्र पर्छ, जहाँ वन सम्वर्द्धन प्रणालीमा आधारित क्रियाकलाप गर्न पाइँदैन।

### महँगो मूल्य

काठको वर्गीकरण गर्दै सरकारले क्रमशः 'ए', 'बी' र 'सी' ग्रेडको प्रतिक्युफिट १ हजार, ८ सय र ५ सय रुपैयाँ राजस्व निर्धारण गरेको छ। बढाबढ टेन्डर प्रक्रियामा जाँदा मूल्य केही तलमाथि हुने भए पनि बजारमा भने भाउ छोइनसक्नु छ। काठमाडौँमा प्रतिक्युबिक फिट ६ हजारभन्दा तल काठ पाइँदैन। व्यवसायीको तर्क हुन्छ, स्वदेशी काठ पर्याप्त छैन, आयात गर्दा महँगो हुन्छ।

तर टेन्डर प्रक्रियाबाटै प्रतिक्युबिक फिट ३ हजारसम्म पुग्ने भएकाले बजारमा काठको भाउ बढी हुने गरेको नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघका अध्यक्ष श्यामसुन्दर ढकाल बताउँछन्। हालै मात्र वनमन्त्री बस्नेतले थोरै भए पनि काठको मूल्य घटाइदिन व्यवसायीसँग छलफल चलाएर आग्रहसमेत गरेका थिए। ढकालको भनाइमा 'बिचौलिया' का कारण काठ महँगो हुन जान्छ। भन्छन्, "टेन्डरमा काठ व्यवसायीले मात्र प्रतिस्पर्धा गर्न पाउने व्यवस्था भए प्रतिक्युबिक फिट १५ सय रुपैयाँसम्म भाउ घट्न सक्छ।"

प्रवक्ता ढुंगाना पनि टेन्डर आह्वान गर्दा बढाबढमा बढी मूल्य पर्न जाने भएकाले बजारमा काठ महँगो हुने र बजारभाउ नियन्त्रण गर्न नसकिएको स्वीकार्छन्। सरकारले काठ, दाउरा बिक्री-वितरणका लागि नेपाल वन निगम खडा गरेको छ, हालै। टिम्बर कर्पोरेसन अफ नेपाल (टीसीएन) र वन पैदावार विकास समिति गाभेर काठ, दाउरा बिक्री गर्न वन निगम बनाइए पनि बल्ल सीईओ नियुक्ति प्रक्रिया अगाडि बढेको छ। ने



# चाडबाडमा टालटुले अनुगमन

## व्यापारी र अनुगमनकर्ता मालामाल, सर्वसाधारण ठगिएको ठगियै

**माधव बस्नेत**

कृषि तथा पशुपक्षी विकास मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग बबरमहल काठमाडौँले ८ असोज ०७६ मा *गोरखापत्र* दैनिकमा सूचना जारी गर्‍यो । सूचनामा उल्लेख छ, '...प्लास्टिकको चामल (पिठोमा प्लास्टिकको मिसावट एवं प्लास्टिकको अन्डा) बजारमा रहेको भन्ने भ्रामक खबर आइरहेको र सर्वसाधारण उपभोक्तामा पनि यस सम्बन्धमा भ्रम सिर्जना भएको पाइएकाले यस विभागअन्तर्गतका खाद्य प्रयोगशालाले गरेको परीक्षणमा समेत त्यस्तो नपाइएकाले त्यस्ता तथ्यहीन भ्रामक हल्लाका पछि नलाग्नु हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।'

सोही दिन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक योगेन्द्र गौचन काठमाडौँमा आयोजित अर्को कार्यक्रममा बजार अनुगमनमाथि सर्वसाधारणको असन्तुष्टि सम्बोधन गर्दै थिए । त्यहाँ उनले अनुगमन चाडबाडको मौसममा मात्र बढी हुने गरेको स्वीकारे । कार्यक्रममा अनुगमनको अर्को नियामक निकाय जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्रमुख (सीडीओ) जनकराज दाहालसमेत उपस्थित थिए । दाहालले पनि चाडबाडका मुखमा मात्र हुने अनुगमनप्रति घुमाउरो असन्तुष्टि जनाए ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा ५ अनुगमन अधिकृत र ५ जना सहायकको दरबन्दी छ । विभागका महानिर्देशक गौचनको भनाइमा चाडबाड नजिकिँदै गएपछि हालको दरबन्दी अपर्याप्त भएकाले ७ अधिकृत र ११ जना सहायक थपिएका छन् । "अन्य समय दैनिक २-३ टोली अनुगमनमा खटिन्थे । यसबेला दैनिक ७-८ टोली खटिइरहेका छन्," गौचन भन्छन्, "यस हिसाबले चाडबाडका बेला नै अनुगमन तीव्र पारिन्छ ।" विभागले यो आर्थिक वर्षमा १ हजार वटा अनुगमन गर्ने लक्ष्य राखेको थियो । पछिल्लो दुई महिनायता मात्र ३ सय ७० वटा अनुगमन गरिसकेको छ । अनुगमन गरिएमध्ये ४६ प्रतिशतलाई कारबाही गर्दा त्यसबाट २३ लाख रुपैयाँ राजस्व संकलन भएको गौचन बताउँछन् ।

बजार अनुगमनको अर्को नियामक निकाय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको हालत पनि उस्तै छ । विभागका वरिष्ठ खाद्य अनुसन्धान अधिकृत तथा प्रवक्ता मोहनकृष्ण महर्जनका अनुसार ४ जना खाद्य अनुसन्धान अधिकृतको दरबन्दी छ । त्यसले नधानेर अधिकृत, सहायक काजमा थपिएको छ । "हामीले साउनयता करिब १ हजार पटक बजार निरीक्षण, अनुगमन गर्‍यौँ भने साढे ३ सयभन्दा बढी खाद्यवस्तुको नमुना संकलन गरेका छौँ," महर्जनको कथन छ, "खाद्य पदार्थको निरीक्षण, अनुगमनलाई तीव्रता दिइरहेकै छौँ ।"

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रवक्ताले उपलब्ध गराएको विवरण तथा सार्वजनिक गरेको सूचना पर्याप्त छ- १२ महिनामध्ये मुख्य चाडबाड पर्ने २-३ महिना मात्र बजार अनुगमन भइरहेको छ । वाणिज्य, आपूर्ति, खाद्य प्रविधि, नेपाल गुणस्तर तथा नापतौल, पशु सेवा, कृषि, औषधी व्यवस्था विभागकै पदाधिकारीको भनाइमा जब बजार अनुगमन तीव्र पारिन्छ, तब दसैँ, तिहार, छठजस्ता ठूला चाड आउन लागेको भान हुन्छ ।

तस्बिर : इलिट जोशी

कालीमाटीस्थित सुपथ तरकारी बजारमा वाणिज्य विभागको आकस्मिक अनुगमन टोली

देश संघीय संरचनामा गएपछि स्थानीय निकाय, प्रदेश सरकार र संघीय सरकार मातहतका वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग एवं जिल्ला प्रशासन कार्यालयले उपभोक्ता हितसँग सरोकार राखेर बजार अनुगमन गर्नुपर्ने हो । तर केन्द्रदेखि स्थानीय तहसम्मको अनुगमन मौसमी तथा फितलो हुँदा उपभोक्ता पाइला-पाइलामा ठगिएका मात्र छैनन्, स्वास्थ्य जोखिममा पार्न बाध्य छन् ।

पहिलो नमुना ठगी हेरौँ- चाडबाडको मुखमा बढी बिक्री हुनेमध्ये 'फेन्सी' अर्थात् लत्ताकपडा हो । र, त्यसको केन्द्र हो, काठमाडौँको रञ्जना गल्ली । २ असोजमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका प्रतिनिधि रञ्जना गल्लीको अनुगमनमा निस्किएका थिए । त्यस दिन कम्तीमा २५ पसल अनुगमनको तयारी थियो । रञ्जना गल्लीका व्यापारीले जब अनुगमन अधिकारी आएको सुइँको पाए, उनीहरू सटर, कबलै बन्द गरेर नारा-जुलुसमा उत्रिए । यसपछि त्यहाँका व्यापार संघका पदाधिकारीको अगुवाइमा मध्यस्थता भयो । विभागका अधिकारीले ५ वटा पसलमा मात्र अनुगमन गर्न सके । यसरी अनुगमन गर्दा सामान खरिद-बिक्रीको बिलबिजक भए-नभएको, मूल्यसूची टाँस गरे-नगरेको लगायत हेरिन्छ । ५ पसलमध्ये ४ वटामा कैफियत देखियो । अनुगमन अधिकारी प्रतिपसल ५०/५० हजारका दरले जरिवाना गरेर फर्किए । यसपछि उनीहरू फेरि त्यहाँ पस्न सकेनन् । सस्तो मूल्यमा खरिद गरेर महँगोमा बिक्री गर्ने ठगीको यो प्रतिनिधि घटना हो ।

दोस्रो, अखाद्य पानीको उदाहरण उत्तिकै रोचक छ । ७ असोजमा खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभागअन्तर्गतको डिभिजन कार्यालयले नवलपरासीमा सञ्चालित पिउने पानीको उद्योगमा निरीक्षण, अनुगमन गरेको थियो । यस क्रममा यति ठूलो कैफियत भेटियो कि उद्योगको इजाजतपत्र नै रद्द गर्नुपर्‍यो । ८ असोजमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका कर्मचारी विराटनगरका मासु पसल अनुगमनमा पुगे । अनुगमनको सुइँको पाएपछि बहुसंख्यक व्यवसायी पसलै बन्द गरेर फरार भए । यही मेसोमा ८ असोजमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रतिनिधि धादिङका केही होटल, रेस्टुराँ निरीक्षणमा गएका थिए । ती होटल, रेस्टुराँ अनुगमन गर्दा मापदण्डअनुसारका थिएनन् । यी केही प्रतिनिधि उदाहरण मात्र हुन् ।

बजारमा हुने अवैध गतिविधि नियन्त्रण गर्न र उपभोक्ता हित संरक्षण गर्नेका लागि सरकारले 'उपभोक्ता संरक्षण ऐन, २०७५' ल्याएको छ । विगतको तुलनामा यो ऐन कडा पनि छ । जस्तो, नयाँ ऐनअनुसार अनुगमनका क्रममा कैफियत भेटिए ठाउँका ठाउँ न्यूनतम ५ हजारदेखि ३ लाख रुपैयाँसम्म जरिवाना हुन्छ । तर उद्योगी, व्यापारीलाई ऐनको परिपालना बुझाउन नसक्दा र चाडबाडका बेला हुने अनुगमन वर्षैभरि नहुँदा उपभोक्ता मारमा परिरहेका छन् ।

दैनिक उपभोग्य सामानमध्ये लत्ताकपडा, प्रशोधित पिउने पानी, तेल, दुग्ध पदार्थ, खाद्यान्न तथा दलहनमा सबैभन्दा बढी अवैध बजारी भइरहेको छ । महानिर्देशक गौचनको भनाइमा व्यवसायीले भन्सार थोरै तिर्नका लागि बिलबिजक कम बनाउँछन् । परल बिलअनुसार मूल्यसूची हुनुपर्छ । अनुगमनमा निस्कँदा बिजक र मूल्य दुवै देखाउनुपर्ने भएपछि अवैध धन्दाको पोल खुल्ने त्रासले उनीहरू भाग्छन् ।

उपभोक्ता हितमा आवाज उठाउँदै आएका अधिवक्ता ज्योति बानियाँ सरकारी निकायले आफ्नो उपस्थिति देखाउन मात्रै चाडबाडका बेला अनुगमन गरिरहेको बताउँछन् । उनको भनाइमा चाडबाडका बेला गरिने अनुगमनको ठूलो अर्थ- राजनीतिक महत्त्व छ किनभने माग र आपूर्तिमा असन्तुलन यही बेला हुन्छ । ढुवानीलगायत असहज हुने, कृषि उपज उत्पादन कम हुने बेला पनि यही हो । उपभोक्ताले सबैभन्दा बढी खर्च पनि यही बेला गर्छन् । "उपभोक्ता हितका लागि कानुनतः जुनसुकै बेला बजार अनुगमन हुनुपर्ने हो," बानियाँ भन्छन्, "तर सरकारी निकायले मुख्य चाडबाडका बेला मात्र अनुगमन गर्नुपर्छ भन्ने सोच पालेका छन् । यस्तो अनुगमनले उपभोक्तालाई बिल्कुलै फाइदा गर्दैन ।" ने

## नाम मात्रको समन्वय

**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, पशु सेवा विभाग, कृषि विभाग, औषधी व्यवस्था विभागले दैनिक उपभोग्य वस्तु र सेवाको निरीक्षण, अनुगमन गर्छन् । यसबाहेक स्थानीय र प्रदेश सरकारले पनि आफ्नो उपस्थिति देखाउन सक्छन् । विडम्बना ! उनीहरूबीच नै समन्वय छैन ।**

**खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागका प्रवक्ता मोहनकृष्ण महर्जनका अनुसार खाद्य प्रविधिको काम खाद्य पदार्थको स्वच्छता र गुणस्तर नियमन गर्ने हो । नेपाल गुणस्तर तथा नापतौल विभागले अखाद्य वस्तु र ग्यास, सिमेन्ट, डन्डी, छड, किला, काँटा, पाइपलगायतका वस्तु गुणस्तरीय भए-नभएको नियमन गर्छ । ढक, तराजुसमेत यसै विभागले हेर्छ । कृषि, पशु, औषधी विभागले पनि आ-आफ्ना निकाय हेर्छन् । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले आयात-निर्यात, आपूर्ति, मूल्य अनुगमन गर्छ । यी सबै विभागले गर्ने अनुगमनको केन्द्रीय संयोजन खास-खास समयमा गर्ने दायित्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई दिइएको छ ।**

**उपभोक्ता संरक्षण ऐन, ०७५ को दफा २५ मा सबै अनुगमनलाई समन्वय गर्ने गरी केन्द्रीय अनुगमन समिति रहने उल्लेख छ । संयुक्त अनुगमन समितिमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव संयोजक तोकिएका छन् भने कृषि तथा पशुपक्षी र भूमि तथा सहकारी मन्त्रालयका सचिवसहित अन्य ६ जना सहसचिव सदस्य रहन्छन् । ऐनमा बजार अनुगमनलाई वर्षैभरि नियमित गराई उपभोक्ता हित संरक्षण गर्नु समितिको कर्तव्य हुने उल्लेख छ । तर संयुक्त अनुगमनका लागि यो विभागले गरेको आग्रह अन्य निकायले सुन्दैनन् ।**

**जस्तो, ७ असोजमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण मञ्चले कालीमाटी तथा बल्खु क्षेत्रका तरकारी बजारको संयुक्त अनुगमनका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई आग्रह गरेको थियो । तर उक्त विभागबाट कोही सहभागी भएनन् । उपभोक्ता संरक्षण विभागका कर्मचारी एक्लै अनुगमनमा निस्किए । त्यसको भोलिपल्ट ८ असोजमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रवक्ता महर्जनले तरकारी, फलफूल अनुगमनको काम कृषि विभागको भएकाले आफूहरू संयुक्त अनुगमनमा नगएको जानकारी दिए । यसले पनि देखाउँछ, अनुगमनमा विभागहरूबीचमै अकर्मण्यता र गन्जागोल रहेको देखाउँछ । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक योगेन्द्र गौचन भन्छन्, "हामीले पटक-पटक संयुक्त अनुगमनका लागि आग्रह गर्दै आएका छौँ । अन्य विभागका अनुगमन अधिकारी कहिले आउनुहुन्छ, कहिले आउनुहुन्न ।"**

# पूर्वमहारथीको अर्को घोटाला

## भ्रष्टाचार र सम्पत्ति छानबिनका लागि संसदीय समितिमा उजुरी

तस्बिर : राजेन्द्र क्षत्रीको फेसबुक

बिदाइ कार्यक्रमपछि बग्गीमा सवार तत्कालीन सेनापति राजेन्द्र क्षत्री पत्नीका साथ

**मनबहादुर बस्नेत**

पूर्वप्रधानसेनापति राजेन्द्र क्षत्रीको कार्यकालमा भौतिक संरचना निर्माणमा भएको अनियमितताको तथ्य फेला परेको छ। आर्थिक वर्ष ०७३/७४ र ०७४/७५ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षमा रहेका सेनाका विभिन्न इकाइमा भएका निर्माणमा अनियमितता भेटिएको सेनाकै आन्तरिक छानबिनले पुष्टि गरेको कागजात *नेपाल*ले फेला पारेको छ । झन्डै ७७ करोड रुपैयाँ बराबरको भौतिक संरचना निर्माणका क्रममा अपचलन भएको हो। ३० करोड रुपैयाँ बराबरको भौतिक संरचना बनाएर र नबनेकालाई बनाएको भनेर रकम हिनामिना गरिएको हो ।

सेनामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय छ, जसले निकुञ्ज क्षेत्रको सुरक्षा र वन्यजन्तु चोरी-निकासी नियन्त्रणको जिम्मा पाएको छ । निर्देशनालयअन्तर्गतका गण, गुल्मका भौतिक संरचना भने सेनाले मापदण्डविपरीत बनाएको हो । जंगी अड्डाको सर्वोत्कृष्ट अभ्यास महाशाखाको अनुगमनले गुणस्तरहीन ब्यारेक तयार भएको औँल्याएको थियो ।

३१ भदौ ०७५ मा महाशाखाका महासेनानी प्रकाशजंग कार्कीको अध्यक्षतामा चार सदस्यीय अनुगमन कार्यदल बनेको थियो । कार्यदलमा मध्य पृतना स्थपति सेवाका प्राविधिक प्रमुख सेनानी ध्रुव पण्डित, गुणस्तर नियन्त्रण निर्देशनालयका सेनानी श्यामसुन्दर सापकोटा, कालीभक्ति गणका इन्जिनियर सहसेनानी मनोजकुमार राना थिए। प्रतिवेदनअनुसार २१ वटा इकाइमा अनुगमन गर्दा कुनै पनि संरचना मापदण्डअनुरूप बनेको पाइएको थिएन। छानाबाट पानी चुहिने, ढल निकास नराखेको, प्लास्टर स्तरीय नभएको, गुणस्तरहीन सेनेटरी तथा इलेक्ट्रिफिकेसनका सामान प्रयोग गरेकोजस्ता कमजोरी प्रतिवेदनमा औँल्याइएको छ ।

सम्झौतामा उल्लेख भएभन्दा फरक गुणस्तरका सामान प्रयोग गरिएको प्रतिवेदनमा उल्लेख छ। कतिपय ठाउँमा त नक्सामा भन्दा बेग्लै भवनसमेत बनेका छन्। जस्तो, चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रको मेघौलीमा बटुक दल गण, पर्सा राष्ट्रिय निकुञ्जको आधावारस्थित तारा दल गणको भवन नक्साअनुसार १० फिट उचाइ हुनुपर्नेमा २ फिट कम बनाइएको छ । यो समस्या अन्य गण, गुल्ममा समेत भेटिएको थियो । तारा दल गणकै निजगढ सुरक्षा पोस्ट बनाउँदा सिमेन्ट नाम मात्रको राखेको प्रतिवेदनमा उल्लेख छ।

पूर्वसेनाप्रमुख क्षत्रीको पालामा देशभरका सैनिक कार्यालयहरूमा चाहिने सामान खरिदका लागि केन्द्रीकृत ठेक्का प्रणाली लागू गरिएको थियो । यही नीतिअनुसार देशभरका सैन्य इकाइका लागि आपूर्तिकर्ता छनोट सैनिक मुख्यालयले गर्थ्यो । यस शैलीको ठेक्का प्रणालीका कारण मापदण्डविपरीत संरचना बनेको प्रतिवेदनमा उल्लेख छ। भनिएको छ, 'केन्द्रीकृत रूपमा बजेट परिचालन गर्नुभन्दा सम्बन्धित युनिट कमान्डरको जिम्मामा बजेट निकासा छाडेर युनिटमा पनि निर्माण र अनुगमन बोर्ड खडा गरी पृतना र केन्द्रबाट अनुगमन गर्ने व्यवस्था हुनुपर्छ।'

यति मात्र होइन, अनुगमन गरिएका सबै कार्यालयको ठेक्का एउटै निर्माण व्यवसायीलाई दिइएको थियो । यसलाई समेत प्रतिवेदनले गम्भीर त्रुटि मानेको छ । एउटै निर्माण कम्पनीलाई जिम्मा दिँदा गुणस्तरहीन काम भएको कार्यदलको टिप्पणी छ। प्रतिवेदनमा भनिएको छ, 'निर्माण व्यवसायी छनोट गर्दा स्थान विशेषअनुसार फरक-फरक र प्रतिष्ठित कम्पनी छनोट गरेमा उपयुक्त हुने।'

कार्यदलले ठेकेदारसँग समेत स्तरहीन कामबारे सोधीखोजी गरेको थियो । ठेकेदार कम्पनीका प्रतिनिधिले ठेक्का रकमको ३० प्रतिशत सुरुमै ठेक्का दिने पक्षलाई बुझाउनु

परेकाले अब्बल काम गर्न नसकिएको बताएका थिए । यो कुरा प्रतिवेदनमा भने किटिएको छैन । तर प्रायः ठेक्कामा ठेक्का दिने पक्षलाई निश्चित प्रतिशत कमिसन बुझाउने प्रवृत्ति सामान्य मानिन्छ । यही कमिसनका कारण गुणस्तरीय काम नहुने 'ओपन सेक्रेट' तथ्य हो । फरक के हो भने यहाँ ठेक्का दिने सैनिक पक्षले प्रचलितभन्दा बढी कमिसन माग्यो । फलतः समस्याग्रस्त भवनहरू बनेको छानबिनबाट पुष्टि पनि भयो । प्राविधिकसहितको छानबिन टोलीले स्थलगत अध्ययनपछि २१ पृष्ठको प्रतिवेदन सैनिक सचिव विभागमा बुझाएको थियो भने प्रधानसेनापति पूर्णचन्द्र थापालाई समेत 'ब्रिफिङ' गरेको थियो ।

## सेनापतिको शंकास्पद भूमिका

एक वर्ष कार्यकाल पार गरेको अवसर पारेर प्रधानसेनापति थापाले २४ भदौमा २४ पाना लामै सार्वजनिक भाषण गरे । भाषणमा आफूले सांगठनिक सुधारका महत्त्वपूर्ण पहलकदमी थालेको प्रस्ट सन्देश त थियो नै, पूर्ववर्तीहरूले गरेका अनैतिक लाभको पापको भारी आफूले नबोक्ने भन्दै यसअघिका कारोबारका फाइल पल्टाउने मनसायसमेत व्यक्त गरे । तर एक वर्षअघि आफैंले बनाएको अनुगमन कार्यदलले दिएको कैफियतयुक्त प्रतिवेदनबारे भने सेनाप्रमुख मौन छन् ।

सेनापतिको जिम्मेवारी सम्हालेको एक सातामै कार्यदल गठन भएको थियो । ज्ञातव्य रहोस्, २१ वटा गण र गुल्महरूमा स्थलगत निरीक्षण गरेपछि कार्यदललाई खप्तड र बर्दिया राष्ट्रिय निकुञ्जमा भने अनुगमनका लागि नजान जंगी अड्डाबाट मौखिक आदेश आएको थियो । तत्कालीन एक उपरथीमार्फत त्यहाँ नजाने सन्देश पाएको नाम नछाप्ने सर्तमा कार्यदलका एक सदस्यले बताए । खप्तड र बर्दियामा ३५ करोड रुपैयाँभन्दा बढी बजेट विनियोजन भएको थियो, ब्यारेक निर्माणका लागि ।

कार्यदलले अनौपचारिक माध्यमबाट लिएको सूचनाअनुसार बर्दिया र खप्तडमा नयाँ संरचना निर्माण नै नगरी बजेट खर्चिएको थियो । ती स्थानमा पुराने संरचनालाई नयाँ भनेर रकम निकासा भएको थियो । यद्यपि यो कुरा प्रतिवेदनमा भने समेटिएको छैन । "माथिबाट नजानू भनिएपछि गइएन," कार्यदलका एक सदस्य भन्छन्, "भवन नै नबनाई रकम निकासा गरिएको हामीलाई पहिल्यै थाहा थियो । त्यसैले जान दिइएन ।"

हुन पनि सैनिक सचिव विभागको पत्रअनुसार 'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालयअन्तर्गत रहेका सबै गण गुल्महरूमा ०७३ र ०७४ मा निर्माण तथा पुनर्निर्माण भएका भौतिक संरचनाको अनुगमन गर्ने कार्य' का लागि कार्यदल बनाइएको हो । सैनिक सचिव विभागको पत्रसहित प्रस्ट कार्यादेश हुँदाहुँदै बर्दिया र खप्तड निकुञ्जमा अनुगमन रोक्नु अर्थपूर्ण मानिएको छ ।

### अनुगमन गरिएका

**चितवन राष्ट्रिय निकुञ्ज**

बटुक दल गण हेडक्वार्टर, सुरक्षा पोस्ट मेघौली र सुनाचरी

प्रकृति संरक्षण शिक्षालय, कसरा, चितवन

**पर्सा वन्यजन्तु आरक्ष**

तारा दल गण हेडक्वार्टर, सुरक्षा पोस्ट निजगढ

**शिवपुरी राष्ट्रिय निकुञ्ज**

दि फेमस महिन्द्र दल गण हेडक्वार्टर, सुरक्षा पोस्टहरू शिवपुरी, तारेभीर, सुन्दरीजल, मूलखर्क, कुइकेल, झुले, चिसापानी, भैरवनाथ गणअन्तर्गतको अल्ले सुरक्षा पोस्ट

**नागार्जुन राष्ट्रिय निकुञ्ज**

शमशेर दल गण हेडक्वार्टर

**लाङटाङ राष्ट्रिय निकुञ्ज**

कालीजंग गण हेडक्वार्टर, सुरक्षा पोस्ट कालिकास्थान

**बजेट**

३० करोड रुपैयाँ

### अनुगमन नगरिएका

बर्दिया राष्ट्रिय निकुञ्ज

खप्तड राष्ट्रिय निकुञ्ज

**बजेट**

३५ करोड रुपैयाँ




**राजेन्द्र क्षत्रीको शंकास्पद सम्पत्तिबारे *नेपाल*को आवरण सामग्री र छानबिनका लागि संसदीय समितिमा परेको उजुरी**

## संसदमा उजुरी

पूर्वसेनापति क्षत्रीले अकुत सम्पत्ति आर्जन गरेको भन्दै छानबिनका लागि संसदीय समितिमा उजुरी दर्ता भएको छ । संघीय संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा १२ भदौमा उजुरी परेको समितिकी शाखा अधिकृत गुणमाया सुनुवार सिंह बताउँछिन् ।

समितिका सभापति शशी श्रेष्ठका अनुसार सबै उजुरीबारे प्रारम्भिक छानबिनका लागि तीन सदस्यीय कार्यदल गठन गरिएको छ । रेखा शर्माको अगुवाइमा गठित कार्यदलमा दिलेन्द्रप्रसाद बडु र नवराज सिलवाल सदस्य छन् । कार्यदलले रिपोर्ट दिएपछि मात्रै उजुरीबारे थप निर्णयमा पुगिने श्रेष्ठको दाबी छ । भन्छिन्, "छानबिनका लागि हामी कुनै पनि कसर बाँकी राख्दैनौं ।" तर त्यसका लागि कार्यदलको सुझाव पर्खनुपर्ने उनको भनाइ छ । कार्यदलका सदस्य सिलवालले भने सदस्यहरूको समय नमिल्दा कार्यदलको बैठक नै बस्न नसकेको जिकिर गर्छन् । "को कता, को कता भएकाले कोरम नपुगेर बैठक नबसेको हो," सिलवाल भन्छन्, "पूर्वसेनापतिको उजुरी परेको भन्ने सुनेको छु । यसबारे हामी गम्भीरतापूर्वक अध्ययन गर्नेछौं ।"

मुलुकको रक्षार्थ अन्तिम शक्ति सेनाका प्रमुखमाथि नै भ्रष्टाचारजस्तो संगीन आरोप लाग्न थाल्नु संवेदनशील भएकाले सूक्ष्म छानबिन गर्नुपर्ने सिलवालको धारणा छ । सैनिक कमान्ड सम्हालेको चार वर्षमा क्षत्रीले एक अर्ब रुपैयाँ बराबरको अचल सम्पत्ति जोडेको *नेपाल*ले खुलासा गरेको थियो (हेरौं, *अर्बपति महारथी*, ७ असोज ०७५) । सेनाको भ्रष्टाचार हेर्ने अधिकार नभएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत सैनिक अधिकारीलाई छानबिन गर्न आनाकानी गर्दै आएको छ । संविधानले अवकाशप्राप्त सैनिक अधिकारीमाथि छानबिन गर्ने-नगर्नेबारे केही बोलेको छैन । ने

आदर ढकाल

^ नेकपा र सीपीसीबीच ६ बुँदे समझदारीमा हस्ताक्षर गर्दै सोङ ताओ र माधव नेपाल

# लालदरबारमा चिनियाँ कोचिङ

## सत्तारूढ नेकपाको विचारशून्यताले सी विचारधारा भित्रिने आशंका बलियो

**जनक नेपाल**

दरबारमार्गछेउ होटल याक एन्ड यतीको लालदरबार सभाकक्ष । चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) का प्रतिनिधिले सत्तारुढ नेकपाका नेताहरूलाई समाजवादको चिनियाँ मोडल र राष्ट्रपति सी चिनफिङको विचारधाराबारे दुई दिने (६-७ असोज) प्रशिक्षण दिए। बर्सेनि चीन पुगेरै विचार आदानप्रदान गरिरहेका नेताहरूका लागि यो कुनै नयाँ कार्यक्रम थिएन । पहिले नेपाली नेताहरू चिनियाँ मोडल बुझ्न उता जान्थे, अहिले चीन आफैं आयो ।

झन्डाबाहेक चिनियाँ कम्युनिस्ट पार्टीसँग सत्तारुढ नेकपाको कुनै नीति र विचार मिल्दैन। सीपीसीले एकदलीय शासन गर्दै आएको छ। नेकपा बहुदलीय व्यवस्था, आवधिक निर्वाचन र बहुलवादलाई स्वीकार्छ। समाजवादबारे पनि दुई पार्टीका आ-आफ्नै व्याख्या-विश्लेषण छन्। तैपनि यी दुई पार्टीबीच धेरै पुरानो भाइचारा सम्बन्ध छ । बर्सेनि प्रतिनिधिमण्डलको आदानप्रदान भइरहन्छ । पछिल्लो प्रशिक्षणपछि दुई तिहाइ बहुमतको नेकपा चिनियाँ मोडलको समाजवादमा ढल्किएको आशंकाको मूल स्रोत त्यही हो ।

सीपीसीको गत वर्ष सम्पन्न १९ औं सम्मेलनले संविधानमै सी विचारधारा राख्ने र विचार निर्यात गर्ने निर्णय गरेकाले पछिल्लो प्रशिक्षणलाई सोही विचारको प्रसारका रूपमा हेरेर आलोचना भइरहेको छ। प्रधानमन्त्री एवं नेकपा अध्यक्ष केपी ओलीले 'जतिसुकै सुन्दर भए पनि नक्कल नक्कलै हो, जुत्ताको नापमा खुट्टा काट्ने होइन, आ-आफ्नो धरातलीय यथार्थका आधारमा सिर्जनात्मक हिसाबले मार्क्सवादको प्रयोग हुनुपर्छ' भनेर सी पथमा जाने चर्चाको उसै दिन खण्डन गरेका थिए। तर सत्तारुढ नेकपाको अहिलेको विचारशून्यताले सी विचारधारा भित्रिने आशंकालाई बल पुऱ्याएको छ । आफ्ना पूर्वविचार जनताको बहुदलीय जनवाद र एक्काइसौं शताब्दीको जनवादलाई स्थगित गरी नेकपा अहिले जनताको जनवादमा अल्झिएको बेला सी विचारधाराबाट पार्टी पंक्ति प्रभावित हुने अड्कलबाजी गरिँदै छ। त्यसलाई बल पुग्ने गरी सी विचारधाराबारे काठमाडौंमा शृंखलाबद्ध बहस चलिरहेका छन् ।

प्रशिक्षणमा सी विचारधारा र समाजवादी विकास मोडलबारे चार कार्यपत्र प्रस्तुत गरिए। नेकपाका तर्फबाट भने कुनै कार्यपत्र थिएन । कार्यक्रमको अध्यक्षता गरेका उपप्रधानमन्त्री तथा नेकपा स्कुल विभाग प्रमुख ईश्वर पोखरेल भने प्रधानमन्त्री ओली, पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र आफूले उद्घाटनकै बेला लिखित रूपमै आफ्ना धारणा राखेकाले एकतर्फी प्रशिक्षण भन्न नमिल्ने दाबी गर्छन् । भन्छन्, "हाम्रा आ-आफ्नै मौलिक विचारधारा छन् । एकअर्काको अनुभव आदानप्रदान हुनुलाई सामान्य रूपमा लिनुपर्छ ।" नेकपा सी विचारधारामा जाने सम्भावना नभएको उल्लेख गर्दै उनी एकअर्काका अनुभव भने सहयोगी बन्न सक्ने टिप्पणी गर्छन् ।

नेकपा-सीपीसी समझदारी तथा प्रशिक्षणको राजनीतिक अर्थ रहेको दाबी गर्दै विश्लेषकहरू त्यसको दूरगामी प्रभाव पर्ने बताउँछन्। चीनले नेपालमा आफूप्रति सकारात्मक राजनीतिक स्थायित्व चाहेको छ । त्यो एमाले-माओवादी एकतापछि बनेको नेकपा त्यस्तो शक्ति हुन सक्छ भन्ने उसको बुझाइ देखिन्छ। नेपालका कम्युनिस्ट शक्तिहरू मिल्नुमा चिनियाँ सद्भाव कारक रहेको बताइन्छ ।

नेपालले आफ्नो अस्तित्व रक्षाका लागि उत्तर र दक्षिणतर्फ स्वीङ कूटनीति अपनाएकामा पछिल्ला गतिविधिले उत्तरतर्फ

ढल्किने सम्भावना बढेको विश्लेषक अजयभद्र खनाल बताउँछन् । यस्तोमा नेकपासँगको निकटताले स्थिर र आफूप्रति सद्भाव राख्ने परराष्ट्र नीति होस् भन्ने चिनियाँ चाहना देखिन्छ। नेपालको कूटनीति सन्तुलित र स्वतन्त्र भएका बेला चीनले सहयोग बढाएर विगतमा त्यसको संकेत गरेको पनि छ। छिमेकी मुलुक नेपालमा कम्युनिस्ट सत्तामा आएका बेला अमेरिका वा भारततर्फ नढल्कियोस् भन्ने चिनियाँ इच्छा देखिन्छ । "राष्ट्रपति सीको प्रभाव चीनभन्दा बाहिर नेपालसम्मै विस्तार होस् भन्ने उसको चाहना छ। पछिल्लो प्रशिक्षण त्यही चाहनामा अडिएको छ," खनाल भन्छन् ।

चीनले नेपाललाई संवेदनशील छिमेकी मानेको छ। स्वतन्त्र तिब्बत गतिविधि, तिब्बती शरणार्थी र दलाई लामापछि पनि तिब्बती समस्या जीवितै होला भन्ने उसको मुख्य चिन्ता छ । तिब्बतसँग सीमा जोडिएको नेपालसँग राम्रो सम्बन्ध चाहनुको मुख्य स्वार्थ अहिलेलाई त्यत्ति देखिन्छ।

ओली सरकारले लगानी बोर्डले खुला प्रतिस्पर्धाबाट दिनुपर्ने ठेक्का प्रधानमन्त्री कार्यालयको सहजीकरणमा चिनियाँ कम्पनीलाई दिलाएर उसलाई खुसी पार्न चाहेको देखिन्छ। त्यस्ता परियोजनामा स्वस्थ प्रतिस्पर्धा नभएको निर्माण व्यवसायीको टिप्पणी हुने गर्छ। वैदेशिक सहायतामा कडाइ गरिएको छ । सरकार अभिव्यक्ति स्वतन्त्रता संकुचनतर्फ लागेको आरोप लगाउँदै छ, नागरिक समाज । यसले नेपाली राजनीतिमा चिनियाँ प्रभाव बढ्दै गएको विश्लेषण हुन थालेको छ । तर, के नेपालले नियन्त्रणमुखी चिनियाँ विचारधारा लागू गर्न सक्ला ? "राज्यका निकायमा पार्टीको पकड बढ्दै जाने र स्वतन्त्रतामाथि नीतिगत अंकुश लगाउँदै जाँदा शंका हुनु स्वाभाविक छ," खनाल भन्छन् ।

नेकपा-सीपीसी प्रशिक्षण यस्तो बेला भयो, जतिबेला नेपाल चीन र अमेरिकाको कूटनीतिक तानातानमा छ। एकातर्फ चीनले बीआरआई परियोजना ल्याएको छ भने अमेरिकाले इन्डो-प्यासिफिक रणनीति। यस्तो बेला सीपीसीसँग सत्तारुढ पार्टीको सम्बन्ध गहिरिँदा नेपालको स्वतन्त्र परराष्ट्र नीति उत्तरतर्फ ढल्किने धेरैको अड्कलबाजी छ । चिनियाँ टोली फर्केको भोलिपल्टै ९ असोजमा अमेरिकी राजदूत र्‍यान्डी बेरीले नेकपाका विदेश विभाग प्रमुख माधवकुमार नेपाल भेट्नुलाई त्यही चिन्ताका रूपमा अर्थ्याएको छ। झन्डै ५० अर्बको अमेरिकी अनुदान कार्यक्रमसम्बन्धी प्रस्ताव संसद्को वर्षे अधिवेशनबाट अनुमोदन भई अगस्तदेखि सुरु हुनुपर्नेमा अघि नबढेपछि अमेरिकी राजदूत बेरीले नेकपा नेता नेपाल र प्रतिपक्ष दलका नेता शेरबहादुर देउवासँग छुट्टाछुट्टै भेटेर चासो व्यक्त गरेका छन्। पाँच वर्षे सो अनुदान कार्यक्रमका लागि नेपाल र अमेरिकाबीच ८५ पृष्ठ लामो सम्झौतापत्रमा हस्ताक्षर भइसकेकामा संसद्मा अड्किएको हो ।

नेपालले सन् २०१७ मे मा बीआरआईमा सम्झौता गरेपछि ३५ योजना प्रस्ताव गरेको थियो। योजना घटाउने सुझावपछि नौ योजना पेस गरियो । तर दुई वर्षमा पनि प्रारम्भिक अध्ययनका काम अघि नबढाएको भन्दै चीन असन्तुष्ट थियो । त्यसमाथि परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको अमेरिका भ्रमणपछि नेपाल इन्डो-प्यासिफिकमा जोडिएको अमेरिकी वक्तव्य आयो । नेपालले औपचारिक रूपमा खण्डन नगर्दा चीनले चित्त दुखाएको थियो । सीपीसी-नेकपाको पछिल्लो प्रशिक्षणपछि भने दुई सत्तारुढ पार्टी र सरकारका असमझदारी हटेको दाबी बालुवाटार स्रोतको छ। नेपाल-चीन सम्बन्धमा विद्यावारिधि गरेका प्राध्यापक जनार्दन आचार्य माओकालपछि चीन विचारधारा प्रसार गर्न छाडेकाले सी विचारधारा आउला भनेर तर्सिनु नपर्ने बताउँछन् । "नेपाली नेताहरू आफ्नो अनुकूलतामा उत्तर र दक्षिणतर्फ ढल्किने प्रवृत्तिले कूटनीतिक अपरिपक्वता देखाउँछ,"

> राष्ट्रपति सीको प्रभाव चीनभन्दा बाहिर नेपालसम्मै विस्तार होस् भन्ने उसको चाहना छ। पछिल्लो प्रशिक्षण त्यही चाहनामा अडिएको छ।
>
> **– अजयभद्र खनाल**, विश्लेषक

उनी भन्छन्, "छिमेकीसँग समदूरीमा बस्नुपर्छ। यताउति ढल्केर हाम्रोजस्तो भूराजनीतिक स्थिति भएको देशको हित हुँदैन ।"

चिनियाँ पार्टीका विदेश विभाग प्रमुख सोङ ताओको भ्रमणलाई राष्ट्रपति सी चिनफिङको भ्रमणको वातावरण निर्माणका रूपमा पनि लिइएको छ। उनी राष्ट्रपति सीको भ्रमणअघि उत्तर कोरिया र फिलिपिन्स गएकाले नेपाल पनि त्यही सन्दर्भमा आएको बुझाइ छ। भारतस्थित चिनियाँ दूतावासमा सहायक राजदूत भएर बसिसकेकाले उनी नेपालबारे पनि जानकार छन् । सन् २०१५ देखि उनी पार्टी विदेश विभाग प्रमुख छन् ।

चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुख सोङ ताओको भ्रमणले दिएको एउटा प्रस्ट सन्देश भनेको एमाले-माओवादी एकताप्रतिको ऐक्यबद्धता नै हो। डेढ वर्षअघि यी दुई ठूला पार्टीबीचको एकतामा समेत चीनको सहयोगी भूमिका रहेको चर्चा थियो। एकतापछि पनि सीपीसीले पूर्वएमाले र माओवादीसँग छुट्टाछुट्टै सम्बन्ध राख्दै आएको थियो। पछिल्लो समझदारीले सो सम्बन्धलाई एकद्वार बनाइदियो। त्यसो त, चिनियाँ कम्युनिस्ट पार्टीको सम्बन्ध नेपाली कांग्रेससँग पनि राम्रो छ। पछिल्ला केही वर्षमा त्यो खुकुलो भइरहेका बेला नेकपाको सम्बन्ध झ्याँगिएको देखिन्छ ।

कम्युनिस्ट पार्टीहरूबीच अन्तर्राष्ट्रिय वा दुईपक्षीय बैठक, अन्तरक्रिया र समझदारी नयाँ घटना भने होइनन्। नेकपा विदेश विभागका उपप्रमुख विष्णु रिजालका अनुसार नेकपा र सीपीसी कम्युनिस्ट तथा मजदुर पार्टीको अन्तर्राष्ट्रिय बैठक (आईएमसीडब्लुपी) का सदस्य पार्टी हुन्। ७४ देशका ९३ कम्युनिस्ट पार्टी सदस्य रहेको आईएमसीडब्लुपीको १९ सदस्यीय स्थायी कमिटीमा सीपीसी र नेकपा दुवै छन्। आईएमसीडब्लुपीले नियमित रूपमा बर्सेनि सम्मेलन गरिरहन्छ। गत वर्ष ग्रीसको एथेन्समा सम्मेलन गरिएको थियो । एक महिनापछि (अक्टोबर १८-२०) मा टर्कीको इजमिरमा सम्मेलन हुँदै छ । चीनका लागि पूर्वनेपाली राजदूत महेश मास्के कम्युनिस्ट पार्टीहरूबीच विश्वभर भाइचाराको सम्बन्ध रहे पनि अहिलेको कार्यक्रम उच्च स्तरको भएकाले धेरै चर्चामा आएको बताउँछन्। भन्छन्, "यो पार्टीको कार्यक्रम हो, सरकारको होइन। यस्ता कार्यक्रमबाट चिनियाँ विचारधारा नेपालमा स्थापित हुने पनि होइन।" ने

# सच्चा कम्युनिस्ट र चिनियाँ

अच्युत वाग्ले

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का सहअध्यक्ष पुष्पकमल दाहालले नेतृ सहाना प्रधानको वार्षिक श्रद्धाञ्जली सभामा आफैँतर्फ सोझिएका केही प्रश्न उठाए, अघिल्लो साता । उनका प्रश्न थिए- 'हामी सच्चा कम्युनिस्ट हौँ कि होइनौँ ? कम्युनिस्टले त गरिब र तल्लो वर्गका मानिसको हितको कुरा गर्नुपर्ने, कतै हामी धनी वर्गको मात्रै हित त सोचिरहेका छैनौँ ? समाजवाद त भनिरहेका छौँ तर हामी के समाजवादोन्मुख छौँ त ?'

त्यसको दुई दिनपछि काठमाडौँमा चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) र नेकपाद्वारा आयोजित 'सी चिनफिङ विचारधारा' को प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै उनैले भने, 'सामाजिक न्यायसहितको आर्थिक समृद्धिबाट समाजवादको आधार तयार गर्ने नेकपा सरकारको प्रस्ट रणनीति छ । संविधानले नै समाजवादोन्मुख राज्यका लागि दिशानिर्देश गरेको छ ।'

सतहमा निकै बौद्धिकजस्ता देखिने र सारमा विरोधाभासपूर्ण यी भनाइ वास्तवमा सत्तारुढ नेकपा नेतृत्वले मुलुकको हितका लागि दिशा पहिल्याउन नसकेको अन्योलपूर्ण अवस्थाको सजीव चित्रण हुन् । यही अन्योल सत्ताको अकर्मण्यता मुलुकको बढ्दो आर्थिक जोखिममा द्रुत अनुदित भइरहेको छ । दाहालले भनेको 'सच्चा कम्युनिस्ट' को समयसापेक्ष रूप र परिभाषा के होला ? उनी उन्मुख हुन चाहेको 'समाजवाद' को सामाजिक-आर्थिक लक्ष्य के हो ? के सामाजिक न्यायसहितको आर्थिक समृद्धि हुँदा पनि समाजवादको आधारै तयार भएको हुँदैन ? समाजवादको सन्दर्भमा सरकारको 'प्रस्ट' रणनीति कता, कुन दस्तावेजमा छ ?

उत्पादन, वितरण र उपभोगको निर्णय कुन हदसम्म राज्यले गर्ने भन्ने परिभाषा पनि नेपालमा कतैबाट भएको छैन । समाजवादको परिभाषा निकै परको विषय भयो । संविधानमा 'समाजवादउन्मुख' भन्ने वाक्यांश कसैगरी घुसेको छ । तर त्यो तथाकथित समाजवादमा पुग्ने मार्गचित्र र 'दिशानिर्देश' संविधानभित्र कतै छैन । यसर्थ, दाहालका यी शब्दका पहाडले नेपालका आर्थिक, राजनीतिक र सामाजिक समस्यालाई पटक्कै सम्बोधन गर्दैन ।

नेकपाको सीपीसीसँग भाइचाराको सम्बन्ध राख्ने सम्झौता भएको र सी विचारधाराबारे उसले आफ्ना नेता-कार्यकर्तालाई प्रशिक्षण नै दिएको सन्दर्भमा दाहालले खोजेको सच्चा कम्युनिस्ट पार्टीको आदर्श मोडल सीपीसी नै हो त भन्ने पूरक प्रश्न पनि सहजै जन्मिन्छ ।

तर दाहालले भनेझैँ कम्युनिस्ट पार्टी समृद्धि पक्षधर, उद्यमी व्यवसायी वा धनीहरूको हुनै नहुने हो भने त सीपीसीलाई सन् २०२० मा विघटन गर्नुपर्ने हुन्छ । किनभने, आउँदो वर्ष प्रतिदिन २ अमेरिकी डलर आयको गरिबीको रेखामुनि रहेको जनसंख्या शून्यमा झार्ने योजना चीनको छ । सन् १९७८/७९ मा देङ सियाओ पिङले आर्थिक सुधार सुरु गर्दा ९७ दशमलव ५ प्रतिशत रहेको गरिबी दर सन् २०१८ मा १ दशमलव ७ प्रतिशतमा झरेको छ । चीनले यस्तो अभूतपूर्व गतिको प्रगतिको जस द्विविधारहित ढंगले दुई नीतिगत स्तम्भ, आर्थिक सुधार र आर्थिक खुलापन (उदारीकरण) लाई दिएको छ । यी दुई नीति दाहालको 'सच्चा' कम्युनिस्टको नयाँ परिभाषामा पर्छन् ? कि अझै पनि तिनलाई उनी नवउदारवादी, संशोधनवादी वा प्रतिक्रियावादी दलदल नै ठान्छन् ? यी ज्वलन्त प्रश्न साथै आउँछन् । यसको उत्तरका नाममा अर्थहीन शब्दहरूको अर्को पहाड बनाउने रिहर्सल सायद उनले गर्न भ्याएका छैनन् ।

यसैबीच कांग्रेस नेता बालकृष्ण खाँडले नेकपा सीपीसीको भ्रातृ संगठनजस्तो भएको टिप्पणी गरे । यदि नेकपाले सीपीसीसँग प्रशिक्षण लिएका कारण यसो भनिएको हो भने उसलाई बधाइ दिनुपर्छ । यो प्रशिक्षणले अर्थसामाजिक क्षेत्रमा चीनले हिम्मतका साथ चालेका कदम र त्यसबाट प्राप्त सफलताको सानो अंश मात्रै नेकपा, यसको सरकार र मन्त्रीहरूले सिके र नेपालको हितमा प्रयोग गर्न सके भने नेकपाको हैसियत सीपीसीको भ्रातृ संगठन नै भए पनि नेपालले चिन्ता गर्नुपर्ने कारण छैन । पुँजीवादी सुधारका रणनीति सीपीसीसँग सिक्न 'सच्चा कम्युनिस्ट' हुने ढोङ बोकेको नेकपालाई कम लज्जाबोध होला । नेपालको हकमा पनि सीपीसीले अवलम्बन गरेका आर्थिक सुधार सिक्न लायक र धेरै हदमा अपरिहार्य भइसकेका छन् । त्यसका केही उदाहरण हेरौँ :

### शिक्षा

मुलुकको भौतिक विकास र आर्थिक उन्नतिको मूल आधार शिक्षा नै हो भन्ने अनुभूति सीपीसीलाई सन् १९९० को दशकमै भयो । सन् १९४९ मा कम्युनिस्ट शासन स्थापना भएयता अनिवार्य निःशुल्क र जनवादी शिक्षाका नाममा तहसनहस भएको शिक्षा प्रणालीलाई योग्यतन्त्र (मेरिटोक्रेसी) मा बदल्न सन् १९९२ मा राष्ट्रिय विश्वविद्यालय प्रवेश परीक्षाको व्यवस्था कडाइका साथ लागू गरियो । उच्च शिक्षा प्रवेशका लागि यो संसारकै कठिन परीक्षामध्ये मानिन्छ । शिक्षामा कुल गार्हस्थ उत्पादनको ४ प्रतिशत खर्च गर्न अनिवार्य गरियो ।

# प्रशिक्षण

पुँजीवादी सुधारका रणनीति सीपीसीसँग सिक्न 'सच्चा कम्युनिस्ट' हुने ढोङ बोकेको नेकपालाई कम लज्जाबोध होला ।

र, शैक्षिक प्रशासनको नेतृत्व अक्सर विदेशमा नाम कमाएका चिनियाँ मूलका प्राज्ञिकहरूलाई दिइयो। अत्याधुनिक ज्ञान सिकाउने विशिष्टीकृत शैक्षिक कार्यक्रम र संस्थाहरू खडा गरियो । अहिले चीनको प्रशासन, राजनीति, उद्योग र प्रविधि सबैतिरको नेतृत्व यसपछिको प्राज्ञिक उत्पादनको हातमा छ। परिणाम, चीन संसारको ठूलो अर्थतन्त्र बन्ने सँघारैमा छ।

यसविपरीत नेपालको शैक्षिक अवस्थाको हामी भुक्तभोगी छौँ । दाहालगायत नेकपा नेताहरूको प्राथमिकता अहिलेको दयनीय परिदृश्यलाई सुधार गर्ने र अध्ययन अध्यापनलाई फगत साक्षरताको तहबाट उत्पादनशील ज्ञान र सीप विकासको तहमा उकास्ने चासो शून्य छ। निर्णायक पदमा आफ्ना अह्रौटे-भरौटेलाई नियुक्त र विद्यार्थी एवं शिक्षकका संगठन बनाएर पार्टीको सञ्जाल विस्तार गर्न नेताहरू निर्लज्ज ढंगले निरन्तर उद्यत छन् । प्राज्ञिक स्वतन्त्रता निमोठिने गरी विधेयक ल्याउने सरकारका शिक्षामन्त्रीले सीपीसीको यो अनुभवबाट केही सिके होलान् त ?

## विकास प्रशासन

चीनले आर्थिक सुधार र विकास प्रभावकारिताको आवश्यकता महसुस गर्नेबित्तिकै केन्द्रीय योजना प्रणालीको औचित्य नभएको निष्कर्ष निकाल्यो। चाहिनेभन्दा धेरै भूमिका दिएर राखिएको त्यहाँको राष्ट्रिय योजना आयोगलाई सरकारले सन् २००३ मा नै खारेज गरिदियो। यसको सट्टा अनुसन्धान, प्रशिक्षण र नीति विश्लेषण गर्ने 'राष्ट्रिय विकास तथा सुधार आयोग' स्थापना भयो । चीनले निर्देशित योजनाभन्दा निरन्तरको आर्थिक सुधारलाई दिएको महत्त्व प्रस्ट्याउँछ । भारतको योजना आयोग खारेज भएको पनि आधा दशक बित्यो ।

तर नेपालको केन्द्रीकृत योजनाको पीडा छुट्टै छ। मुलुक संघीयतामा गइसकेपछि पनि संघमा योजना आयोग सक्रिय मात्र छैन, त्यसले प्रदेश तहमा पनि चल्ला कोरलेको छ। सैद्धान्तिक अडान र प्राज्ञिक ज्ञान दुवै दृष्टिले केन्द्रीकृत योजना अनावश्यक हो भन्ने, विदेशतिर पनि पढेका पीएचडीधारीहरू नै यसका 'माननीय' पद ओगट्न अझै लाजमर्दो तँछाडमछाड गर्छन् । सरकारमा बस्नेहरू आफ्ना केही चाटुकार नियुक्त गर्न पाउने लोभमा यो सेतो हात्ती पालिरहेका छन्। यो एउटा संस्था खारेज हुँदैमा नेपालको विकास प्रशासनका तमाम समस्या एकै झट्कामा समाप्त हुन्छन् भन्ने होइन । तर सरकारले लिन चाहेको विकासको नीति र गतिको यो एउटा महत्त्वपूर्ण सांकेतिक कोसेढुंगा निश्चय नै हो । नेकपाका नेताले सीपीसीको प्रशिक्षणमा योजना विकेन्द्रीकरणको महत्त्व सिके त ?

## भू-उपयोग र निजी सम्पत्ति

ज्ञातव्य छ, कम्युनिस्ट चीनमा जग्गाजमिन व्यक्तिको स्वामित्व र उपयोगमा थिएन। यसको प्रत्यक्ष प्रभाव कृषि उत्पादकत्व र आवास योजना विस्तारमा परेको थियो । सन् १९८४ मा नै सरकारले भूस्वामित्व अधिकार र भूउपयोग अधिकारलाई अलग गरिदियो। सरकार (कम्युन) सँग खास उद्देश्य (कृषि, उद्योग वा अन्य सेवा) का लागि तोकेर उपयोगको अधिकार लिन पाइने भयो। यसले कृषि उत्पादकत्वलाई ह्वात्तै बढायो । उब्रेको उपज कम्युनले किन्ने र ठूला बजारमा बेच्ने अभ्यास सुरु भयो ।

जमिनबाहेक अरू सम्पत्ति (घर-आवाससमेत) निजी स्वामित्वमा राख्न पाउने व्यवस्थाले अहिले चीन संसारमै सबभन्दा धेरै र ठूला अर्बपति उत्पादन गर्ने मुलुक भएको छ । सन् १९९८ मा ल्याइएको आवास सुधार योजनामा स्थानीय सरकारहरूलाई आवास विकासका लागि जग्गाको करमा आधारित स्वामित्व हस्तान्तरण (बिक्री) गर्न दिने व्यवस्था गर्‍यो । नीतिगत लक्ष्य थियो, 'सीमित स्रोत-साधन भएको सरकारले हरेक परिवारलाई घर बनाएर बाँड्न सम्भव छैन । त्यसैले त्यो जिम्मा खुला बजार प्रतिस्पर्धालाई दिनुपर्छ।' यसले सहरीकरण र आवास सुरक्षालाई ज्यामितीय गतिमा विस्तार गर्‍यो ।

नेपालमा भूस्वामित्व र भूउपयोगको अधिकारलाई कानुनले प्रस्ट ढंगले सुनिश्चित नगरेका कारण मूलतः कृषि उत्पादकत्वमा समस्या देखिएको छ । भूस्वामित्व भएकाहरू (व्यक्तिगत जग्गाधनी नै सही) उपयोगको अधिकार दिनेबित्तिकै स्वामित्व पनि गुम्ने भयमा छन् । त्यसैले उर्वर जमिनसमेत बरु बाँझै छाड्ने, कमाउन नदिने मानसिकता व्याप्त छ । भूउपयोग नीति बन्ने र कार्यान्वयन हुने कथा केवल मृगमरीचिका भएका छन्। त्यसैले पर्याप्त आवास विकास र व्यवस्थित सहरीकरणको चर्चा अब असान्दर्भिकजस्तो सुनिन थालेको छ। उच्च आर्थिक प्रगति कारक बनेका चीनका बजारोन्मुख अर्थतन्त्र निर्माणका लागि गरिएका नीतिगत 'डिपार्चर' का यी केही उदाहरण मात्र हुन्।

गत आर्थिक वर्ष नेपालको चीनतर्फको निर्यात अघिल्लो वर्षको दाँजोमा साढे १३ प्रतिशले घटेर मुस्किलले दुई अर्ब रुपैयाँको मात्र भयो। आयात भने साढे २८ प्रतिशतले बढेर २ खर्ब रुपैयाँ पुगेको छ। अथवा एक रुपैयाँको निर्यात हुँदा एक सय रुपैयाँको आयात चीनबाट हुन थालेको छ। सत्तारुढ नेकपाले सीपीसीसँग स्थापना गरेको भाइचाराको वास्तविक औचित्य आउँदो वर्ष यो घाटाको व्यापारमा कति सुधार आउँछ, त्यसले नै निर्धारण गर्नेछ। नेकपा मुलुकको हित गर्ने सच्चा कम्युनिस्ट बन्यो कि बनेन ? त्यसको मापक पनि यही हुनेछ। ने

*ट्वीटर : @DrAchyutWagle*



# पहिरनको संसार

छिमेकको विशाल बजार अनि भारतीय चलचित्रको प्रभावमा नेपाली फेसन

लुभुस्थित आरके टेक्सटाइलमा
कपडा बुन्ने धागो कात्दै

सरोज बैजू

## सुनिता लोहनी

उ खानै छ- खाएको देखिन्न, लाएको देखिन्छ । कुनै बेला जाडो-गर्मीबाट बच्न र लाज राख्न एकसरो आङ ढाक्न पाए पुग्थ्यो मानिसलाई । बदलिँदो समयसँगै पहिरन आफैँमा सौन्दर्यदेखि सन्देशसमेत बन्दै गयो । व्यक्तित्व उजिल्याउन लगाइने वस्त्र आजको संसारमा छलफलका विषय बन्न थालेका छन् । राजनीतिकर्मीदेखि कूटनीतिज्ञसम्म, कलाकारदेखि सामाजिक अभियन्तासम्मका फेसन स्टेटमेन्टबारे कुराकानी यसमै समेटिने गर्छन् । विश्वविद्यालयमा पहिरन अध्ययनको विषय भएको छ अनि सञ्चार माध्यमका महत्त्वपूर्ण छलफल लत्ताकपडामुखी हुँदै छन् ।

कपडाले मान्छेमा आत्मविश्वास ल्याउन सघाउँछ । विवाह होस् या चाडपर्व- उत्सवमा मान्छे नयाँ-नयाँ आभूषणमा सजिन मन पराउँछन् । कपडा पसल, मलहरू, परम्परागत टेलर एवं बुटिकहरूमा मानिसको भीड लाग्छ । बच्चादेखि वृद्धसम्मले दसैं-तिहारमा नयाँ कपडा लगाई ठूलाबाट आशीर्वाद लिने चलन छ । जन्मेपछि नै शिशुलाई सफा कपडाले बेरिन्छ ।

हुर्कने क्रममा कैयौँ कपडा लगाइन्छन् । हिन्दु र अन्य धर्मको संस्कारमा पनि कपडाको महत्त्व अविच्छिन्न छ ।

पृथ्वीका अरू प्राणीलाई नभए पनि हुने, मानिसलाई नभई नहुने । कहाँबाट कसरी सुरु भयो होला, पहिरन उत्पत्तिको इतिहास ? अनि नेपाली पोसाकको मौलिकता कसरी विकास हुँदै गयो ? खोज्दै जाँदा लुगाफाटोको कथा कम्ती चाखलाग्दो छैन ।

शोधकर्ताका अनुसार करिब १ लाख १७ हजार वर्षअगाडि पहिलोपल्ट मानव पाइला अफ्रिकी महादेशमा देखियो, चिम्पान्जी प्रजातिका रूपमा । सो जनावर विकसित हुँदै ढुंगे युगसम्म आउँदा विवेकशील प्राणी बनिसकेको थियो । उसले लुकेर जंगली जनावरको सिकार गर्न जानिसकेको थियो । वैज्ञानिकका अनुसार ढुंगे युगमै मान्छेले पहिलोपल्ट कपडा सिर्जना गरेको थियो । जाडोबाट बच्न मानिसले जनावरको हड्डीलाई सियो बनाई त्यसको छाला र रौँबाट शरीर ढाक्ने कपडा बनाउन सिके ।

सुती कपडा अर्थात् कटनको प्रयोग भने धेरै पछि हुन थालेको हो ।

कटन कहिलेदेखि सुरु भयो ? त्यसको ठ्याक्कै अभिलेख कतै छैन । ७ हजार वर्षअगाडि मेक्सिकोको एउटा गुफामा कटन फेला परेको मानिन्छ । अनुसन्धानकर्ताका अनुसार सो कटन अमेरिकामा फल्ने कटनजस्तै थियो । यस्तै, ईसापूर्व करिब ३ हजार वर्षमा पाकिस्तानको सिन्धु नदी उपत्यकामा पहिलोपल्ट कटन उम्रेको थियो । भनिन्छ, त्यही समय इजिप्टको नाइल नदीनजिक कटन खेती हुन्थ्यो र कपडा बनाइन्थ्यो । अरबी व्यापारीले सोही कटन युरोप पुऱ्याए, सन् ८०० मा । सन् १४९२ मा कोलम्बसले अमेरिका पत्ता लगाउँदा बआमा टापुमा कटन उम्रिरहेको थियो । सन् १५०० सम्म आइपुग्दा कटनबारे विश्व परिचित भइसकेको थियो ।

हामीमध्ये धेरैले केही वर्षअघि हिन्दी चलचित्र *बाजिराव मस्तानी* हेऱ्यौँ । तस्बिर हेर्दा लाग्छ, पृथ्वीनारायण शाहले लगाउने गरेजस्तो जामाबाट त्यो सिनेमाको पहिरन चेत प्रभावित छ । शाहले राज्य विस्तार नगर्दासम्म बाइसे-चौबीसे राज्यमा विभक्त नेपालझैँ भारतमा पनि अंग्रेजले नलिँदासम्म थुप्रै राज्य अस्तित्वमा थिए । नेपालका लिच्छवि, मल्ल र शाहकालका राजाहरू उतैबाट आएका हुनाले तिनको फेसन मिल्नु स्वाभाविकै हो । पचपन्ने झ्याले दरबारअगाडिको भूपतीन्द्र मल्ल, जयस्थिति मल्लको टाउकाको मुकुट र भेषभूषा बाजीरावसँग ठ्याक्कै मिल्छ । नमुना कलेज अफ् फेसन टेक्नोलोजीकी प्राध्यापक कुश्मा श्रेष्ठ भन्छिन्, "भेषभूषा भनेको संसारभरि नै आवश्यकताअनुसार बनाउने हो । सबैको शरीर उस्तै हो । शरीर ढाक्नै लगाउने हो । कसैले तलबाट लगाउँछ, कसैले माथिबाट । हामीले जामा भन्छौँ भने उनीहरू लेहेंगा । तासको जामा लगाएर बिहे गर्ने नेवारी परम्परा थियो । अहिले बनारसी साडीको चलन छ ।" कुमारीले चाहिँ जामा र चौबन्दी चोलो नै लगाउँछन् ।

युरोपमा १६ र १७ औँ शताब्दीमा नर्सले लगाउने सेतो जामा धामीका पहिरनसँग ठ्याक्कै मिल्छन् । सिउने संस्कार सुरु नहुँदासम्म संसारभर बेरेरै लगाउँथे । १२ औँ शताब्दीतिर सियोको विकास भएको मानिन्छ । इजिप्सियनको सभ्यता चरमोत्कर्षमा पुग्दा भारतवर्षमा महाभारतको बेला थियो । दुवै ठाउँमा कपडा बेरेरै लगाइन्थ्यो । सियो आविष्कारपछि इम्ब्रोइडरी विकास भयो । राजा-महाराजाको पहिरन सुनचाँदीका धागाले सिउन थाले । करिब १६ औँ शताब्दीतिर मेसिनको आविष्कारपछि सूचिकार बेरोजगार भए । त्यसपछि मानिसको श्रम कटौती गरेर बेरोजगार बनाइदिएको भन्दै मेसिन बनाउनेलाई बेलायतबाट लखेटेको देखिन्छ ।

प्राध्यापक श्रेष्ठका अनुसार वर्गविभेद युरोपमा उत्तिकै थियो । मल्लकालतिरै किसानले घुँडाभन्दा तल लगाउन नपाउने चलन थियो । युरोपमा पनि त्यस्तै थियो । राजारानी लुगा लतार्दै आउँथे भने किसान घुँडा देखाएर लगाउँथे । लुगाको लम्बाइ र ठूलूलो कपालको डिजाइनले प्रतिष्ठा देखाउँथ्यो । युरोपका गरिब बस्तीमा टालटुल पारेकै कपडा लगाइन्थ्यो, १७ औँ शताब्दीसम्म । सबैले सुविधा पाउनुपर्छ भनेपछि सामूहिक उत्पादनमा विभिन्न आकारका

पोसाक उत्पादन हुन थाले ।

नेपालमा भौगोलिक स्थितिअनुसार फरक-फरक पोसाक छन् । हिमालमा बख्खु, दोचा लगाइन्छ भने पहाडमा दौरा-सुरुवाल, चोलो-धोती लगाइन्छ । तराईमा फरिया, जामा, धोती र भेस्ट लगाइन्छ । तराईमा कपडाको इतिहास केलाउँदा मैथिल संस्कृति पहिल्याउनुपर्ने हुन्छ। राजा जनकको पालादेखि नै वर्णअनुसार कामको व्यवस्था भएको प्राज्ञ एससी सुमन बताउँछन्। मैथिल समुदायमा मुस्लिमका जुला (सूचिकार) ले कपडा सिउने र धोबीले धुने चलन थियो । त्यो जुला प्रथा आजपर्यन्त छ। तान बोक्दै रुईलाई हानेर डोरी बनाई हातेतानमा बुन्ने परम्परा त्यहीँबाट सुरु भएको कलाकार सुमन बताउँछन् ।

उतिबेला कपडामा प्राकृतिक रंग बेसार, चियापत्ती, फूलपत्ती, गोलभेँडा, गाजर तथा जडीबुटीको रङ लगाइन्थ्यो। मैथिलहरू घर र कपडामा सोही रङ लगाउँथे। मैथिल संस्कृतिमा अहिले पनि रातो रङको धोती लगाउने प्रचलन छ।

पछि टाई एन्ड डाईका रूपमा कपडा बाँधेर रङमा डुबाएपछि निकाल्दा नयाँ डिजाइन सुरु भयो। काठका स्ट्याम्प बनाएर सेतो कपडामा छाप्ने चलन भित्रियो, अहिले मेहन्दी छापेजस्तो । टेक्सटाइल इन्जिनियरसमेत रहेका एससी सुमन भन्छन्, "हामीले नयाँ-नयाँ फेसन समात्दै गयौँ । भारतले चाहिँ टेक्सटाइल उद्योगको विकास गऱ्यो । राजस्थानको टाई एन्ड डाई विश्वविख्यात छ । युपी ह्यान्डलुम प्रख्यात छ। अन्तर्राष्ट्रिय फेसन शोमा तिनीहरू मैथिल कलाबाट बनेका साडीको फेसन शो गर्छन्।" हाल मैथिल चित्र घरघरमा मात्र नभई सारी, तन्ना, सिरानीको खोल, पर्दा, टाई, सर्ट, कपडाका झोलामा पनि देख्न सकिन्छ।

उतिबेला काठमाडौँ उपत्यकामा नेवार समुदाय घरघरै कपडा बुन्थे। आम मानिसले लगाउनेलाई घरबुना कपडा भनिन्थ्यो। लठ्ठी गाडेर लट्टाईजस्तोमा बेरेर बिनमा रोल गरेर तानमा हालेर बुन्ने चलन थियो। प्रायः कटनको कपडा बुनिन्थ्यो। विवाह नभएकाले अलि फरक डिजाइनको दौरा-सुरुवाल लगाउने

चलन थियो। त्यो सुरुवाल अहिले ठमेलमा पर्यटकले लगाउँछन्।

हिमालका शेर्पा या तराईका थारु, धिमाल, मैथिली नै किन नहोऊन्, धागोबाट आफैँ कपडा बनाउँथे। राउटेहरू अझै आफ्ना लागि आफैँ कपडा बनाउँछन्। कति ठाउँमा सुतीको खेती हुन्थ्यो भने कतै जनावरको रौँबाट बनाइन्थ्यो। जयस्थिति मल्लले मानिसको वर्गीकरण गरेर सबै जातिलाई पेसा सुम्पिदिएका थिए। अहिलेजस्तो सबैले सबै काम गर्दैनथे। सबैलाई कामको जिम्मा दिइएको हुन्थ्यो। कोही भाँडा बनाउँथे, कोही जुत्ता त कोही लुगा सिउँथे।

तर पछिल्लो समय सर्ट, पाइन्ट, लेहेंगा, कुर्ता, स्कर्टजस्ता पहिरन नेपाल प्रवेश गरेका छन्। फेसन डिजाइनर राजेश धाख्वालाई लेहेंगा, शेरवानी लगाएर हिन्दी गीतमा पार्टीमा नाचेको मन पर्दैन। "हामी नेपाली हौँ। आफ्नै मौलिक पहिरन छ, त्यसैलाई व्यावसायिक बनाउन लाग्नुपर्छ। नेपालले भारत र चीनले जस्तो आम उपयोगका लागि उत्पादन गर्न सक्दैन," धाख्वा भन्छन्, "हाम्रो विशेषता भनेको ढाका, पस्मिना, दौरा-सुरुवाल, भादगाउँले टोपी, गाँजाबाट बनेका कपडा हुन्। प्राकृतिक रेसाबाट बनेका कपडाको अन्तर्राष्ट्रिय स्तरमा ठूलो माग रहेकाले त्यसको उत्पादनमा जोड दिनुपर्छ।"

डिजाइनर धाख्वासँग कपडा व्यापारमा तीनपुस्ते अनुभव छ। उनका बाजे उतिबेलै बेलायतबाट कपडा मगाएर कोलकाताबाट काठमाडौँ अनि कालिम्पोङ हुँदै ल्हासामा व्यापार गर्न जान्थे। कपडा बेच्ने मात्र होइन, डिजाइन सिर्जना गर्न पनि जान्नुपर्छ भन्ने सोच बोकेर ०५० सालमा उनले फेसन डिजाइन पढे। सिंगापुरबाट फेसनमा थप अध्ययन गरे र कुपन्डोलमा पहिलो बुटिक खोले। अहिले कुपन्डोलमा घरैपिच्छे बुटिक भेटिन्छन्। हातेतानमा लुभुमा हाकुपटासी बनाइन्छ।

पाल्पाली ढाका, गाँजा र सिस्नोजस्ता प्राकृतिक रेसाका कपडा नेपालमा पाइन्छन्। धाख्वाका अनुसार उतिबेला बजारमा कच्चापदार्थ पाउन कठिन थियो। कपडा डाई गर्न गुणस्तरीय

फेब्रिक अभाव हुन्थ्यो । नेपाली कपडामा मात्र निर्भर हुन गाह्रो भएपछि उनले भारतबाट आयातीत सुती कपडामा डिजाइन गर्न थाले । भारतीय सिल्क र कटन महँगिएपछि चीनबाट कपडा आयात थालेको उनको भनाइ छ ।

दोस्रो विश्वयुद्ध समाप्तिपछि कपडा सिउने आधुनिक मेसिन भेटिए । पहिले धनीले मात्र किन्न सक्ने कपडा गरिबले पनि किन्न थाले । ५० को दशक नाघिसक्दा पनि नेपाल भने फेसन डिजाइनबारे बेखबर रहेको डिजाइर तरुनिका महतोको बुझाइ छ । ०५३ सालबाट चलचित्रमा फेसन डिजाइनरको काम थालेकी महतो भन्छिन्, “पहिले ग्राहकले यस्तो-यस्तो डिजाइनको पहिरन बनाइदिनू भन्थे । अहिले फोटो देखाएर यस्तो बनाइदिनू भन्छन् । बीचमा आएर डिजाइनरसँग ‘मलाई कस्तो सुहाउँछ’ भनी सोध्थे । अहिले फेरि डिजाइनर भनेको काम पूरा गरिदिने मात्र भएको छ ।”

महतोको भनाइमा यिनै कारणले अचेल डिजाइनर आफ्नो धारणा दिन सक्दैनन् । हिरोइनले जस्तो लगाउँछन्, उस्तै खोज्छन्, तर सबैको शरीर एकैखाले हुँदैन । “टेलरले बुटिकको काम गर्न सक्दैन । हामीकहाँ पढेर बुटिक खोल्नेभन्दा खोलेपछि पढ्न जाने प्रवृत्ति बढेको छ,” उनी थप्छिन् ।

थुप्रै नेपाली चलचित्रमा डिजाइनिङ गरेकी महतोले पैसा दिन किचकिच गर्ने निर्माताबाट दिक्क भएर त्यसलाई चटक्कै छाडिन् । उनका अनुसार भारतमा जस्तो चलचित्र र फेसन शो हेरेर बजारमा त्यही फेसन चल्ने, किन्ने

# ढाकाको डिजाइनमा लुभु

घरैपिच्छे कपडा बुनिने भएकाले ललितपुरको लुभुलाई ‘मिनी जापान’ भन्न थालिएको छ । लुभुमा १९९५ सालदेखि कपडा बुनाइ सुरु भएको थियो । लुभु, देवननीका रामलाल श्रेष्ठले बनेपाको चण्डेश्वरी कपडा कारखानामा कपडा बुनाइको आधारभूत तालिम लिए । त्यही क्रममा उनले घरेलु साना तथा मझौला उद्योगबाट हातेतान किने । त्यतिबेला कपडा बुन्न चाहिने धागो घरेलुले नै उपलब्ध गराउँथ्यो । पछि उनले टेक्निकल स्कुल अफ काठमाडौँबाट कपडा बुनाइ तालिम लिए ।

उतिबेला हातेतानबाट कोरा कपडा मात्र बुनिन्थ्यो र रंग्याउनुपरे काठको बोक्रा, रातो माटो आदि प्रयोग गरेर खैरो रङमा रंगाइन्थ्यो । ००२ सालतिर उनले हातेतानको नक्कल गरी अन्य हातेतान बनाए र कपडाको विस्तार हुँदै गयो । ०१० सालदेखि ०२५ सम्म सक्कली ढाका कपडा बुनिन्थ्यो । कपडामा बुट्टा राख्नेमा बाबुकाजी श्रेष्ठ उत्कृष्ट थिए । उनलाई घरेलुले जागिर दिएर पाल्पा पठायो । त्यहाँ पनि उनले यस किसिमको कपडा बुनाइ फैलाए । लुभुबाट ढाका पाल्पा पुगेको उद्योग वाणिज्य संघ ललितपुर क्षेत्र–२ का अध्यक्ष केशव श्रेष्ठ सुनाउँछन् ।

०२५ सालसम्म नेवारी भाषामा वःटांगाबाट पनि कपडा बुन्ने काम हुन्थ्यो । यसबाट खासगरी रातो पारी भएको कालो साडी (हाकुगु पर्सी) मात्र बुनिन्थ्यो । साडी प्रचलन नेवारी समुदायमा अझै भए पनि वःटांगा प्रयोग भने बन्द छ । त्यसअघि कृषि र पशुपालन अपनाएका लुभुबासी यो काम फुर्सदमा मात्र गर्थे । ०२६ सालमा घरेलुबाट रामबहादुर श्रेष्ठले नेपालमा बनेको सेमी अटोलुम ल्याए । यो मेसिन तानबिना विद्युत् पाउदानीको साथमा सञ्चालन हुन्थ्यो । घरेलुबाट धागो ल्याई ज्यालादारीमा कपडा बुनिन्थ्यो र घरेलुमै बेचिन्थ्यो ।

त्यतिबेला लुभुमा हातेतान, ज्याकार्ड लुम, अर्धस्वचालित र स्वचालित तान थिए भने हाल पावर लुम, रायपियर लुम, ज्याकार्ड लुम र स्वचालित तान छन् । मजदुर अभावले रायपियर लुम सुरु भएको केशव बताउँछन् । धेरै किसिमका ढाका उत्पादन गर्ने केशव भन्छन्, “लुभुलाई औद्योगिक हब बनाउने योजना छ । यसका लागि सरकारले सीपमूलक तालिम दिनुपर्‍यो । भारतबाट डिजाइन किनेर ल्याएर प्रिन्ट गरिरहेका छौँ । डिजाइन सफ्टवेयरको तालिम दिनुपर्‍यो ।”

लुभुमा ८८ वटा उद्योग छन्, जसमा करिब १५ सयले रोजगारी पाएका छन् । लुभुको खास उत्पादन सुती र ढाका कपडा हो । यहाँका कपडा ठमेलमा बेचिन्छ । अमेरिका र फ्रान्समा पनि निर्यात हुन्छ । लुभुबाटै ढाकाको काम सुरु भएको हो ।

भारतीय नागरिक जहाँगीर अन्सारी २४ वर्षदेखि काठमाडौँमा कपडा बुनिरहेका छन् । लुभुमा २० वर्ष पुरानो हातेतानमा ढाका बुन्दै बसेका अन्सारीका अनुसार ह्यान्डलुमको बानी भएकाले अटोमेसिन चलाउन गाह्रो हुन्छ । आधुनिक मेसिनको आवाज ठूलो र बोक्न पनि गह्रौँ हुन्छ ।

किरण श्रेष्ठले प्राकृतिक हस्त बुनाइ तथा रंगाइको स्थापना ०५० सालमा सुरु गरेका थिए । हातेतान, प्राकृतिक रेसा र डाईमा ध्यान दिने उनी बजार खुम्चिएको अनुभव सुनाउँछन् । भन्छन्, “बजार र उत्पादन राम्रो छैन । नयाँ पुस्तामा यसप्रति रुचि छैन । पुराना पुस्ताले गर्न सक्दैनन् ।”

स्वचालित मेसिनले ढाका बुन्दै, लुभु ललितपुर

श्री ३ चन्द्रशमशेर जबराको परिवार

परम्परा नेपालमा छैन, न त नेपाली सेलिब्रिटीले लगाएका कपडाले बजारमा प्रभाव पर्छ । बरु भारतीय टेलिफिल्म र चलचित्रको प्रभावले नेपाली बजार प्रभावित हुने स्थिति छ ।

पहिले-पहिले फेसन सिनेमाद्वारा निर्देशित हुन्थ्यो । सन् ७० को दशकदेखि नै भारतीय सिनेमाले नेपाली फेसन बजार प्रभावित पारेको थियो । अमिताभ बच्चनले लगाएका ठूलठूला मोहता भएका बेलीबटम पाइन्ट र हेयरकट आउँथे । अहिले पनि अवस्था उस्तै छ । यद्यपि फेसन शो भने भइरहेका छन् । बजारमा फेसन पढेका नयाँ डिजाइनर ओइरिएका छन् । न्युयोर्कस्थित नेपाली मूलका प्रबल गुरुङदेखि धाक्वा र गहना डिजाइनर अर्पणा रायमाझीलगायतको पुस्ता नेपाली पहिरन, बुट्टा र रङलाई नेपालमा मात्र नभई बाहिरसमेत चिनाउन लागिपरेको छ ।

हिमाली जिल्ला मनाङका मान्छे गरिब थिए । पूर्वाधार नबनेकाले रोजगारीका अवसर थिएनन् । सहायक प्राध्यापक विष्णुप्रसाद शर्माका अनुसार राजा महेन्द्रले मनाङे व्यापारीलाई भन्सार छुट दिए । अन्तर्राष्ट्रिय उडान अन्त खासै थिएन । नेपाल एयरलाइन्स थाइल्यान्ड उड्थ्यो । त्यहाँ कपडा र सुन एकदम राम्रो पाइने । मनाङेहरू थाइल्यान्डबाट तयारी पोसाक जिन्स ल्याएर काठमाडौँमा बेच्थे । यहाँका व्यापारी सामानको सूची मनाङेलाई दिन्थे । त्यही सामान काठमाडौँका व्यापारीले बेच्थे ।

०३० तिर थाइल्यान्डबाट सर्ट, जिन्स पाइन्ट र टिसर्ट ल्याएर काठमाडौँमा बेचेको वीरबहादुर तामाङ, ५२, अझै सम्झन्छन् । भन्छन्, “पहिलोपल्ट हवाईजहाज चढेर बैंकक गएको थिएँ । कपडा किन्न जाने समूह नै हुन्थ्यो । साहूले पैसा दिन्थे । किनेका लुगा सबै लगाउने अनि यहाँ बेच्थे ।”

१६ र १७ औं शताब्दीमा पोलिस्टरजस्ता कपडा बनिसकेका थिए । तर औद्योगिक क्रान्तिपछि मात्र कपडा उद्योगमा आमूल परिवर्तन भयो । सन् १७६० देखि १८४० सम्म बेलाबेला भएका औद्योगिक क्रान्तिका कारण सामूहिक उत्पादनका लागि मेसिन प्रयोग थालियो । प्राकृतिक रेसाले मात्र सबैलाई कपडा बनाउन नपुग्ने भएपछि कृत्रिम धागो बन्न थाले । दोस्रो विश्वयुद्धपछि यी सामान नेपाल भित्रिए । सर्वसाधारणले फेसन गर्ने सामर्थ्य त्यसपछि मात्र भएको प्राध्यापक कुश्मा श्रेष्ठ बताउँछिन् । भन्छिन्, “पहिले राजपरिवार, शक्तिशाली तथा उच्च ओहोदाका मानिसले मात्र फेसन गर्न पाउँथे र सक्थे पनि । फेसनले ऱ्यांक, स्ट्याटस र व्यक्तित्व पनि देखाउने ।”

इतिहासविद्का अनुसार नेपालमा गोपाल, किराँत, लिच्छवि, मल्ल र शाह वंशले राज्य गरे । गोपाल वंशमा कपडा भिर्ने चलन थियो । धामीको पहिरन त्यसबेलाको पोसाकको प्रतिनिधित्व हो । पहिलो कपडा छालाको भएको विज्ञहरू बताउँछन् । महादेवले बाघको छाला लगाएको चित्र देखिन्छ । बाघ र चितुवाको छाला लगाउनु शक्तिको प्रतीक बुझिन्थ्यो । इजिप्टका पुजारीले पनि छालाकै लुगा लगाउने चलन रहेको श्रेष्ठ बताउँछिन् ।



> भेषभूषा भनेको संसारभरि नै आवश्यकताअनुसार बनाउने हो । सबैको शरीर उस्तै हो । शरीर ढाक्नै लगाउने हो । कसैले तलबाट लगाउँछ, कसैले माथिबाट ।
>
> – कुश्मा श्रेष्ठ
> प्राध्यापक, नमुना कलेज अफ् फेसन टेक्नोलोजी

## बिरामी उद्योग

**सन् २०१२ को एक अध्ययनअनुसार प्रतिव्यक्ति २५ मिटर कपडा आवश्यक पर्छ । कपडा उद्योग संघका अनुसार नेपालमा प्रत्येक वर्ष करिब ८० अर्ब रुपैयाँको कपडा भित्रिने गरेको छ । यी कपडा प्रायः चीन र भारतबाट ल्याइन्छ । ७ करोड मिटर कपडा देशमै उत्पादन हुन्छ भने १३ करोड मिटर बाहिरबाट ल्याइन्छ ।**

**संघका अध्यक्ष शैलेन्द्रलाल प्रधानका अनुसार करिब साढे ३ खर्ब रुपैयाँ कपडाजन्य वस्तुमा खर्च हुन्छ । सबैलाई चाहिने कपडा नेपालमै उत्पादन गर्न किन असमर्थ ? प्रधान भन्छन्, “०७५/७६ मा सरकारले कपडामा मूल्य अभिवृद्धि कर लगायो । मोबाइलजस्तै एउटै बास्केटमा हालेर नियम बनाउँदा कपडा उद्योग अहिले बिरामी छ ।”**

**कपडा उद्यमीका अनुसार २४ मंसिर ०७५ मा सरकारले बैंक ब्याज सुविधा र विद्युतीय महसुलमा छूट दिने भने पनि कार्यान्वयन भएको छैन । सरकारले सीमामा चोरी-निकासी रोक्न नसक्दा र मूल्य अभिवृद्धि कर बढाउँदा टेक्सटाइल उद्योग बन्द हुने क्रम बढेको छ । हाल देशमा सानाठूला गरी करिब २ सय टेक्सटाइल उद्योग दर्ता छन् ।**

००७ सालपछि सीपमूलक काम गराउन सरकारले केही महिलालाई भारतमा सिलाइ तालिम लिने व्यवस्था मिलायो । नमुना कलेज अफ् फेसन टेक्नोलोजीकी संस्थापक ज्ञानीशोभा तुलाधरले भारतबाट पढेर आएपछि नमुना सिलाइ स्थापना गरिन् । उनीसँगै गएका अन्य फेसन डिजाइनर मिलेर त्यसबेलाको फेसन बजार धानेको कुश्मा श्रेष्ठ बताउँछिन् । राणा, राजा, उच्च ओहोदा तथा व्यापारी, सर्वसाधारण र चलचित्रमा फेसन डिजाइन सुरु गरेका थिए ।

दक्षिण एसियामा फेसनमा नेपाली अगाडि रहेको फेसनविज्ञहरू बताउँछन् । नेपालमा

## कपडाको प्रदूषण

युनाइटेड नेसन इन्भाइरोमेन्टको अनलाइन समाचारअनुसार अन्तर्राष्ट्रिय उडानको दाँजोमा विश्वमा २० प्रतिशत प्रदूषित पानी र १० प्रतिशत कार्बनको उत्सर्जन फेसन उद्योगबाट हुन्छ। कपडा रंग्याउँदा वा डाई कार्यले विश्वमै दोस्रो ठूलो प्रदूषण हुने गरेको छ। एक जोडी जिन्सका कपडा डाई गर्न २ हजार ग्यालेन पानी लाग्छ। प्रतिसेकेन्ड कपडा बोकेको भारी ट्रक ल्यान्डफिल्ड साइटमा थुपार्ने वा जलाउने गरिन्छ। कपडा धुँदा मात्र प्रतिवर्ष आधा मिलियन टन माइक्रोफाइबर समुद्रमा जम्मा हुने गरेको तथ्यांक छ। यस्तै अवस्था रहे सन् २०५० सम्म फेसन उद्योगले कार्बन कटौतीका लागि सम्पूर्ण बजेटको एक चौथाइ रकम खर्चनेछ।

सुती र सिल्क मात्र प्राकृतिक रेसा हुन्। बजारमा आएका पोलिस्टर, सिन्थेटिक, टेरिकटन, नाइलनजस्ता कपडा रसायनबाट मान्छेले बनाएका हुन्। यी रेसाबाट बनेका कपडा लगाउँदा चिलाउने, घोच्ने र मनोवैज्ञानिक रूपमै असर पर्ने विज्ञहरू बताउँछन्। धाख्वाका अनुसार पोलिस्टर भनेको एक्रेलिक नै हो। तर त्यसमा कटन थोरै मिसाएर राम्रो भन्दै बेच्नु भने गलत हो। भिस्कस, सिन्थेटिक, ऊनी स्वेटर सबै एक्रेलिक नै हो। यस्तै, राम्रो देखिने चक्करमा आराम र गुणस्तरमा ध्यान दिन भुल्दा उपभोक्ताले दुःख पाइरहेका छन्।

लुभुस्थित आरके टेक्सटाइलमा चर्खामा धागो कात्दै

फेसन छिटोछिटो परिवर्तन भइरहन्छ। पहिला च्यातेका कपडा टालटुल पारिन्थ्यो भने अहिले च्यातेका पहिरनको फेसन छ। काउ ब्वाईका लागि बलियो कपडा बनाउने चक्करमा डिजाइन गरेको जिन्स अहिले फेसनमा संसारभर छाएको छ। केरा, जुट, पस्मिना, ढाका, सुती ऊनी, पोलिस्टरका कपडा चलनचल्तीमा छन्। मध्यम वर्गीय र निम्न वर्गका लागि चिनियाँ र भारतीय कपडाकै होडबाजी छ। चीनका कपडा दिनानुदिन प्रयोगमा छन् भने भारतका प्रायः पार्टी र उत्सवका लागि।

रङका हिसाबले नेपाली प्रायः रातो रङका कपडा लगाउँछन्। चाडपर्वमा उज्याला रङ र अरू बेला सौम्य रङमा युवायुवती सजिएको देखिन्छ। नेपालको राष्ट्रिय पहिरन दौरा-सुरुवाल २० औं शताब्दीको मध्यतिर सरकारी कार्यालयमा अनिवार्य थियो। बीचतिर दौरा-सुरुवाललाई हेला गरेर तल्लो वर्ग र गरिबले मात्र लगाउने सोचिन्थ्यो। अहिले दौरा-सुरुवालको फेसन फेरि फर्केकामा धाख्वा खुसी छन्। भन्छन्, "नयाँ युवाले दौरा-सुरुवाललाई माया गरेका छन्। बिहे भोजमा लगाउन थालेका छन्, जुन शुभ संकेत हो।" उनी प्राकृतिक रेसाबाट बनेका सिस्नो र गाँजाका पहिरन विदेश निर्यात गर्न चाहन्छन्। चार वर्षदेखि न्युयोर्क फेसन विकमा सहभागी भइरहेका धाख्वा अमेरिकामा यसको ठूलो बजार रहेको बताउँछन्। ने

"हाम्रो विशेषता भनेको ढाका, पस्मिना, दौरा-सुरुवाल, भादगाउँले टोपी, गाँजाबाट बनेका कपडा हुन्। प्राकृतिक रेसाबाट बनेका कपडाको अन्तर्राष्ट्रिय स्तरमा ठूलो माग छ।

**– राजेश धाख्वा**
फेसन डिजाइनर

नेपाल
राष्ट्रिय साप्ताहिक

SANSUI
TRIVENI
SANSUI
DASHAIN
BONANZA
UPTO 33% CASHBACK
33% OFF
30% OFF
20% OFF
75" 4K Smart LED TV
MRP : Rs. 2,70,000
75U803A
Rs. 1,80,000
65" 4K Smart LED TV
MRP : Rs. 1,56,863
65U803A
Rs. 1,09,250
55" 4K Smart LED TV
MRP : Rs. 82,359
55U803A
Rs. 65,999
14% OFF
14% OFF
17% OFF
43" 4K Smart LED TV
MRP : Rs. 53,599
43U803A
Rs. 45,999
43" Smart LED TV
MRP : Rs. 46,999
43S803A
Rs. 40,499
32" Smart LED TV
MRP : Rs. 29,419
32S903A
Rs. 24,499
17% OFF
15% OFF
15% OFF
15% OFF
32" Smart LED TV
MRP : Rs. 29,419
32S803A
Rs. 24,499
32" Normal LED TV
MRP : Rs. 24,839
32D903A
Rs. 20,999
32" Normal LED TV
MRP : Rs. 24,839
32C803A
Rs. 20,999
24" Normal LED TV
MRP : Rs. 16,999
24D903A
Rs. 14,499
*Terms & Conditions apply on selected models only.
triveni byapar
National Distributor for Nepal:
Triveni Byapar Company Pvt. Ltd.
Triveni Complex, Putalisadak, Kathmandu, Nepal
Visit our showroom at Big Digital
WTC, Tripureshwor : 01-4117164
Email: info@trivenitrade.com
Trade Enquiries: 01-4242317, 01-4261456
For Service Center:
Toll Free No. : 1660 0120003
9801571055, 9801148772

# सप्त सौन्दर्य

**योगेश ढकाल**

बसैंनि करिब ५० लाख आन्तरिक पर्यटक घुमफिरमा निस्कन्छन् । आन्तरिक पर्यटनका लागि पोखरा, चितवन, मुस्ताङ, मनाङ, लुम्बिनी प्रख्यात छन् । तर अचेल नयां गन्तव्यमा घुम्न निस्कनेको संख्या पनि त्यत्तिकै बढेको नेपाल पर्यटन बोर्डका सीईओ दीपकराज जोशीको भनाइ छ । पछिल्ला दिनमा आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेका नयां गन्तव्य, जो दसैं बिदामा रमाउने बहाना हुन सक्छन् ।

## रारा

कहिले हिराको रंग, कहिले फिका नीलो, कहिले घामको झुल्कासँगै सुनौलो रंग अनि मध्याह्नमा चाँदीजस्तो । रारा तालले छिनछिनमा फेर्ने रंगसँगै पर्यटकलाई आनन्दित तुल्याउँछ । दसैँका झन्डै १० दिनजति बिदा मनाउनेहरू घुम्न निस्कने हो भने रारा ताल रोजाइमा राख्दा हुन्छ । ताल मात्र होइन, वरिपरिको जंगल । सल्लाको सुसाइसँगै चराचुरुंगीको चिरबिर । गुच्ची च्याउ, पाँचऔँले, कटुकीको सुगन्धले आनन्दित तुल्याउँछ ।

अझ दसैँको मौसम हिउँ पर्न लागेको समयले हुनुपर्छ, निकै रोमाञ्चक देखिन्छ । रारा नेपालकै ठूलो ताल हो । र, यो तालमा विश्वमा अन्यत्र नपाइने स्नोट्राउट माछा पनि पाइन्छ । झन्डै ५ किमि लामो यो ताललाई फन्को लगाउने हो भने करिब ५ घन्टा लाग्छ ।

कर्णाली प्रदेशको सानको रूपमा रहेको रारा ताल पुग्नेहरूले न्यानो कपडा भने बोक्नुपर्ने हुन्छ । नेपालगन्ज-मुगु ३५ मिनेटको हवाई यात्रापछि करिब ३ घन्टाको पैदलमा पुगिन्छ, रारा । अर्को बाटो भने सुर्खेतबाट मुगुको गमगढीसम्म गाडीमा जान सकिन्छ । र, गमगढीमा करिब ३ घन्टा पैदल यात्रा गर्नुपर्छ । सुर्खेतबाट जीप रिजर्भमा पनि जान सकिन्छ । रारा यात्रा केही खर्चिलो भने छ ।



सरोज बैद्य

## कालिन्चोक

काठमाडौंबाट सहजै पुग्न सकिने आकर्षक गन्तव्य हो, कालिन्चोक। धार्मिक आस्था मात्र होइन, प्राकृतिक सुन्दरतामा रमाउन चाहनेहरूको रोजाइमा पर्छ, कालिन्चोक। धार्मिक आस्थाले पुग्नेहरू कालिन्चोक भगवतीको दर्शन गरी पूजाअर्चना गरेर फर्किन सक्छन्।

जनविश्वासअनुसार काभ्रेको पलाञ्चोक भगवती, काठमाडौंको शोभाभगवती र अन्य भगवतीसमेत गरेर ७ भगवती दिदीबहिनीमध्ये एक हुन्, कालिन्चोक भगवती। दोलखामा कालिन्चोक निस्कनुअघि दोलखा भीमसेनको पनि दर्शन गर्न सकिन्छ। ३ हजार ८ मिटर उचाइमा रहेको यो कालिन्चोकबाट रोल्वालिङ हिमशृंखला र मनोरम प्राकृतिक दृश्यावलोकन गर्न सकिन्छ। दसैंको मौसम कालिन्चोक क्षेत्रको घुमाइका लागि रौनक थप्ने नै हुन्छ। हिउँ पनि पर्न थालिनसकेको यो मौसम फोटोग्राफीका लागि पनि आकर्षक हो। पर्यटन व्यवसायीको भनाइमा कालिन्चोक क्षेत्रमा दुई दिनसम्म रमाउन सकिन्छ।

दोलखाको चरीकोटबाट ६ घन्टाको पैदल दूरीमा पर्छ, कालिन्चोक। यद्यपि चरीकोटदेखि १७ किमि टाढाको कुरीबजारसम्म कच्ची मोटरबाटो छ, जहाँ जीप, मोटरसाइकल चलाउन सकिन्छ। कुरीबजारबाट करिब १ घन्टा पैदल यात्रापछि कालिन्चोक पुगिन्छ।

## पाथीभरा

भरतबन्धु थापा

धार्मिक आस्था र प्राकृतिक सुन्दरताको संगम गन्तव्य हो, पाथीभरादेवी मन्दिर। पूर्वी नेपालको आकर्षक गन्तव्यको रूपमा पहिचान बनाएको पाथीभरा मन्दिर परिसरबाट कञ्चनजंघा, मकालु, सगरमाथा हिमशृंखलासहित ८ हजार मिटर अग्ला ५ वटा हिमाल लहरै देखिन्छन्। ७ हजार मिटर अग्ला दर्जन हिमाल पनि आफ्नै अगाडि सर्लक्क उभिएझैं लाग्छ।

पहाडको टुप्पोदेखि झन्डै आफूजत्रै देखिने हिमशृंखलाको मनोरम दृश्य साँच्चिकै लोभलाग्दो हुन्छ। अझ दसैंको खुला मौसममा झनै मनमोहक लाग्छ। करिब ३ हजार ७ सय ९४ मिटर उचाइको पाथीभरा कुम्भकर्ण हिमालको काखमा पर्छ। पहाडको टुप्पोमा पाथीमा अन्न भरेझैं लाग्ने सुन्दर दृश्यले पर्यटकलाई अर्को आकर्षण थप्छ। हिन्दु र किराँत धर्मावलम्बीको संगम पाथीभरासँग आफूले राखेको आकांक्षा पूरा हुने जनविश्वास छ। लिम्बू भाषामा पाथीभरालाई मुक्तुवुङ भनिन्छ, जसको अर्थ हुन्छ- शक्तिको स्रोत।

पाथीभरासम्म सहज मोटरबाटो भने छैन। सदरमुकामदेखि सुकेटार विमानस्थलसम्म ८ किमि मोटरबाटो कालोपत्रे गरिएको छ। सुकेटारदेखि काफ्लेपाटीसम्म ९ किमि कच्ची बाटो छ। त्यहाँबाट साढे ४ किमि बाटो करिब ४ घन्टाको पैदल यात्रामा छिचोलिन्छ र पुगिन्छ, पाथीभरा मन्दिर। वर्षमा ५ महिना हिउँ पर्ने भएकाले हिउँ खेल्न रुचाउनेका लागि पनि मोहक गन्तव्य हो।

## जनकपुरधाम
## पर्सा वन्यजन्तु आरक्ष

जनकपुरधाम विवाह पञ्चमीका लागि प्रख्यात छ। त्यति नै चर्चामा रहन्छ, छठको मौसम। त्यति मात्र होइन, दसैंमा जनकपुरधाममा खुबै रौनक थपिएको हुन्छ। दसैंको नौरथाका बेला रामलीला प्रस्तुत हुन्छ। रामायणको कथासँग जोडिएको यो रामलीला प्रस्तुतिले दसैंमा जनकपुरधाम पुग्नैपर्ने गन्तव्य बनेको छ।

नेपालका धार्मिक गन्तव्यमा चर्चित जनकपुरधाम छुटाउनै नमिल्ने गन्तव्य हो। राजा जनकको शासन भूमि जनकपुरधाम सीता (जानकी) को जन्मथलो र रामको ससुराली सहर हो। काठमाडौंबाट नजिक र कम खर्चिलो जनकपुरधाम नौरथाको बेलामा रामलीला हेर्ने आकर्षक गन्तव्य भएको नेपाल पर्यटन बोर्डका सीईओ दीपकराज जोशी बताउँछन्।

जनकपुरधामको नौरथामा रमाएर फर्किंदा पर्सा वन्यजन्तु आरक्षमा घुम्न सकिन्छ। हात्ती वासस्थानको रूपमा परिचित यो आरक्ष क्षेत्रमा दुर्लभ मानिने गौरीगाई पाइन्छ। वन्यजन्तु हेर्न रुचाउनेका लागि बाघ, भालु मात्र होइन, ३ सयभन्दा बढी चराचुरुंगी देख्न सकिन्छ।

भित्री मधेसको केही क्षेत्रसमेत छोएको यो आरक्षले प्राकृतिक स्रोतको जानकारी लिन इच्छुकका लागि पनि आकर्षित गर्न सक्छ। आन्तरिक पर्यटकले भर्खरै यी गन्तव्यमा रुचि देखाउन थालेका छन्। काठमाडौंबाट नजिक र खर्च पनि कम लाग्ने भएकाले चितवन, पोखरा घुमेर वाक्क भइसकेकाका लागि यी गन्तव्य नयाँ मात्र होइन, स्मरणीय रहन सक्छन्।

## खप्तड

खप्तड धार्मिक आस्थासँगै साहसिक यात्राको आकर्षक गन्तव्य हो। २२ वटा विशाल आकर्षक फाँट छन्, खप्तडमा। ती फाँटमा फुल्ने फूलले झनै आकर्षण थपेको हुन्छ। खप्तड बाबाको कुटी। त्रिवेणी नदी। खप्पर दह। शिव मन्दिर। सहस्रलिंग। गणेशस्थान। नागढुंगा। केदारढुंगाजस्ता धार्मिक स्थलले खप्तड क्षेत्र धार्मिक आस्थाको केन्द्र पनि बनाइदिएको छ। दसैंको मौसम धेरै चिसोको समय होइन। त्यसले गर्दा ती फाँटहरूमा घुम्न निकै मज्जा हुन्छ।

काठमाडौं-धनगढी ६५० किमि गाडीको यात्रा वा काठमाडौं-धनगढीसम्म हवाई उडानपछि सुरु हुन्छ खप्तडका लागि अर्को यात्रा। धनगढी-डोटीको सिलगढीसम्म बसमा ८ घन्टा यात्रामा पुगिन्छ। बगलेगसम्म जीप रिजर्भ गरेर पनि लान सकिन्छ। पैदल यात्राको पहिलो दिन झिगराना, दोस्रो दिन खप्तड राष्ट्रिय निकुन्ज प्रवेशसँगै त्रिवेणी मन्दिर पुगिन्छ। खप्तड यात्रा काठमाडौंबाट टाढा र साहसिक भएकाले खर्च र समय बढी लाग्छ।

एमडीभी

## बर्दिया/स्वर्गद्वारी

जंगल सफारी। वन्यजन्तु अवलोकन। नदीजन्य पर्यटकीय गतिविधि। हात्ती सफारी। जीप सफारी। थारु संस्कृतिको रमझम। बर्दिया राष्ट्रिय निकुञ्जका आकर्षण हुन्। अलिक पर बबई नदीमा पाइने घडियाल, कर्णाली नदीमा पाइने गोही। यो निकुञ्जमा अर्ना मात्र होइन, बाघ पनि हेर्न सकिन्छ। कैलाली जोड्ने चिसापानी क्षेत्रको कर्णालीको आकर्षक पुल। अनि चिसापानीको माछाको स्वाद झनै मोहनी लगाउने हुन्छ।

अहिलेको मौसम गर्मी पनि धेरै नहुने र चिसो पनि भई नसकेकाले बर्दिया क्षेत्र घुमघामका लागि आकर्षक गन्तव्य हो। यसबाहेक, धार्मिक आस्थासहित घुम्न निस्कने हो भने स्वर्गद्वारी अर्को आकर्षक गन्तव्य हो। काठमाडौंबाट बर्दियाको भुरी गाउँसम्म गाडीमा जान सकिन्छ। त्यहाँबाट सफारी जीपमा बर्दिया राष्ट्रिय निकुञ्ज पुग्न सकिन्छ। साथै, स्वर्गद्वारीका लागि पनि बस सुविधा छ।

प्रेम शर्मा

## पञ्चासे

पञ्चासे कास्की, स्याङ्जा र पर्वतको रमणीय संगमस्थल मात्र होइन, जैविक विविधता, ऐतिहासिक, धार्मिक र प्राकृतिक दृश्यावलोकनको संगम पनि हो। यो क्षेत्रको पोखरा, मुस्ताङ, मनाङपछि अर्को आकर्षक गन्तव्य हो, पञ्चासे। पोखरीछेउ बाराही मन्दिर छ। धौलागिरी, माछापुच्छ्रे, लमजुङ र गणेश हिमाल लहरै देखिन्छन् मोहित पार्ने गरी। दृश्यावलोकनका लागि भ्युटावर पनि निर्माण गरिएको छ। साथै विभिन्न चैत्य, मन्दिरहरू पनि निर्माण गरिएको छ। सुन्दर पञ्चकोसी र पञ्चासे पोखरी झनै आकर्षक लाग्छ। अनि, गुरुङ संस्कृतिले पर्यटकलाई खुबै लोभ्याउँछ। रोदी मात्र होइन, स्थानीय गुरुङ पहिरन र आतिथ्यले पर्यटकलाई मोहित पार्छ।

जैविक विविधतामा रमाउनेहरूका लागि पनि पञ्चासे आकर्षक गन्तव्य हो। संसारमा कहीँ नपाइने तीन प्रकारका सुनगाभासहित १ सय १३ प्रकारका सुनगाभा पाइन्छ, पञ्चासेमा। ५ सय ८९ जातका फूल फुल्छन्। एक दर्जनभन्दा बढी खर्क रहेको पञ्चासेमा दुर्लभ कालो भालुसहित विभिन्न चराचुरुंगी हेर्न पाइन्छ।

धार्मिक विश्वासअनुसार अयोध्याका राजा दशरथका भान्जा श्रवणकुमार मातापितालाई धार्मिकस्थल घुमाउने क्रममा पञ्चासेमा एक दिन बास बसेका थिए। आश्चर्यचाहिँ पञ्चासे पोखरीमा रुखको पात भेटिँदैन, वरिपरि जंगल भए पनि। जनविश्वासअनुसार पातलाई चराले टिपेर फाल्छन्। पञ्चासे नजिकैको अन्धाअन्धी पोखरीबाट आँधीखोला सुरु भएको मानिन्छ।

पर्यटकीय नगरी पोखराबाट लुम्ले, काँढे, भदौरे, देउरालीसम्म गाडीमा जान सकिन्छ। त्यहाँबाट करिब ४ घन्टाको पैदलपछि पञ्चासे पुगिन्छ। पोखरा-लिवाडे-नागडाँडा-ढिकुरपोखरी-ऱ्याले पाउँदुर-भदौरे-देउरालीबाट पनि पञ्चासे पुग्न सकिन्छ। लेकसाइड-फेवाताल-पामे-घाँटीछिना-सिदानेबाट पनि पञ्चासे पुगिन्छ। ने

# दसैँ आयो

तप् तप् आँसु अहो ! सुनिन्छ जगमा खस्दै गरेको कतै
हाँसो फुट्छ कतै अपार सुखमा खेल्दै र रम्दै कतै ।
यस्तो हर्ष–अमर्ष सङ्गम दसैँ आयौ नि बग्दै किन ?
मान्छेको जगमा कि हाँस्नु–रुनुको वैषम्य हो जीवन ॥

– वैरागी काइँला
(समस्यापूर्ति, भदौ २०१३)

# साहित्य–खण्ड

# असत्यभित्रको अस्तित्व

● विश्व पौडेल

मलाई विश्वास थियो, मौका पाउनेबित्तिकै सुषुप्त चाहनाले मेरा बाहिरी सोचाइलाई जित्न केही बेर लाग्दैनथ्यो । त्यसैले जब मैले श्रद्धा गर्ने एक नेताले बुहारीलाई दाइजो ल्याइन भनेर कुटे भन्ने पढेँ, केही आश्चर्य लागेन ।

**त्यो** वर्ष पूरै उत्तरी क्यालिफोर्नियामा सुक्खा थियो, मेरा घरबेटी सम्झाइराख्थे- 'पानी कम प्रयोग गर्नू है ।' सेप्टेम्बरको सुरूमा गर्मीको प्रकोप बढ्यो । जतातै 'हिट वेभ' को कुरा हुन थाल्यो । मेरो पनि बिहान ९ बजे नै पसिना आउन थाल्यो । र, एक दिन ननुहाउँदा काखी गनाउन थाल्यो । मिसिगनबाट क्यालिफोर्निया झरेका घरबेटी भने पर्यावरण बचाउनै पनि पानी कम गर्नुपर्छ भन्नेमा जोड दिन छाड्दैनथे ।

'बुझ्यौ, नुहाउँदा स्याम्पु दल्ने बेला पनि धाराको पानी बन्द नगर्ने मान्छे त पापी हो,' एक दिन उनले भने ।

'सही कुरो,' मैले जवाफ फर्काएँ । मेरो आफ्नै बानी भने एक पटक खोलेको धारा नुहाएर नसकी बन्द नगर्ने थियो ।

त्यो उखर्माउलो गर्मी सेप्टेम्बरभरि नै रह्यो । मलाई चितवनको गर्मी सम्झाउँदै घामले पोल्यो र किताबको झोला बोकेर सडकमा हिँड्न पनि नसक्ने भएँ । एकातिर कोठामा पुग्नेबित्तिकै थकाइ लाग्ने र अर्कोतिर भएको आफ्नो सानो स्टुडियोमा खाना पकाउँदाको एक-एक विवरण घरबेटी बाले हेरिराख्ने तथा पानी बढी खर्च गऱ्यो भन्ने गुनासो गर्ने स्थिति हुन थाल्यो । त्यही बेला हो, मैले रेस्टुराँमा अलि बढी समयसम्म लगातार खान थालेको । लामो जुँगा पालेको एक पाकिस्तानीको रेस्टुराँ डुरान्ट एभेन्युमा थियो । त्यहाँ बन्ने मुख्य खानाभन्दा अन्तिममा खाने थोरै खीर मलाई मीठो लाग्थ्यो ।

संयोगवश त्यहाँ एक नेपाली भाइ काम गर्ने रहेछन् ।

'के नाम तिम्रो ?' मैले सोधेँ ।

'चन्द्रप्रसाद थपलिया । म चितवन चनौलीको ।' उसले भन्यो ।

'ए, म पूर्वी चितवनको । अनि चनौलीको विकास विष्ट चिन्छौ ? सधैं फस्ट हुन्थ्यो नि । मेरो साथी हो ।' मैले भनें । खासमा विकाससँग मेरो सानो चिनजान मात्र थियो, त्यो पनि हाइस्कुल पढ्दातिर । तर मुखबाट त्यो प्रश्न निस्किहाल्यो ।

चन्द्रले एउटा फलामे बाला लगाएको थियो । मैले उसलाई भनेको थिएँ, 'तिमी त पन्जाबीजस्तै बाला लगाउँदा रहेछौ ।'

'मेरो एक्सले दिएको दाइ ।' उसले भन्यो । मेरो त्यसबेलासम्म कुनै पनि खालको प्रणय सम्बन्धको अनुभव थिएन र मलाई उसको कुराले ईर्ष्या भयो ।

मैले उसलाई त्यो सेप्टेम्बर लगालग दुई-तीन दिन भेटें । भेटपिच्छे ऊ या राजनीतिको कुरा गर्थ्यो या त आफ्नी पूर्वप्रेमिकाको । उसको थेप्चो परेको टाउकोमा अगाडिका दाँतको बीचमा केही छिद्र थियो र कपालको बीचमा सिउँदोजस्तो पारेको थियो । राजनीतिको कुरा गर्दा ऊ सधैंभरि एउटा कुरा भन्न छुटाउँदैनथ्यो, 'नेपाल पनि कुनै बस्ने ठाउँ हो दाइ ?'

म पढाइको तनावमा थिएँ र उमेर घर्किन लाग्दा पनि बिहे नभएको अर्को समस्या झेल्दै थिएँ । भेटघाट हुँदा नातेदारहरू पनि पढाइ कस्तो छ भन्ने भन्दा 'ओहो ! मैले फलानो ठाउँमा यो केटी देखेको छु, बिहे गर्ने हो भने कुरा अघि बढाऔं ?' भनेर सोध्थे । म उनीहरूलाई मेरो अहिले जागिर छैन, फुर्सद छैन आदि भन्थें । तर भित्रभित्र भने उनीहरूले मलाई कुनै एक सुन्दर महिलासँग चिनाजानी गराइदिऊन्, जसले जागिर नभए पनि, धेरै सुन्दर नभए पनि र पढाइमा तनाव भइरहेको भए पनि मसँग घरबार जोड्न आनाकानी नगरोस् भन्ने मेरो चाहना थियो । तर त्यो अति संवेदनशील उमेर थियो । मानौं, सम्पूर्ण जीवन नै बिहे गर्ने प्रतिस्पर्धाका लागि बनाएजस्तो । त्यसैले चन्द्रले आफ्नो पूर्वप्रेमिकाको कुरा गर्दा मलाई अप्ठेरो महसुस हुन्थ्यो । सायद मेरा लागि त्यस्तो महत्त्वपूर्ण बन्दै गएको प्रतिस्पर्धामा त्यो साधारण चन्द्रले मलाई सजिलोसँग हराइरहेको देखेर । त्यसैले ऊसँगको केही भेटपछि मैले कुराकानी गर्न खासै रमाइलो मान्न छाडें । मलाई राजनीतिमा खासै रूचि थिएन र रूचि भएको विषयमध्ये एकमा उसले मलाई सजिलैसँग पराजित गरेको थियो ।

त्यसपछि लगभग पैंतालीस दिनजति म उक्त रेस्टुराँमा गइनँ । अक्टुबर अन्त्यमा बर्कली सुन्दर हुँदै गयो । पारिलो घाममा ब्यानक्रफ्ट वेका क्याफेमा बसेर कफी खाँदै गफ गर्ने प्राध्यापकहरू, साथरगेटमा हरेक दिन जम्मा भएर गाउने एक्यापेल्ला गायकहरू, हप्तैपिच्छे हुने अमेरिकी फुटबल खेलका खेलाडीहरू, स्टुडेन्ट युनियन हलको बाहिर नाच्ने नृत्यकक्षाका विद्यार्थीका बीचमा मेरा महत्त्वपूर्ण दिन बिस्तारै गुड्दै गए । गर्मीको महसुस पनि कम हुन थाल्यो । तर सुक्खा र जल उपलब्धताको समस्या भने जहाँको तहीँ थियो ।

'धेरै पानी खर्च गर्नु हुँदैन है मित्र, धर्तीमाताको सराप लाग्छ ।' घरबेटी बेलाबेला मलाई चेतावनी दिन आउँथे ।

•●•

मेरा बा र आमाले पन्ध्र र बाह्र वर्षमा बिहे गर्नुभएको थियो । उहाँहरूले गर्ने बिहेको परिभाषा छुट्टै थियो । बिहे गर्न अप्ठेरो हुनुमा उहाँहरूबाट खासै यस विषयमा मेरो समय सुहाउँदो प्रशिक्षण नपाउनु पनि थियो । प्रेम-साहित्य पढ्दै हुर्केको मलाई बुबा सुझाउ दिनुहुन्थ्यो, 'बुझिस् त्यो रूद्रप्रसादकी भान्जी फरासिली रहिछ, मोटीमोटी गोरी रहिछ, बिहा गर्दा फरक पर्दैन ।' बिहेको छनोट सबैभन्दा मिल्ने व्यक्तिसँग नभई 'फरक नपर्ने' व्यक्तिसँग भए पनि हुने उहाँको धारणा हुन्थ्यो, जसले मलाई बिहे गर्न अप्ठेरो महसुस गराउँथ्यो ।

म त्यस्तो समयको मान्छे थिएँ, जो पुरानो हिन्दी चलचित्र हेरेर आफ्नी श्रीमतीको भावभंगिमा कस्तो होस् भन्ने सोचाइ बनाउँथ्यो । यस्ती श्रीमतीको कल्पना गर्थें, जो मैले जिस्काउँदा भुइँतिर हेरेर फिस्स हाँसोस्, हाँस्दा पनि सकस भएजस्तो ओठ पनि बिस्तारै खुलोस् । नौनी रंगको चुच्चो नाकमुनि सेता दाँत बिस्तारै देखिऊन्, सिउँदो वरिपरि कपाल रेशमजस्तो गरेर सधैं उडोस् । मेरा कुराको उसले खासै प्रतिवाद नगरोस् । बाहिर अरूसँग कुरा गर्दा म उदारजस्तो देखिए पनि भित्र सुषुप्त रूपमा यी चाहना रहिरहेका हुन्थे । मलाई विश्वास थियो, मौका पाउनेबित्तिकै सुषुप्त चाहनाले मेरा बाहिरी सोचाइलाई जित्न केही बेर लाग्दैनथ्यो । त्यसैले जब मैले श्रद्धा गर्ने एक नेताले बुहारीलाई दाइजो ल्याइन भनेर कुटे भन्ने पढें, केही आश्चर्य लागेन । मान्छे झुटो बोल्ने र झुटो काम गर्ने आडम्बरभित्र हुर्कन अभिशप्त प्राणी हो, जसको सत्य बेलाबेला त्यो आडम्बरको पर्दा च्यातेर बाहिर निस्कन्छ । कसैलाई त्यो पर्दाबाहिर निस्कन समय लाग्छ, कसैलाई लाग्दैन । समय र परिस्थिति अनुकूल हुंदा ती नेताजस्तै व्यक्ति हुन सक्छु भन्नेमा मलाई कुनै द्विविधा थिएन । मान्छेको मन, व्यवहार र फरकबारे बुझ्न म बिस्तारै मनोचिकित्सकसँग कक्षा लिन लागें ।

मेरो पहिलो कक्षा रिचार्ड कृडको थियो ।

एक दिन प्राध्यापक कृडसँग कफी खाँदै ब्यानक्रफ्ट वेको क्याफे मिलानोमा बसिरहेको थिएँ । उक्त क्याफेको छत कन्भर्टिबल थियो, परेका बेला खोल्न र बन्द गर्न मिल्ने । त्यसबेला उनीहरूले त्यो छत खोलेका थिए र मलाई चर्को पोलेको पनि थियो । धेरै पछि त्यो दिन पानी पर्न सक्ने सम्भावना छ भनेर मौसमसम्बन्धी वेबसाइटहरूले भनिरहेका पनि थिए । म एक पटक पानी पर्दा त्यो क्याफेका कर्मचारीले छत बन्द गर्न नभ्याएकाले भिजेको पनि थिएँ । मैले प्राध्यापक रिचार्डलाई भनें, 'यी क्याफेका मान्छेहरू यस्ता बेवकुफ छन् र पनि म हरेक दिन यहाँ आउँछु । कसैले कुन क्याफे मन पर्छ भनेर सोध्यो भने क्याफे मिलानो भन्छु ।'

'धेरै जना मान्छेको बिहे पनि यस्तै त हुन्छ ।' उनले भने । मैले बुझिनँ र उनलाई के भन्ने खोजेको भनेर सोधें ।

'धेरैले बिहे प्रेममा परेर गरेका हुँदैनन् । उनीहरूले जीवनमा बिहे गर्न खोजेको व्यक्तिकहाँ पुगिसकेको हुन्छ । हाइस्कुलको त्यो सुन्दर केटो, अहिले कतै रेस्टुराँमा काम गर्दै हुन सक्छ । त्यो पनि तालु खुइलिएर बूढो भइसकेको हुन सक्छ र पनि सम्झनाकै ती व्यक्ति हाम्रो यादको सबभन्दा सुमधुर पलका मालिक हुन सक्छन् । यादमा समय नै जमेको हुन्छ । खासमा समय त चलायमान हुन्छ । ती सम्झनाले गर्दा हाम्रा वर्तमान जोडीलाई त्यति न्याय गर्दैनौं । सबैजसो मान्छेको बिहेको कारण सामाजिक दबाब नै हो । खासमा हामीमध्ये धेरैलाई श्रीमतीसँग प्रेम हुँदैन तर हामी प्रेम भएको छ भनेर सोच्छौं, अरूका अगाडि अभिनय गर्छौं र आफैँ त्यो अभिनयलाई विश्वास गर्छौं । मैले श्रीमतीलाई मन पराउँछु भन्नु र तिमीले क्याफे मिलानो मन पराउँछु भन्नु खासमा एकै कुरा हो, हामीले कुनै पलमा यिनीहरूलाई मन पराएका हुन्छौं तर हामी सधैं यिनीहरूलाई मन पराएको अभिनय गर्छौं ।

त्यस दिन रिचार्डले मलाई मनोचिकित्साको एक महत्त्वपूर्ण कुरा दोहोर्‍याइतेहर्‍याइ भने, 'हामी झुटो बोल्छौं, झुटो काम गर्छौं तर त्योभन्दा पनि सबैभन्दा महत्त्वपूर्ण कुरा आफ्नो झुटलाई नै विश्वास गर्छौं ।'

रिचार्डका ती कुरा सुनिरहँदा नै हो, मेरो चन्द्रसँग फेरि भेट भएको ।

'ओहो दाइ ।' चन्द्र क्याफेमा छिर्‍यो र मेरोछेउ बस्यो । रिचार्डसँग उसलाई परिचय गराउन मलाई अप्ठेरो लाग्यो ।

'ओहो भाइ । एकछिन ऊ त्यता बस न । म योसँग काम सकेर फेरि आउँछु ।' चन्द्रलाई भनें । ऊ केही पर बस्यो र एक कप लाट्टे मगाएर पिउन थाल्यो । बीचबीचमा उसका र मेरा आँखा जुधिरहन्थे र त्यसले मलाई अप्ठेरो महसुस गराइरहन्थ्यो । सम्भवतः मेरो अप्ठेरो महसुस गरेर रिचार्ड चाँडै निस्किए ।

खासमा हामीमध्ये धेरैलाई श्रीमतीसँग प्रेम हुँदैन तर हामी अरूका अगाडि अभिनय गर्छौं र आफैँ त्यो अभिनयलाई विश्वास गर्छौं ।

जाने बेला उनले भने, 'मान्छे कतिसम्म झुटो बोल्न सक्छ भन्ने उसलाई नै थाहा हुँदैन । कतिपय मानिसलाई सुरू-सुरूमा त आफूले झुटो बोलेको छु भन्ने थाहा हुन्छ तर पछि त्यही पनि थाहा हुन छाड्छ । आफूले झुटो बोलेको छु भनेर बिर्सेको मान्छेलाई त्यो झुटो अरूलाई भन्दा उनीहरू आफैँलाई पनि विश्वास हुन्छ ।'

चन्द्र मलाई किन भेट्न आएको थियो, मैले हाम्रो बसाइको अन्तिमसम्म पनि थाहा पाइनँ । ऊ यताको कुरा गर्थ्यो, उताको कुरा गर्थ्यो, युनिभर्सिटी अभेन्युमा झुक्किएर भेटिएको लिंकन विश्वविद्यालय पढ्ने कुनै महिलाको कुरा गर्थ्यो र तुरून्त साटक मार्गमा देखिएकी अर्की महिलाको कुरा गर्थ्यो । महिलाको धेरै कुरा गर्‍यो तर अरू छेउ न टुप्पोका कुरा पनि गर्‍यो । नेपाल र नेताहरूलाई गाली गर्‍यो । मुलुकका सबै समस्याको समाधान उसले देखाएको बाटो हुँदै गर्नुपर्ने जस्तो कुरा गर्‍यो । उसको कुरा सुन्दा-सुन्दा अल्छी लागेपछि भने हामी दुवै उठ्यौं ।

'अब नेपाल कहिले जानुहुन्छ त दाइ ?' उसले सोध्यो ।

'मंसिरमा,' मैले जिस्केजस्तो गरी उत्तर दिएँ ।

●●●

नभन्दै त्यो मंसिरमा मलाई नेपाल जानुपर्ने भयो ।

चन्द्रले उसको बुबाआमालाई केही पठाउनु छ भनेपछि मैले भनेको थिएँ, 'बरू पैसा पठाऊ । सामान, त्यो पनि अमेरिकामा किनेर किन पठाउनु ?' ऊ न सामान दिन आयो, न त पैसा ।

म जहाज चढ्ने दिन उसले फोन गरेर भन्यो, 'म आउन भ्याइनँ दाइ, घर गएर बाआमालाई मैले पठाएको भनेर चार सय डलर दिनुहोला है । आएपछि दिन्छु नि ।' मैले न नाइँ भन्न सकेँ, न त हुन्छ ।

अन्त्यमा उसले भन्यो, 'दाइ, स्मितालाई पनि एक पटक भन्नुहोला है । एभरेस्ट बैंकमा काम गर्छे । फोन नम्बर मैले म्यासेज गरिदिएको छु । मेरोबारे राम्रो कुरा राखिदिनुहोला ।' स्मिता अर्थात् उसको एक्स ।

चितवन पुगेर म चन्द्रको घर चनौली गएँ । वरिपरि नयाँ घर बनिरहेका देखिन्थे । तर उसको पुरानो घरनजिक गोठमा गाईवस्तुले पराल खाएको हेर्दै एक वृद्ध बसिरहेका थिए । उनको माथिल्लो गिजामा दाँत थिएनन्, माथिल्लो ओठ मुखभित्रतिर गएको थियो र तल्लो ओठले नै नाकलाई झन्डै छोएको थियो । उनले ढाका टोपी र दौरा-सुरूवाल लगाएका थिए । सम्भवतः भर्खर बाहिरबाट फर्केर घर छिर्ने बेला गोठका गाईवस्तु निरीक्षण गर्दै थिए । मैले मोटरसाइकल चलाएको थिएँ । मलाई देखेपछि उनी केही नबोली एकटकले हेरिरहे । जसरी नयाँ चस्मा लगाउँदा केही बेर देखिँदैन अनि बिस्तारै स्पष्टसँग देखिन्छ, उनलाई पनि त्यस्तो भएको थियो कि ! अन्तिममा उनले मलाई खुट्याए र हाँसे । त्यसो भए पनि पहिला बोल्ने पालो भने मेरै परेको थियो । सायद उनको बोल्ने बानी कम भएको थियो कि !

'एक्लो छोरो, अमेरिका गएको यत्रो भइसक्यो । अझै वास्तापास्ता केही गर्दैन ।' बूढाले मेरो परिचय सुनेपछि भने । 'यता फर्केर पनि आउँदैन । हामीसँग जग्गा प्रशस्त छ तर के काम जग्गाको ? के काम हुन्छ, नयाँ घरको ?' बूढाले विरक्त मान्दै सुनाए ।

'चन्द्रले मसँग केही पैसा पठाएको छ ।' भनें । तिनले कति पैसा पठाएको छ पनि सोधेनन् । खालि यत्ति भने, 'पैसाको के महत्त्व छ र बाबु ! उसैलाई देऊ । बरू घर जा भनिदेऊ ।'

मैले उनलाई चन्द्रको मिल्ने साथी कोही गाउँमा छन् कि भनेर सोधें । उनले नजिकैको भरतपुर अस्पतालमा प्रतीक डाक्टर छन्, जो सानैदेखि चन्द्रका साथी थिए भने ।

●●●

प्रतीकले मलाई चन्द्रबारे भनेको कुरा यस्तो थियो ।

'म चन्द्रको १ कक्षादेखिको साथी हुँ । ऊ असाधारण नै थियो- कक्षामा, पढ्नमा, हाजिरीजवाफमा र भलिबलमा । हामी सबैको परिवार त्यसबेला विपन्न थियो तर उसको परिवार 'किसान विपन्न' थियो । जग्गा भएको तर आम्दानी नभएको । अहिले पो

चितवनमा जग्गा हुनेहरू धनी भए, त्यसबेला जागिरे र व्यापारी हुनु किसान हुनुभन्दा सजिलो थियो, कम्तीमा तिनले महिनैपिच्छेजसो पैसा देख्न पाउँथे । किसानले फागुपूर्णेको भाखा गरेर सामान किन्थे । अन्नबाली बेच्ने बेला सबैले सस्तोमा बेच्नुपर्थ्यो । मेरा बा भरतपुरको जिल्ला कार्यालयमा पियन हुनुहुन्थ्यो । सम्भवतः त्यसबेला हाम्रो स्थिति चन्द्रहरूको भन्दा निकै राम्रो थियो ।

८ कक्षा पढ्दाको कुरा हो । हामी दुवै सानो थियौं तर ऊ मसँग त्यसबेला एक जना ७ मा पढ्ने विद्यार्थीबारे कुरा गर्न थाल्यो । तिनको नाम स्मिता थियो र तिनी काठ व्यापारीकी छोरी थिइन् । तर त्यो काठ व्यापारी धेरै प्रगति गरिरहेको मान्छे थियो र स्मिता पनि कसैलाई नगन्ने खालकी थिई ।

'स्मिताबारे कस्तो खाले कुरा गर्थ्यो ?' मैले सोधें ।

'उसका कुरा सुन्दा उसलाई स्मिता र उसको बीच दुईतर्फी नै प्रेम हो भन्ने विश्वास थियोजस्तो लाग्थ्यो । जस्तो, एक दिन उसले मलाई भन्यो- प्रतीक, म अस्ति पानी परेका बेला ७ कक्षाबाहिर थिएँ । अचानक पानी परेकाले स्मिता दौडिँदै कक्षातिर आउँदै थिई । त्यसको पछाडि इन्द्रधनुष परेको थियो । मलाई त स्वर्गबाट मेरा निम्ति पठाएको अप्सराजस्तो लाग्यो ।'

मैले प्रतीकलाई भनें, 'सबैलाई त्यस्तो लाग्दैन र ? आफ्नो प्रेमलाई एकतर्फी प्रेम भनेर थाहा पाउन त निकै क्षमता हुनुपर्छ । भन्छन् नि, नबोल्दा लाज मानेर बोलिन तर मलाई भित्रभित्र मन पराउँछे भन्ने, बोल्दा कस्तो साइड दिएकी छ भन्ने । मेरो हाइस्कुलभरि सबै जनाजसो त्यस्तो सोचाइ भएका थिए ।'

'मैले भनिहालें नि, उसको लगाव असाधारण, अपरिपक्व थियो । जहाँसम्म मलाई लाग्छ, सुरूदेखि नै असफलताउन्मुख थियो । ऊ स्मितासँग बोल्न पनि धक मान्थ्यो । उसलाई हिन्दी चलचित्रमा जस्तो स्मितालाई कसैले जिस्कायो भने त्यसलाई पिटेर वा हाइस्कुलका प्रतियोगितामा राम्रो प्रदर्शन गरेर स्मितालाई प्रभावित पार्न सकिन्छजस्तो लाग्थ्यो । तर केटीको मन त साधारण, असफल ग्वाँचेहरूले पनि मीठो कुरा गरेर जित्न सक्छन् भन्ने कुरा उसलाई मैले कहिल्यै बुझाउन सकिनँ । काशी जाने कुतीको बाटोजस्तो ऊ स्मितासँग बोल्न नसक्ने तर अरू कुरामा एकाग्र भएर लाग्ने गर्थ्यो ।'

'उसको बिहे स्मितासँग हुन लेखेकै थिएन । चन्द्र पुल्चोक क्याम्पसमा पढ्दै गर्दा नै हो, स्मिताको गोन्द्राङतिरको केटासँग बिहे भएको । धेरै जग्गा भएको, राम्रो व्यापारीको छोरा थियो । बैंकमा जागिर खान सुरू गरेको थियो । स्मिता पनि वीरेन्द्र क्याम्पस पढ्दै थिई । कुरा छिनेको चार दिनमै बिहे भयो । चन्द्रले पनि पछि इन्जिनियरिङ सक्दै गर्दा बिहे गऱ्यो । चन्द्रले बिहे गरेको केही समयसम्म त मलाई बिहे भन्ने कुरा लेखेको ठाउँमा हुने रहेछजस्तो लागेको थियो ।'

प्रतीकको एकल प्रवचन रोक्न मेरो एक अनुभव उसलाई सुनाएं । एक वर्षअघि क्यालिफोर्नियामा मैले एक विद्वान् योगीलाई भेटेको थिएँ । हिमालयमा धेरै वर्ष तपस्या गरेका अद्वैत सिद्धान्तका प्रखर अनुयायी । मेरा नातेदारको 'बिहे कहिले गर्ने' भन्ने सोधाइ र मेरो एक्लोपनले जन्माएको अपरिमेय निरस जीवनबीच मैले उनलाई भेटेको थिएँ । गोरो र दिनदिनै तेल लगाएर चम्किलो बनाएजस्तो अनुहार, धेरै मल राखेर उम्रेका असारे धानका बीउजस्ता मुलायम तिलचामले दाह्रीजुँगा र घोप्टो परेका पहाडका भीरमा चर्ने बाख्राको जस्तो आत्मविश्वासले मलाई उनको प्रशंसक बनाएको थियो । मैले उनलाई सोधेको थिएँ, 'यदि आत्मा अमर, नित्य र शाश्वत छ भने यसका नातेदार हुन्छन् कि हुन्नन् ? हुन्नन् भने हाम्रा आमाबा, श्रीमती, छोराछोरीभित्रको आत्मा र हामीभित्रको आत्माबीच सम्बन्ध छ कि छैन ? को हुन् यिनीहरू ? कसरी हामीसँग यो बहुमूल्य जीवन बिताउन आए ?' उनले भने, 'यी आत्माहरू सबै नितान्त एक्ला हुन्छन् । समुद्रमा बगिरहेको एक फलेकले अर्को फलेकलाई छोएर फेरि आफ्नो बाटो लागेर गएजस्तो तिम्रो आत्माले यो जन्ममा भेटेको आत्मा फेरि अर्को जन्ममा नभेट्न पनि सक्छ । यो ठूलो समुद्रमा हामी सबैको आ-आफ्नो गन्तव्य छ ।' त्यसबेलासम्म कोही न कोही श्रीमती लेखेर ल्याएको त हुंला नि भन्ने मलाई आन्तरिक भरोसा जुन थियो, उनको जवाफले हटेको थियो । पहिलोपल्ट मेरो जुनी म एक्लैले बिताउनुपर्ने पनि हुन सक्नेजस्तो लागेको थियो ।

> **चन्द्रमायाको शव पोस्टमार्टम गर्ने डाक्टरले उनको पेटमा तीन महिनाको बच्चा थियो भन्दा मलाई रिंगटा लाग्लाजस्तो भयो ।**

त्यसपछि प्रतीकलाई भनें, 'मलाई श्रीमती भाग्यमै लेखेर ल्याइन्छजस्तो लाग्दैन । हाम्रो आ-आफ्नो यात्रा र गन्तव्य छजस्तो लाग्छ ।'

'चन्द्रकी श्रीमती देवनगरतिरकी थिइन् । हामी सबै जन्ती गएका थियौं । पार्टी पनि ठूलै दिएको थियो । त्यसबेलासम्म जग्गाको भाउ पनि बढ्न थालेको थियो र चन्द्रका बुबाको पनि फुर्तिफार्ती आउन थालेको थियो । तिनको नाम अलि पुरानो खालको थियो, चन्द्रमाया । तर हामी जन्तीले चन्द्रलाई कस्तो सुहाएको नाम भनेर जिस्कायौं । सायद पहिलेको जन्मदेखि नै जोडी मिलाएर ल्याएको थियो कि भनेर पनि भन्यौं । चन्द्रमाया भाउजू धेरै राम्री थिइन् । स्मिताभन्दा बेसी । स्मिताको जस्तो सहरिया पारा थिएन, त्यो बेग्लै कुरा हो । भेट्दा मीठो बोल्थिन् । उनको हाँसो राम्रो थियो, कपाल सधैं अलिअलि उड्थे, परबाट हेर्दा, देखेको आधारमा भन्दा हाँसको सानो बच्चाको घाँटीका रौंजस्तो मुलायम हुँदो हो । चन्द्रसँग सम्बन्ध पनि राम्रो देखिन्थ्यो । बिहेको सात महिनापछि चन्द्रमाया भाउजू नारायणी पुलबाट हाम फालेर मरिन् । म भर्खरै एमबीबीएस सकेर भरतपुर अस्पतालमा काम गर्न थालेको थिएँ । चन्द्रमायाको शव पोस्टमार्टम गर्ने डाक्टरले पहिला मलाई उनको पेटमा तीन महिनाको बच्चा थियो भन्यो । मलाई एकछिन रिंगटा लाग्लाजस्तो भयो । भाउजूको लासको छाला माछाले कोपी-कोपी कोतरेको थियो, उनको आँखा गंगटोले खाएको थियो । हाम फालेर नारायणीको पानी छुनुभन्दा अघि नै भाजोभेगल सिन्कोप भएर, रक्तचाप बढेर मुटुलाई असर पारिसकेको थियो । पानीसँग शरीर ठोकिनाले करङ भाँचिएर तल्लो हाडले मृगौला र कलेजो छेड्दै ती अंगलाई काम नलाग्ने

गरी हानि गरेको थियो । फोक्सो फुलेर सीओपीडी भएको थियो र नरम तन्तु चुँडिएका देखिन्थे । मृत्युको कारणमा 'पानीमा डुबेर' भनेर लेखिए पनि बिचरीको अंगअंग त्यसरी क्षतविक्षत भएको थियो, धन्न गोहीले टोक्नचाहिं भ्याएन । मैले पोस्टमार्टमको एक-एक रिपोर्ट चन्द्रलाई सुनाएं । तर त्यो मान्छेलाई धेरै दुःख महसुस भएजस्तो मलाई लागेन । भित्रभित्र कुनै पनि संवेदना बाँकी नभएजस्तो भएको थियो ऊ ।' प्रतीकले अझै पनि दुःख मान्दै भन्यो ।

'मेरो मनमा चन्द्रमाया भाउजूको अस्वाभाविक मृत्युमा चन्द्रको भूमिका छ भन्नेमा सन्देह थिएन । तर ठ्याक्कै के भूमिका थियो होला भनेर सोच्न सकिरहेको थिइनँ । भाउजूले आत्महत्या गरेको देख्ने धेरै थिए । साँझपख, लामो-लामो छाया हुने समय पुलको परसम्म उनका छाया पुगेका थिए । हाम फाल्दा पनि केही मान्छेले भनेअनुसार नदीको अर्कोतिरसम्म छाया पुगेका थिए रे । घटना भएको एक महिनापछि एक दिन देवनगर भाउजूको घर गएं । मैले त्यस्तो नरमाइलो कहिल्यै महसुस गरेको थिइनँ । भाउजूले चन्द्रले कहिल्यै आफूलाई मीठो नबोलेको कुरा आमाबालाई सुनाएकी रहिछन् । चन्द्र ढुंगाजस्तो संवेदनाशून्य त थियो नै, बच्चा पेटमा भएको थाहा भएपछि पनि भाउजूलाई त्यो बच्चा आफ्नै त हो भन्ने खालका प्रश्न गर्ने गर्थ्यो । बाहिर अरूका अगाडि राम्रो देखिने, कोठाभित्र पसेपछि दुर्वचन बोल्ने र हातैसमेत हाल्ने उसको बानी थियो । हरेक कुरामा शंका गर्ने, जोसँग बोल्दा पनि त्यो तेरो पहिलेको सम्बन्ध त होइन भन्नेजस्ता कुरा गर्थ्यो । भाउजूकी आमाले धेरै विस्तृतमा चन्द्रको कुरा गरिन् र उनको कुरा सुनेपछि मलाई उक्त आत्महत्याको कर्ता चन्द्र भएकामा शंका भएन । खासमा मलाई ऊप्रति चन्द्रमाया भाउजूको अन्त्य भएको दिनदेखि नै जुगुप्सा उर्लेको थियो तर पनि सानोदेखि सँगै हुर्केको साथी भएकाले सम्बन्ध तोड्न पनि सक्दैनथें । त्यस दिन भने मैले चन्द्रलाई अब एक पटक भेटेपछि सम्बन्ध तोड्ने निर्णय गरेको थिएं ।'

'अन्तिम भेटमा मैले चन्द्रलाई भनें, 'श्रीमान् गतिलो भएकी श्रीमतीले बिहेको ७ महिनामा आत्महत्या कसरी गर्छन् ? तैंले पक्का भाउजूलाई केही भनिस् ।' त्यसपछि ढुंगाजस्तो संवेदनहीन अनुहारले उसले मलाई आफ्नो कथा सुनायो ।'

'चन्द्रले भनेको थियो, 'म बिहे गरेपछि पनि बिहेको गुरुत्व बुझ्न सकिरहेको थिइनँ । मलाई यो सबै खेलौनाजस्तो लागिरहन्थ्यो । एक दिन चन्द्रमाया फर्केर देवनगर जान्छे, स्मिता म भएकोमा आउँछे र जीवन फेरि अर्को नियमित मार्गमा हिंड्छ भन्ने लाग्थ्यो । यसैले मैले कहिल्यै चन्द्रमायालाई आफ्नो भावनात्मक रूपमा नजिक हुन दिइनँ । ऊभित्र भने उत्तेजनाको ज्वालामुखी थियो । ऊ रमाउन, खेल्न र खुसीका खबर मात्र भन्न-सुन्न चाहन्थी । लाग्छ, म नजिक हुन नचाहनुले ऊ पीडामा थिई । यस्तैमा ऊ गर्भवती भई । मैले उसलाई एक दिन यो हाम्रै त हो भनेर सोधें । त्यस दिन धेरै नै झगडा भयो । मैले उसलाई मेरो स्मितासँग प्रेम छ भनें तर ऊ बिहे भएकी केटी हो भनिनँ । ऊ उदास भई । त्यस दिन ऊ मसँग माइत जान्छु भनेर निस्की तर नारायणीतिर लागी ।' यति भनेपछि अन्त्यमा उसले चिसो आवाजमा भन्यो, 'जातस्य ही ध्रुवो मृत्यु ...।'

ऊभित्र भने उत्तेजनाको ज्वालामुखी थियो । ऊ रमाउन, खेल्न र खुसीका खबर मात्र भन्न, सुन्न चाहन्थी ।

प्रतीकले अन्त्यमा भन्यो, 'ती खुद ऊबाट निस्केका शब्द थिए । तर यथार्थमा त्यसो भन्दा ऊ अत्यन्त क्रूर देखिएको थियो । मलाई उसको कुरा सुनिन्जेल उसको शरीरबाट हजारौं किरा निस्केर मतिर मुख बाइरहेजस्तो महसुस भएको थियो । मैले धन्न बान्ता गरिनँ । मैले उसले जीवनमा एक पटक पनि स्मितासँग कुरा गरेको देखिनँ । बरू म कहिलेकाहीं ऊसँग गफ गर्थें । त्यस्तो स्वैरकल्पनामा उसको क्रूरता अडेको थियो ।'

•••

फोन नउठेकाले मैले स्मितालाई बैंकमा भेट्ने विचार गरें । चन्द्रले भनेझैं उनी नारायणघाटको एभरेस्ट बैंकको कर्मचारी थिइन् । मैले परबाटै देख्दा उनी कुर्सीमा बसेकी थिइन् । उनको कालो कपाल कानसम्म सीधा र चम्किलो थियो भने कानभन्दा तलबाट घुम्रिंदै तल घाँटीसम्म पुगेको थियो । पंखाको हावाले फर्फर्ट उड्दा ती कपाल चलचित्रभित्र गीत गाइरहेका नायिकाका कपालजस्ता चित्ताकर्षक देखिन्थे । उनको कुर्ताको माथिल्लो भाग फूलबुट्टे अनि रातो र कालो रंगको थियो । उनको अनुहारमा एउटा पनि रौं थिएन र निक्खर नौनीको प्रतिमाजस्तो थियो । अलिअलि चुच्चो नाकले उनको लाम्चो अनुहारलाई सुहाएको मात्र थिएन, त्यसले अनुहारमा झल्किएको आत्मविश्वासलाई अझै बढाएको थियो । सुन्दरता र वस्त्रको छनोट यस्तो थियो कि हरेक साधारण मान्छे उनीसँग कुरा गर्न धक मान्थ्यो भन्ने कुरामा परबाट देख्नेबित्तिकै द्विविधा भएन ।

'रेमिट्यान्ससम्बन्धी कुरा बुझ्नु थियो । प्रतीक डाक्टर साहेबले एभरेस्ट बैंकमा मैले चिनेको स्मिता म्याडम हुनुहुन्छ भन्नुभएको थियो । हेल्प गर्नुहुन्छ होला ?' मैले भनें । बहाना गर्न कति गाह्रो हुंदो रहेछ भन्ने सँगसँगै बुझ्दै पनि गएं । उनले हुन्छ भनिन् । यसरी मैले उनको ध्यान आफूतिर तानें । त्यसपछि उनले कुन देशको रेमिट्यान्स भनेर सोधेपछि अमेरिका भनें । अनि, रेमिट्यान्सको कुरा गर्दै गएपछि केही छिनमा उनलाई भनें, 'चन्द्रप्रसाद थपलियालाई चिन्नुहुन्छ होला है । प्रतीक र ऊ त सँगसँगै पढेका रहेछन् भनेपछि तपाईंहरू पनि सँगैजस्तो त होला । हामी उता यौटै सहरमा छौं ।'

उनको अनुहारको प्रदीपन बिस्तारै हरायो तर सम्हालिएर भनिन्, 'चिन्दिनँ त ।'

त्यसपछि मैले जे भने पनि उनले सुनेजस्तो लागेन, उनले पनि मलाई एक झुटो व्यक्तिलाई जस्तो व्यवहार गरिन्जस्तो लाग्यो । मलाई हरेक शब्द बोझजस्तो लाग्यो र अन्ततोगत्वा भनें, 'चन्द्रको कुरा तपाईंसँग गर्ने म पहिलो व्यक्ति हैन होला है ?'

'त्यो मान्छेसँग मैले कहिल्यै गफ पनि गरेकी छैन । यौटै स्कुलमा पढ्थौं, बस् । गएको दुई वर्षभित्र मात्रै पाँच जना मान्छे उसको उपहार लिएर आए होलान् । सबैलाई उसले आफ्नो दुईतर्फी प्रेम थियो भन्दो रहेछ । आफू भागेर अमेरिका बसेको छ, श्रीमती पनि मरिछन्, बाबुआमाको बिजोग छ । किन त्यस्तो भएको होला ! धन्न मेरो बूढाले कुरा बुझ्छन् र मतिर भने केही समस्या छैन ।'

उनको हरेक शब्दमा परिपक्वता थियो र शरीर अमर्त्य सुन्दरताको उदाहरण । चन्द्रजस्तो मानसिक रूपमा कमजोर मान्छे उनीप्रति आसक्त हुनु कुनै ठूलो कुरा थिएन । उनी चन्द्रप्रति अनासक्त हुनु पनि मैले हेर्दा स्वाभाविक थियो ।

•●•

मलाई विश्वास थियो, चन्द्र म फर्किंदा बर्कलीमा हुने छैन भनेर । नभन्दै ऊ थिएन । उसको पाकिस्तानी साहूले मलाई भन्यो, 'वो वार्सिलोना चला गया । कहता था रेस्टुराँ चलाउँगा ।'

त्यसको सात वर्षपछि म श्रीमती र छोरी हित बार्सिलोना गएको थिएँ । जीवन स्थायी र स्थिर थियो । म बिहे नहुँदाको र पीएचडी पढ्दाको तनाव दुवैबाट मुक्त थिएँ । बार्सिलोनामा म क्यास्प रोडको एक अपार्टमेन्टमा छोटो समयका लागि बसेको थिएँ । त्यहाँ वरिपरि केही नेपाली रेस्टुराँ थिए । म छोरीलाई लिएर हरेक साँझ डुल्थें ।

बार्सिलोनामा एक शनिबार हामी तीन जना ला राम्ब्ला घुम्न गएका थियौं ।

त्यहाँको मिराडोर डी कोलोममा अमेरिकातिर हात देखाउँदै कोलम्बसको मूर्ति उभिएको थियो । मनोचिकित्सा पढेकी मेरी श्रीमतीलाई त्यस दिन चन्द्रको कुरा सुनाएको थिएँ । उनले चन्द्रमायाबारे भनिन्, 'हामीले नबुझेको कुरा के हो भने यो संसारमा झुटैझुट छ, कुनै झुटले हामीलाई हानि गर्दैन, कसैले हानि गर्छ । त्यो हानि गर्ने झुटलाई जसले बेलामै चिन्न सकेन, झुटबीच कतै नठोक्किईकन यात्रा गर्न सकेन, उसलाई पीडा हुन्छ । चन्द्रमायाले झुटको जाल चिन्न सकिनन् ।'

अर्कोतिर कोलम्बसको मूर्तितिर देखाउँदै उनले भनिन्, 'यिनले झुटो बोलेका थिए, भारत पत्ता लगाएँ भनेर । तर त्यो झुटले कुनै स्पेनियार्डलाई हानि गरेन । हानि गरेको भए यसरी मूर्ति ठडिने थिएन ।'

दिउँसो त्यहाँ बसेर भूमध्यसागर हेरेपछि श्रीमती नजिकै अर्को एक साथीलाई भेट्नुपर्ने भएकाले ओलम्पिक पार्कतिर गइन् । म छोरीलाई लिएर ला राम्ब्लातिर हिंड्न थालें । त्यहाँ राम्ब्ला डेल्स कापुचिन सडकमा कफी खान अर्डर मात्र दिएको के थिएँ, मैले चन्द्रलाई छेउको एक भारतीय तथा नेपाली भोजन खुवाउने रेस्टुराँमा देखें ।

'यस्तो संयोग कमै हुन्छ, यत्रो लाखौंको जनसंख्या र पर्यटक भएको सहरमा तिमीलाई भेटाउनु त ।' मैले भनें ।

ऊ मलाई देखेर आत्तिएन । मैले उसको अनुहार पढिरहेको थिएँ, न उसमा कुनै गल्ती भाव थियो, न त चोरी पक्डिइएला कि भन्ने विषाद । बरू मलाई ऊसँग बोल्न गएकामा अप्ठेरो महसुस गरायो । मैले भनें, 'चन्द्र तिमीलाई मैले नेपालबाट फर्केर धेरै खोजेको थिएँ । तिमी त यता आएछौ ।'

'हो दाइ, साथीहरूले स्पेनमा फ्युचर हुन्छ भनेर बोलाए ।' उसले भन्यो ।

'कस्तो गर्दै छौ त ?' मैले सोधें ।

'राम्रो गरेको छु । एउटा रेस्टुराँ छ, एउटा तरकारी र ग्रोसरी बेच्ने पसल छ । सन्तुष्ट छु ।' उसले भन्यो । तर बोल्दा बेलाबेला मलाई यसरी हेर्थ्यो, मानौं ऊ आफैंलाई 'यो मान्छे किन यहाँ आयो ?' भन्ने प्रश्न गरिरहेको छ।

उसले छोरीलाई एक स्मुदी किनिदियो । मसँग भने अरू धेरै बोल्न खोजेन । अप्ठेरो शान्तिबीच हाम्रा केही मिनेट बिते । म त्यति पर, त्यति पछि भेटेको व्यक्तिसँग द्वन्द्व गर्ने मुडमा थिइनँ । त्यसै पनि मैले उसलाई केही हदसम्म चिनिसकेको थिएँ । निस्कने बेला उसलाई भनें, 'तिमीलाई थाहा छ, यो सडकको नाम जुन केपुचिन मतबाट राखिएको छ, त्यो मत मान्नेहरू क्रिस्चियन सम्प्रदायभित्र पनि सबैभन्दा गरिब सम्प्रदाय हुन् भनिन्छ । केपुचिनहरूको नामबाट अरू कुनै मुख्य सहरमा यस्तो सडकको नाम राखिएजस्तो मलाई लाग्दैन । यिनीहरू विसं १७६३ मा पहिलोपल्ट काठमाडौं पुगेका थिए । अहिले झोले पर्यटक नेपाल जान्छन् भनेजस्तै त्यो बेला पनि धर्म प्रचारकमध्ये सबैभन्दा गरिब मानिने केपुचिनहरू नेपाल गएका थिए ।'

**यिनीहरूलाई आफू सही ईश्वरभक्त भएको विश्वास थियो तर प्रमाण थिएन । यिनीहरू नेपालमा पूर्ण रूपले असफल भए ।**

'हो र दाइ, यिनीहरूमा गरिब भएकामा, स्रोतविहीन भएकामा कत्तिको हीनताबोध थियो होला त ?' उसले सोध्यो ।

'गरिबीभन्दा पनि यिनीहरूको तयारीसमेत राम्रो थिएन । यिनीहरूलाई आफू सही ईश्वरभक्त भएको विश्वास थियो तर प्रमाण थिएन । यिनीहरू नेपालमा पूर्ण रूपले असफल भए । एक त यिनीहरूले आफ्नो चुनौती नै बुझ्न सकेनन्, पृथ्वीनारायण शाहले काठमाडौं खाँदा गल्तीले केपुचिनहरूले मल्ल राजाहरूलाई इस्ट इन्डिया कम्पनीसँग सम्पर्क गराइदिनेजस्ता मद्दत गरेका छन् भन्ने सोचेका थिए । त्यसैले केही समय त यिनीहरू देश निकालामा नै परे । दोस्रो, केही समयमा फर्केपछि रणबहादुरको पालासम्म यिनीहरू केही न केही रूपमा काठमाडौंमा बसेका थिए । तर इतिहासकार के पनि भन्छन् भने अन्तिम केपुचिन पादरी एकदम कमजोर थिए । उनी युरोपबाट कसैले पैसा ल्याइदिए हुन्थ्यो भनेर बसेका थिए । उनको चरित्र पनि राम्रो थिएन । यिनीहरूले नेपाली जनतालाई राम्ररी बुझ्नै सकेनन्, आत्मबल पनि थिएन । त्यसैले यिनीहरू आफ्नो लक्ष्यमा हार खान पुगे ।'

म ऊबाट छुट्टिन लागिसकेको थिएँ । उसको सानो प्रतिक्रिया सुनें, 'हो दाइ, हार खाने भनेको गरिबीले भन्दा आत्मबल नभएर नै हो ।' ने

# टोपीले छोप्न नसक

● वसन्त थापा

**काठमाडौंमा** म प्रायः मुडुलो टाउको नै हिंड्ने गर्छु । टोपी लगाएर टाउकोलाई सधैं छोपिराख्नेमा पर्दिनँ । धेरै जना खुइले तालु छोप्न टोपी लगाउँछन् । तीलचामलेबाट कपासजस्तो हुँदै गएको भए पनि कपालले आफू उम्रेको ठाउँ छाडिनसकेको हुनाले मेरो टाउकालाई टोपीको पर्दा हालिरहने जरूरत परेको छैन ।

तैपनि चिसोबाट जोगिन जाडो याममा बेलाबखत शिर छोप्नुपर्ने खण्ड आउँछ । त्यस्तो बेला अपवादस्वरूप टोपी लगाउने गर्छु । तर नेपालीभन्दा बढी म अरू खालका शिरपोसले शिर छोप्छु । कहिले अफगानी, कहिले माओ टाइपको, कहिले चे ग्वेवारा स्टाइलको त कहिले फिडेल क्यास्ट्रो मार्काको र कहिलेकाहीं युरोपियन ह्याट त कहिले घाम छेल्ने टोपी । यद्यपि मसित मित्र हरि शर्माको जस्तो शिरपोसहरूको बृहत् संकलन छैन ।

नेपालमा रहेर नेपाली टोपी लगाउनुको आफ्नै जोखिम छ । ढाका टोपीलाई पहिलेका एमालेहरूले लगभग पेवा बनाइसकेका छन् । टोपीको साथमा अझ अस्टकोट पनि छ भने त त्यो एक सय प्रतिशत नभए पनि ९५ प्रतिशत एमाले ट्रेडमार्क भइहाल्यो । उता भादगाउँले कालो टोपीलाई भने कमरेड प्रचण्डले पहिरिने गरेका छन् । कालो भादगाउँले टोपीलाई बिट मार्ने वा कुच्याउने तरिका हेरेर पनि मानिसले तपाईंको राजनीतिक संलग्नताबारे अड्कल लगाउन सक्छन् । कांग्रेसीहरू खास तरिकाले सिउरको माझमा कुच्याएर कालो टोपी लगाउँछन्, जस्तो, बीपी कोइरालाको तरिका थियो । त्यसैले ढाका वा भादगाउँले कालो टोपीका कारण नचाहीकनै कुनै पार्टी विशेषको कार्यकर्ता या अनुयायीमा दरिन सक्ने सम्भावना प्रबल छ । आफू कसैको कार्यकर्ता नभए पनि हेर्नेले त्यस्तो देख्न सक्छन् । व्यर्थैमा अर्काको नामको बिल्ला भिरिमाग्नु मजाको कुरा होइन ।



नेपालमा छँदा आक्कलझुक्कल मात्र नेपाली टोपी पहिरिए पनि विदेश जाँदा भने म गौचर विमानस्थलमा जहाजभित्र पदार्पण गर्दादेखि नै शिरमा नेपाली टोपी लगाउने गर्छु । मैले यस्तो अभ्यास चलाएको केही वर्ष यतादेखि हो र त्यसो गर्नुका पछाडि केही कारण छन् ।

म विदेश भ्रमणमा जाने भनेको सभा-सम्मेलन वा फिल्म फेस्टिभलमा भाग लिने सिलसिलामा नै हो, जहाँ थुप्रै मानिसको जमघट हुने गर्छ । त्यस्ता उपक्रममा धेरै मानिसलाई भेट्न सकिने अनि आफूलाई पनि धेरैले देख्न सक्ने सम्भावना हुन्छ । त्यस्ता भेलामा भेट हुनेले तपाईं कहाँबाट वा कुन देशबाट आउनुभएको हो भनी सोध्नु पनि एकदम स्वाभाविक नै हो । आफूसँग फुर्सद छ वा कुराकानी तन्काएर एकैछिन टाइमपास गर्ने मुडमा भए त्यस्तो प्रश्न गर्नेलाई म प्रायः प्रतिप्रश्न गर्ने गर्छु, 'तपाईं अड्कल गर्नुस्, म कुन देशबाट आएको हुँला ?' अनि अड्कल लगाउन उनीहरूलाई म तीन मौका दिन्छु ।

धेरैले सजिलै मेक्सिको वा पेरू भन्छन् वा दक्षिण अमेरिकाको ग्वाटेमालाजस्ता कुनै मुलुकको नाम लिन्छन् । हाम्रो छालालाई 'गहुँगोरो' र अंग्रेजीमा 'ह्वीटीस' भन्ने गरेका छौं । तर हाम्रो छालाको रंगलाई चिनाउने शब्द भनेको 'ब्राउन' नै हो । हो, त्यही कारण उनीहरूले मजस्तालाई देखेर मेक्सिको वा पेरू भन्ने गरेका । समग्रमा 'ल्याटिनो' भनेर चिनिने दक्षिण अमेरिकाका बासिन्दा यही 'ब्राउन' रंगको घेराभित्रै पर्छन् ।

त्यसरी मलाई पेरू वा मेक्सिको निवासी वा ल्याटिनो ठान्नेहरूलाई सजिलो पारिदिंदै 'मेरो देश एसिया महादेशमा पर्छ' भन्छु । त्यति संकेत पाएर पनि उनीहरू मलेसिया, फिलिपिन्स वा इन्डोनेसियाको नाम

# ने चिरा

लिन पुग्छन् । कसै-कसैले निकै जान्ने पल्टिएर 'टिबेट' वा 'इन्डिया' सम्म भन्छन् तर किटेर नेपाल भन्ने बिरलै भेटिन्छन् । उनीहरू तीनै अनुमानमा असफल हुन्छन् ।

बाह्य संसारका धेरै व्यक्तिको दिमागमा जडित सूचनाको राडारले नेपाल नामको देश सितिमिति टिपेको हुंदैन । त्यसबाहेक बम्बईया भाषामा भन्ने हो भने आफ्नो 'थोपडा' नै यस्तो खालको छ, जसलाई देखेर मानिसले जे पनि ठानिदिन सक्छ ।

आजभन्दा लगभग ३५ वर्षपहिले पाङबोचेमा पसल चलाएर बसेकी एउटी शेर्पिनीलाई मैले 'चिया पाइन्छ बहिनी ?' भनेर सोध्दा तिनले 'ए मैले त तपाईंलाई जापानी मेम्बर पो होला भन्ठानेको' भनेकी थिइन् । जापानीसित रंग नमिले पनि अनुहारको ढाँचाका कारण तिनले त्यसो भनेकी हुनुपर्छ । म कालापत्थर चढेर फर्कंदै थिएं र हिउँले डढेर अनुहार कालो भएको थियो । मसित गएका साथीहरू लेक लाग्नाले लोबुजेबाट अघिल्लो दिन नै तलतिर झरेका थिए र म उनीहरूलाई भेट्न एक्लै तेङबोचेतर्फ जाँदै थिएं ।

एक पटक कोरियाको सोलतर्फ जांदा कोरियन एयरलाइन्सकी परिचारिकाले अरू विदेशी यात्रुलाई अध्यागमनको कार्ड भर्नलाई दिइन्, मलाई भने छुटाइन् । मैले अंग्रेजीमा खोइ त मलाई कार्ड दिएको भन्दा जिब्रो टोकेर 'तपाईंलाई मैले कोरियन नै भन्ठानेकी' भनिन् । अरूले कोरियन ठान्नु र कोरियनले नै कोरियन ठान्नुमा फरक छ । तिनलाई समेत मेरो अनुहारले त्यस्तो भान दिएछ ।

यस्तैगरी अर्को एयरलाइन्सकी परिचारिकाले चाहिं मलाई चिनियां भन्ठानेकी थिइन् । युरोपबाट दोहा हुंदै नेपाल फर्किरहेको थिएँ र काठमाडौं पुग्ने बेला के लगाइरहनु भनेर मैले टोपी फुकालेको थिएँ । एउटी नेपाली पनि थिइन्, कतार एयरवेजको परिचारिका टोलीमा । तिनलाई मैले नेपालीमा चिया पाइन्छ भनेर सोध्दा 'ए मैले हजुरलाई त चाइनिज पो भन्ठानेकी' भनेकी थिइन् ।

अनि, एउटी मारवाडीवालाले काठमाडौंको एउटा योग केन्द्रमा एक पटक मलाई अंग्रेजीमा 'के तपाई असमिया हो' भनेर सोधेकी थिइन् । मैले पसिना पुछ्नका लागि असमिया डिजाइनको गम्छा घाँटीमा बेरेको थिएं, जसलाई देखेर उनीबाट त्यस्तो जिज्ञासा आएको थियो ।

मलाई नेपालीबाहेक सबैले अनेक थोक भनेकाले लाग्यो, मैले आफ्नो राष्ट्रिय सत्व स्थापित गर्न केही गर्नैपर्छ । त्यसैले केही नभए पनि विदेश यात्रा जांदा र त्यहाँ रहँदा शिरमाथि नेपाली टोपी लगाउने मैले निश्चय गरेको हुं र आफ्नो निर्णयअनुसार सकेसम्म चल्दै पनि आएको छु ।

तर शिरमा नेपाली टोपी ढल्काउँदैमा सबैले तपाईंलाई नेपाली भनेर चिनिहाल्छन् भन्नेचाहिं कुनै ग्यारेन्टी नहुने रहेछ । आखिर हाम्रो देश भनेको विश्व मानचित्रमा सवा अर्बभन्दा बढी जनसंख्या भएका दुइटा ठूला मुलुकको चेपुवामा परेको एउटा सानो सुर्को हो, एउटा 'हाइफेन' अर्थात् एउटा योजक चिह्नजस्तो । संयुक्त राष्ट्रका १ सय ९३ वटा सदस्य मुलुकमध्ये एउटा निम्छरो मुलुक । बाहिरका मानिसले नेपाललाई हिमालय, सगरमाथा, लुम्बिनी, गौतम बुद्ध, गोर्खा आदि कुरासित जोडेर हेरिदिऊन् भन्ने हामी चाहन्छौं । उनीहरू भने त्यसरी हेर्दैनन् । फेरि नेपालको नाम उजिल्याउने हामीले त्यस्तो के नै गरेका छौं, जसका कारण उनीहरूले याद राखून् !

> **नेपालमा रहेर नेपाली टोपी लगाउनुको आफ्नै जोखिम छ । ढाका टोपीलाई पहिलेका एमालेहरूले लगभग पेवा बनाइसकेका छन् ।**

त्यसैले शिरमा टोपी लगाएकै कारण नेपाल भन्छन् भन्ने आशा नगरे हुन्छ । बरू इन्डोनेसिया र मलेसिया पो भन्छन्, विशेषगरी भादगाउँले कालो टोपी लगाएको अवस्थामा । भादगाउँले टोपी हाम्रो आफ्नै हो भन्छौं, त्यो बेग्लै कुरा हो । तर कालो टोपी लगाउनेमा उनीहरूले देखेका त इन्डोनेसियाका सुकार्नो र सुहार्तोहरू अनि मलेसियाका महाथीरहरू न हुन् । हामीले लगाउने र इन्डोनेसिया, मलेसियाका मानिसले लगाउने टोपीको कपडा र ढाँचादेखि सिलाउने तरिका बेग्लै हुन्छ भन्ने उनीहरूलाई के थाहा !

अलिक झिल्के प्रकारको ढाका टोपी लगाएको बखतमा त उनीहरूले घाना र सेनेगल भन्न पनि बेर मान्दैनन् । एक जना गोरा युरोपेलीले मैले लगाएको ढाका टोपीप्रति लक्ष्य गरेर ठट्टा मिसाएर सोधेको थियो, 'तपाई अफ्रिकाबाट आएको हो ?' त्यसो भनिरहँदा उसले मेरो छालाको रंगलाई भने बिर्सिएजस्तो लाग्यो मलाई । तर उसले त्यसो नभनोस् पनि किन ? उसले देखेको ता जायरका मोबुटु सेसे सेके टुरेजस्ताले

लगाएको झन्डै हाम्रो ढाका टोपीकै झल्को दिने शिरपोस त हो ।

यति हुँदाहुँदै पनि विदेशमा नेपाली टोपी लगाएर हिँड्नाले केही फाइदा मिल्छ । टोपीले तपाईंलाई भीडमा अलग्गै छुट्याउँछ । मानिसको नजरलाई एक पटक आफूतर्फ आकर्षित गराएरै छाड्छ, त्यो टोपीले । नेपाल कहिल्यै नआएकालाई त माने न मतलब ! तर नेपाल आइसकेकाहरूले देखे भने प्रायः 'ए तपाई नेपालबाट आएको' भनेर कुरा थाल्छन् र आफू यहाँ आउँदाको अनुभव सुनाउँछन् । तपाईंको टोपी अपरिचितसित कुराकानी थालनी गर्ने एउटा राम्रो बहाना बन्न सक्छ । माउन्टेन फिल्म फेस्टिभलमा भेटिने भनेका अधिकत्तर पर्वतप्रेमी नै हुन्छन् । टोपीका कारण कोहीचाहिँ नेपाल कसरी आउने भनेर जानकारी पनि माग्छन् ।

पोर्चुगलको राजधानी लिस्बनको कुनै भित्री बजारमा एक्लै बरालिएर हिँडिरहेका बेला मलाई पछाडिबाट उछिनेर अघिल्तिर आई 'अंकल नमस्कार, कहिले आउनुभएको यहाँ' भनेर एक तन्नेरीले बाटामा भलाकुसारी गरेको रमाइलो घटना सम्झन्छु । बरा ! उसलाई काममा पुग्न ढिलो भइरहेको रहेछ, धेरै बेर कुरा गर्न सकेन । बीच बजारमा उभिएरै एकअर्काको जानकारी आदानप्रदान गर्‍यौं । धेरै समय दिन नसकेकामा दुःख मनाउ गर्दै ऊ आफ्नो बाटो लाग्यो । नेपाली टोपी नलगाएको भए त्यस तन्नेरीका आँखा ममाथि अवश्य पनि नपर्दो हो । कथम् परिहाले पनि नेपाली नै हो भनेर सायद ठम्याउन नसक्दो हो ।

संविधानले नै चिरा कोरेर वैधानिकता प्रदान गरेको छ । त्यस चिरालाई सम्भवतः अब कुनै पनि साइजको टोपीले छोप्न सक्दैन ।

यति हुँदाहुँदै पनि बिरानो ठाउँमा भेटिने सबै नेपालीले तपाईंको शिरमा टोपी देखेर त्यसै प्रकारको आत्मीयता प्रकट गर्छन् भन्नेचाहिँ छैन । 'ए यो पनि नेपाली रहेछ' भन्ने हेयको भाव उनीहरूका आँखामा प्रकट हुन सक्छन्, तर 'कहाँबाट आएको' वा 'कता जान लागेको' भनेर भलाकुसारी गरिरहने नेपालीपन त्यहाँ देख्न पाइँदैन । नेपालमा कुटिल नेता, काइते प्रशासक र घुस्याहा कर्मचारीका टाउकाको टोपी हेर्दा-हेर्दा वाक्क लागेर पनि हुन सक्छ, परदेशमा टोपी लगाएको आफ्नै देशबासी देख्दासमेत उनीहरूमा त्यस्तो विरक्ति पैदा भएको ।

पहिले-पहिले परदेशमा कुनै नेपाली भेट्दा आफ्नै परिवारजनलाई भेटेजस्तो हुन्थ्यो । एयरपोर्टमा जहाज पर्खंदै गर्दा पनि मितेरी गाँसिन्थ्यो । पहिलेभन्दा अचेल नेपालीहरू गतिमान भएका छन् । रोजगारीको सिलसिला वा पारिवारिक भेटघाट अथवा सभा-सम्मेलनमा भाग लिन विदेश यात्रा गर्नेहरू प्रशस्त हुन्छन् । 'प्याकेज टुर' मा देशदेशावरको भ्रमणमा जानेहरूको संख्या पनि बढ्दो छ । खाडी मुलुकका एयरपोर्ट भएर आउने-जाने नेपाली त कति भेटिन्छन् कति ! तैपनि पहिले विदेशी भूमिमा नेपाली-नेपाली भेट हुँदा एकअर्काप्रति जुन निकटता वा आत्मीय भाव भेटिन्थ्यो, हिजोआज त्यो नभेटिएको अनुभूति हुन्छ, चाहे तपाई टोपी लगाउनुस्, चाहे नलगाउनुस् ।

उदाहरणका लागि, युरोपको कुनै एयरपोर्टको रेस्टरूममा मलाई देखेपछि एक नेपाली तन्नेरी ठिटोले मुख धोएर भित्तामा जोडिएको मिसिनबाट तान्नुपर्ने कागजको तौलियाले मुख छोपेको छोप्यै गरिरह्यो । सायद मलाई उसले मरमद्दत गर्नुपर्ला भनेर मसित ऊ तर्किन खोजेको होला भन्ने लाग्यो । उसलाई धेरै समय त्यस्तो अप्ठेरो परिस्थितिमा राखिरहनु उचित नहुने ठानेर म आफैं सुरुक्क रेस्टरूमबाट बाहिरिएँ ।

अर्को प्रीतिकर नलाग्ने घटना पनि म सम्झन्छु । हामी नर्वेबाट मस्को हुँदै फर्किरहेका थियौं । पाँच जनाको हाम्रो टोली ठूलै थियो । मस्कोमा हामी बसेको सिटकै एकदम पछिल्तिरको लहरमा दुई जोडी नेपाली आएर बसे । उनीहरू आपस्तमा 'सियोस्' 'तियोस्' भनेर कुरा गरिरहेका थिए । हाम्रो टोलीको बोलीमा उनीहरूको जस्तो दरबारिया लबज नभए पनि बोल्न त हामी नेपाली नै बोलिरहेका थियौं । हो, हाम्रो टोलीका चार जना कीर्तिपुरका स्थानीयबासी थिए । उनीहरूको मातृभाषा नेवार भएकाले आपस्तमा कहिलेकाहीं नेवारीमा पनि कुरा गर्थे । मस्कोदेखि काठमाडौंसम्मको लामो उडानमा उनीहरू मात्र होइन, हामी पनि कैयौं पटक सिटबाट उठ्यौं होला, शौचालय गयौं होला, हाम्रा आँखा एकअर्कासित जुधे होलान् । तर उनीहरूले हामीसित कुरा गर्ने किञ्चित चासो देखाएनन् । उनीहरूको चिसोपन देखेर हामीले पनि बोलचाल गर्नु आवश्यक ठानेनौं । यही संवादहीनताको वातावरणमा हामी काठमाडौं ओर्लियौं, त्यसपछि त किस्सै खत्तम ।

यी सबै प्रसंग सायद नेपालीको बदलिंदो सामाजिक व्यवहारका अभिव्यक्ति हुन् । एकै ठाउँमा आमनेसामने बस्दा पनि बिल्कुनै बेवास्ता देखाउनुमा लाग्छ, प्रविधिले भूमिका खेलेको छ । आजको प्रविधिले सबैलाई आत्मकेन्द्रित बनाएको छ, सबै जना आ-आफ्नो सेलफोनमा घोरिएर रमाइरहेका छन् । हरेक व्यक्ति आफैंमा मस्त छ ।

तर देशको परिस्थिति पनि त्यसका निम्ति जिम्मेवार छ । हामीले 'विश्वकै प्रगतिशील' संविधान त ल्यायौं । 'हामी नेपाली' भन्ने एउटा ढिक्को भावनालाई जानेर होस् वा नजानी खण्डित पार्ने काम गर्‍यौं । अब नेपाली मात्र भनेर नपुग्ने भएको छ । नेपाली शब्दका अघिल्तिर 'खस आर्य', 'जनजाति', 'मधेसी' आदि उपसर्ग राखेर व्यक्तिलाई परिभाषित गर्नुपर्ने भएको छ । जस्तो, 'चाइनिज अमेरिकन', 'ब्ल्याक अमेरिकन' वा 'इन्डियन अमेरिकन' या 'ह्वाइट अमेरिकन' भन्ने गरिन्छ । मानिस अर्को मानिसको अनुहारमा आफ्नो जात, वर्ग वा सम्प्रदायको प्रतिविम्ब खोजिरहेको हुन्छ, एक्काईसौं शताब्दीमा । नेपालीहरू आ-आफ्नै 'घेट्टो' को पर्खालभित्र बस्ने एक शताब्दीअघिका यहुदी बनेका छन् । यस प्रकार नश्लीय आधारमा मानिस-मानिसबीच कित्ताकाट गर्ने काम कि त 'थर्ड राइख' ले युरोपमा गरेको थियो कि हाम्रै देशमा जंगबहादुरले र सात शताब्दीअघि राजा जयस्थितिले ।

समग्रमा पहाडे संस्कृतिसित जोडिएको वस्तु हुनाले यसै पनि टोपी नेपालीको साझा पहिचानको चिह्न बन्न सकेको थिएन । अहिले त संविधानले नै चिरा कोरेर वैधानिकता प्रदान गरेको छ । त्यस चिरालाई सम्भवतः अब कुनै पनि साइजको टोपीले छोप्न सक्दैन । ने

| Dominar 400 | Pulsar 200NS | Pulsar NS160 | Pulsar 220F DTS-i | Pulsar 180 DTS-i | Pulsar 150 DTS-i | Avenger Cruise 220 | Avenger Street | Discover 125 | Platina ES |
|---|---|---|---|---|---|---|---|---|---|
| Rs. 5,29,900/- | Rs. 3,19,900/- | Rs. 2,86,900/- | Rs. 3,14,900/- | Rs. 2,79,900/- | DTS-I TD Rs. 2,64,900/- DTS-I Rs. 2,53,900/- | Rs. 3,39,900/- | 220 Rs. 3,19,900/- 180 Rs. 2,99,900/- | ST Rs.202,900/- DISC Rs.1,92,900/- DRUM Rs.1,85,900/- | Rs. 1,64,900/- |

SOLE DISTRIBUTOR FOR NEPAL
**HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED** Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np www.facebook.com/hhbajaj

Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555

**STATE 1:** Ilam 520906, Birtamod 540724, Damak 582109, Pathari 556082, Itahari 585442, Biratnagar 526242, Inaruwa 561657, Dharan 533996, Khandbari 560499, Urlabari 541876, Biratchowk 545383, Gaighat 420966, Katari 450207, Diktel 9852849404, Duhabi 9805324834, Phidim 9851230099 | **STATE 2:** Rajbiraj 523545, Lahan 560987, Mirchaiya 550744, Siraha 520255, Janakpur 9801667828, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Gaur 521599, Nijgadh 540079, Jitpur (Bara) 412170, Birgunj 523837, Kalaiya 551525 | **STATE 3:** Hetauda 522498, Parsa 583176, Narayanghat 571089, Tandi 563303, Bharatpur 526510, Kumaripati 5530187, Gongabu 4359039, Nayabaneshwor 4781946, Kalanki 4286015, Dillibazar 4435916, Baudha 4474716, Thimi 6631386, Bhaktapur 6611777, Lainchaur 4425579, Gwarko 5007553, Sukedhara 4650914, Maharajgunj 4720809, Battisputali 4465542, Banepa 660295, Charikot 421925, Balaju 4353150, Balkhu 4286377, Sitapaila 4286452, Tinkune 4117534, Nuwakot 561817, Satungal 9813687774, Dhading 521326 | **STATE 4:** Aabukhaireni 540482, Gorkha 421571, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Baglung 520882, Jomsom 440290, Dulegauda 414373, Kawasoti 540906, Syangja 9805887122, Walling 412106 | **STATE 5:** Butwal 437849, Bardaghat 580387, Parasi 520048, Bhairahawa 521855, Jeetpur (4No.) 550249, Chandrauta 540123, Arghakhachi 420964, Pyuthan 460755, Ghorahi 560743, Tulsipur 523402, Rampur 400480, Tamghas 520419, Nepalgunj 522751, Guleriya 420375, Kohalpur 540320 | **STATE 6:** Surkhet 521979, Jumla 520205, Jajarkot 9861227937, 9812546392 | **STATE 7:** Lamki 540365, Tikapur 560807, Dhangadi 520892, Mahendranagar 520896, Dadeldhura 420116, Darchula 420300, Aatariya 550762

# डायन

आन्विका गिरी

**रामचन्द्रसँग** म स्कुलमा हाजिर भएकै दिन भेट भएको थियो । भेट हुनु स्वाभाविक पनि थियो । ऊ स्कुलको पियन अनि म अंग्रेजी पढाउने नयाँ मास्टर । हेडसर विमलेश्वरले सबैसँग चिनाउँदा रामचन्द्रसँग पनि चिनाए, 'अलि धेरै बोल्छ तर सब काम गर्छ । तपाईं यहाँ नयाँ हुनुहुन्छ, केही चीज जरूरत भयो भने यसलाई अह्राउनुहोला ।'

उनले रामचन्द्रलाई मलाई धेरै बोलेर दुःख नदिन पनि भने, 'बेसी बकबक नै करियही !'

रामचन्द्र हेडसरको कुराले मुस्कायो । उचाइमा मभन्दा अलि अग्लो रामचन्द्रका आँखा भित्र धसेका थिए । ज्यान ठिक्कको थियो । बाइस काटेजस्तो लाग्दैनथ्यो । कपाल बायाँ सिउँदो पारेर तेल लगाएर कोरेको थियो । सर्ट, पाइन्ट मिलाएर लगाएको ऊ आफैं कुनै मास्टरझैं नै देखिन्थ्यो । कपाल मिलाउँदा देखें, उसको निधारमा खत । निधारमा खत त मेरो पनि थियो । त्यसैले पनि रामचन्द्र मलाई नजिकको लागिहाल्यो, अरू बातचित त हुन पाएकै थिएन ।

वीरगन्जबाट एकैचोटि मेरो सरुवा धनुषा भएको थियो । मलाई त बुटवल जाने चाहना थियो । परिवार उतै थियो तर चाहेजस्तो भएन । सोर्स पनि लगाएकै हो । तर सोर्सको फोर्स दह्रो रहेनछ अनि चित्त बुझाएर यो फिरकवाँ गाउँमा आइपुगें म ।

रामचन्द्रसँगको भेट स्कुलमा मात्र सीमित भएन । मेरो बसोबासको व्यवस्था रामचन्द्रकै घर नजिक हरिश कायस्थकहाँ भएकाले म उसकै साइकलमा चढेर स्कुल आउने-जाने गर्न थालें । बस्ने ठाउँदेखि दस मिनेटको दूरीमा भएको स्कुलमा रामचन्द्र साइकलमै जान्थ्यो । भर्खरै बिहे गरेको उसले साइकल दहेजमा पाएको थियो । भन्थ्यो, 'अब ससुरालीले दिइसकेपछि चढ्नु त पऱ्यो ! मैले सही बात गरें कि गरिनँ भन्नुस् त ?'

'हो हो', म हाँसिदिन्थें ।

हरिश गाउँका मुखियाझैं थिए । उनले भनेको जे पनि चल्थ्यो । प्रशस्त जग्गा-जमिन भएकाले पनि उनको भाउ बढी हुने नै भयो । अंग्रेजी पढाउने मास्टर भनेपछि उनले स्कुलमा बस्ने कोठा हुँदाहुँदै पनि आफ्ना छोराहरूलाई पढाउन मलाई आफ्नो घरमा राख्न स्कुललाई दबाब दिएका थिए रे ! यो कुरा मलाई रामचन्द्रले स्कुल जान थालेको दोस्रो दिनै भन्यो । नभन्दै चौथो दिनबाट हरिशका छोराहरू मेरो कोठामा किताब लिएर छिरे । मेरो पनि खास काम के नै थियो र साँझमा ! मैले पढाउन सुरू गरें । ठूलो केटो परविन ७ मा र सानो केटो सन्तोष ६ मा पढ्थ्यो । हरिशले आफ्ना १६ र १८ वर्षकी दुई छोरीको बिहे गराइसकेका थिए ।

'केटाहरूलाई तगडा बनाइदिनुहोला सर,' उनले कुस्ती खेलाउन खोजेझैं गरेर भने, 'एउटालाई म डाक्टर पढाउँछु, अर्कोलाई इन्जिनियर बनाउँछु ।'

'म कोसिस गर्छु', मैले पनि पहलमानी भाषामै भने, 'केटाहरू यसै पनि कमजोर छैनन् ।'

केटाहरू कमजोर थिएनन् पनि । दुवै कक्षामा फर्स्ट थिए । म माविलाई पढाउन भनेर गए पनि ७ कक्षामा पनि अंग्रेजी पढाउँथे । स्कुलमा शिक्षकको अभाव थियो, हेडसरले त मलाई विज्ञान पनि पढाइदिन भनेका थिए तर मानिनँ । सक्ने कुरै थिएन, त्यसैले मान्ने कुरा पनि थिएन । स्कुलमा जति कक्षा माथि बढ्दै गयो, त्यति छात्राहरूको संख्या कम थियो । कक्षा १० मा त हेडसरकी छोरी मात्र थिई । उसको पनि एसएलसी पास गर्नेबित्तिकै बिहे गरिदिने दाउमा थिए, हेडसर ।

'के गर्नु भन्न त नमिल्ने तर हाम्रो विरादरीमा धेरै पढेपछि बिहेको मुस्किल पर्छ', उनले एक दिन मलाई भने, 'प्रत्येक वर्ष महँगाइ बढ्दै जान्छ अनि दहेजको भाउ पनि बढ्दै जान्छ ।'

रामचन्द्र दुसाद जातिको थियो । त्यसैले ऊ सोझै हरिशको आँगनमा छिरेर मलाई बोलाइहाल्दैनथ्यो ।

'सर जल्दी करू !' ऊ बाहिरैबाट चिच्याउँथ्यो, 'अबेर भेलै !'

कहिले भने आफू आएको संकेत घन्टी बजाएर दिन्थ्यो । एक दिन रामचन्द्र हरिशको घरअगाडि साइकलको घन्टी बजाइराख्दा उनले भनेको सुनें, 'मास्टर बाबुकें निक जका लजाही । फेर बीच पैरा मे नै गिरैए ।'

रामचन्द्रले गाउँका सबैबारे मलाई भन्न भ्याइसकेको थियो । कसले कसको खेत अधियाँमा गर्छ, को कहाँ कति कमाउँछ ? कसको घरमा भात पाक्छ अनि कसको घरमा रोटी । यहाँसम्म कि कसले, कसकी स्वास्नी ताकेको छसम्म भन्न भ्याएको थियो । म उसका यस्ता कुरामा चासो दिन्नथें । वीरगन्जमा ५ वर्ष पढाएकाले म भोजपुरीमा मिसाएर टुटेफुटेको

मैथिली बोल्थें । स्कुलका धेरैजसो सर वरपरका थिए, हिसाब पढाउन मोरङबाट आएका दीपक चौधरी यतैको रंगमा रंगिसकेका थिए । रामचन्दर मेरो भोजपुरी बिगारेर मैथिली सपार्न लागिपरेको थियो । त्यसैले स्कुल जाँदा र फर्कंदा ऊ मलाई मैथिली क्लास पनि दिइरहेको थियो ।

जनकपुर बजारबाट दस-बाह्र किलोमिटरभित्रको फिरकवा गाउँको बस्ती बाक्लो थियो । एकसँग अर्को घर जोडिएका थिए । दुई चार घर बाहुनको भए पनि धेरै दुसाद, डोमका नै थिए । गाउँबाट बाहिर निस्कनेबित्तिकै एउटा ठूलो पोखरी थियो, जहाँ गाउँलेहरू लुगा धुने, भाँडा माझ्ने र दिसा धुने सबथोक गर्थे । धेरैले त हरिशकै जमिनमा घर ठड्याएका थिए । रामचन्दरले पनि । गाउँमा धेरैजसो महिला घुम्टोभित्रबाट संसार हेर्थे । घरभित्र जे भए पनि बाहिर टाउकोमा हातले नसमाई ढाकी बोक्दा पनि उनीहरू घुम्टो ओढेरै बाटो पहिल्याउँथे । मलाई यस्ता दृश्यले अचम्मित पार्छ, धूमिल दृश्यमा पनि गोडा नअलमलिएको देख्दा !

एकाध बूढी महिलाहरूको अनुहार मात्र खुला हुन्थ्यो । ती पनि कि विधवा थिए, कि त गतिछाडा थिए, रामचन्दरको भाषामा । हरिशकी स्वास्नीको पनि म घरमा भएका बेला आवाज मात्र सुन्थें । उनी पनि मलाई देख्नेबित्तिकै घुम्टोभित्र लुकिहाल्थिन् । मसँग त कमै बोल्थिन् । कि प्रवीण कि सन्तोषले नै आमाको काम टार्थे, 'केही चाहियो सर ?'

'हाम्रो चलन यस्तै छ, सर । उनीहरूलाई बानी परिसकेको हुन्छ,' रामचन्दरले बाँकी मैथिलीमा भन्यो, 'घरमे त ठिके छै लेकिन बाहर आ दोसर मरदेके आगु घोघे निक लागैछै ।'

यो चर्चा मैले हरिशजी र हेडसरसँग पनि चलाएको थिएँ । उनीहरूको जवाफ पनि रामचन्दरकै जस्तो थियो । म सोच्थें, उनीहरू आफैंले निधो गरेर घुम्टो ओढ्दा हुन् त बाहिरको उज्यालो कसलाई मन नपर्दो हो ! मैले पनि उनीहरूलाई सोधिनँ । मैले पनि उनीहरूले मालिक भनेकैसँग जवाफ मागें । उनीहरूलाई सोध्थें भने भन्दा हुन्, आफ्ना कुरा ! अरूलाई सोधेपछि थाहा पाइयो, अरूकै कुरा ।

> गाउँभरिमा हरिशको मात्र टिभी थियो, त्यो पनि श्यामश्वेत । हरिशले २१ इन्चको टिभी पठाएपछि त रामचन्दर परिवारको भाउ एक्कासि बढ्यो ।

रामचन्दरको बुबा पहिला हरिशकै खेत कमाउँथे । उनको ढाड दुख्न थाल्नु र रामचन्दरले पिउनको जागिर पाउनु एकै साल भयो । अनि उनी घरमै बसेर चिलिम तान्न थाले । रामचन्दरकी आमा र स्वास्नी घरकै भातभान्सामा व्यस्त थिए । रामचन्दरकी दिदी मरेपछि भिनाजुले अर्को बिहे गरेकाले उसले भान्जालाई आफूसँगै राखेको थियो, जो सरस्वती माविमै ५ मा पढ्थ्यो ।

'कमाइ थोरै छ,' रामचन्दरको गुनासो थियो, 'बोझ धेरै छ । सर म त दुबई जान्छु होला !'

म उसलाई देशमै बसेर केही गर्न सकिन्छ भनेर ढाडस दिइरहन्थें । त्यसताका माओवादी जनयुद्ध

उत्कर्षमा पुग्दै थियो । फिरकवा गाउँमा पनि रातीराती मान्छे हिंड्छन् भन्ने हल्ला थियो । स्कुलमा पनि चन्दा संकलनका लागि पत्र आउने कुराले पूरा स्कुल हल्लिएको थियो ।

'सर म त दुबई जाने नै भएँ,' रामचन्दरले एक दिन म साइकलमा चढ्नेबित्तिकै भन्यो, 'तपाई देश बन्छ नभन्नु होला । गाउँमा माओवादीको बिगबिगी बढ्न थालेको छ अनि अब त मेरी स्वास्नी पनि पेटकी छे ।'

मैले केही भनिनँ । मलाई त लागेको थियो, मेरो ढाडसले काम गरिरहेका थियो । तर केही दिनमै उसले पियनबाट राजीनामा दियो । अर्को नयाँ पियन लछमन काममा आउन थाल्यो ।

रामचन्दर जाने अघिल्लो साँझ धेरै कर गरेपछि म उसको घरमा खाना खान गएको थिएँ । उसले आफ्नी आमा, बाउ र स्वास्नीलाई चिनायो । मैले बाउलाई त चिनें तर स्वास्नी र आमाको नमस्कार भन्ने आवाज मात्र सुनें । भान्जा सुरेशलाई त मैले पहिलेदेखि नै चिनेकै हुं ।

'सर म गएपछि यो सुरेशको मामीलाई चिठी लेख्न मद्दत गर्दिनुहोला ।' रामचन्दरले खाँदै गर्दा भन्यो ।

'सुरेशले लेखिहाल्छ नि !' म पन्छिन खोजें ।

'यी चपाट मनक बात कि उतारतै !' उसले छेवैमा भएको भान्जाको टाउकोमा देब्रे हातले प्याट्ट हान्यो । भान्जो झिच्च गऱ्यो ।

'संकोच नै मानव, मास्टर साहवस मनक बात सबटा चिठीमे लिखबालेबु !' उसले स्वास्नीलाई पनि भन्यो, जो भात थप्न तयार भएर अघिल्तिर उभिएकी थिई ।

मैले ऊतिर हेरें, घुम्टोभित्रको उसको मुन्टो हल्लियो ।

रामचन्दर गएको ६ महिनासम्म मैले जानकीका लागि दुइटा चिठी रामचन्दरको नाममा लेखिदिएँ । त्यतिखेरसम्म जानकीले छोरा पाइसकेकी थिई । उताबाट आएका तीन वटा चिठी पनि पढिदिएँ । पहिलो चिठीमा जानकीले पैसा पाएको र ऋण तिरेको कुरा लेखिदिन भनी । दोस्रो चिठीमा उसले आफू बसेको जमिन किन्न अलिकति पैसा पुगेन भनेर लेखाई । त्यही चिठीमा सुरेशले 'मामी लया लिपिस्टिक किनने है' भनेर लेखिदिनू भन्यो । जानकीले नाइँ भन्दाभन्दै पनि मैले लेखिदिएँ । उताबाट रामचन्दरको चिठी पनि आइरहेको थियो । उसले दिनरात काम गरेको कुरा लेखेको थियो । जानकीको यादले उसलाई ताकत दिइरहेको कुरा पनि लेखेको थियो ।

यस्तैमा रामचन्दरले घरमा टिभी पठायो । गाउँभरिमा हरिशको मात्र टिभी थियो, त्यो पनि श्यामश्वेत ! हरिशले २१ इन्चको रंगीन टिभी पठाएपछि त गाउँमा रामचन्दर परिवारको भाउ एक्कासि बढ्यो । सारा गाउँले उसको आँगनमा भेला हुन थाले । एकाध पटक रामचन्दरको ढोकाबाहिर मैले हरिशलाई पनि देखें । उनका छोराहरूको त बासै रामचन्दरकोमा हुन थालेको थियो । साँझमा पढाउन पनि मैले उनीहरूलाई उतैबाट बोलाउन लगाउनुपर्थ्यो ।

**गाउँमा धेरैजसो महिला घुम्टोभित्रबाट संसार हेर्थे । घरभित्र जे भए पनि बाहिर टाउकोमा हातले नसमाई ढाकी बोक्दा पनि उनीहरू घुम्टो ओढेरै बाटो पहिल्याउँथे ।**

रामचन्दरको प्रगति बढिरहेको थियो । उसको अब आफ्नै जमिनमा ठडिएको काठकै भए पनि एकतले घर थियो । उसले अलिकति खेत पनि किनिसकेको थियो । हरिश आफ्ना छोराहरूसँगै सुरेशलाई पनि पढाउने कुरामा मन्जुर भएका थिए । पहिला मैले एक पटक कुरा गर्दा उनले मुख बिगारेका थिए । म बिदामा घर आउजाउ गर्थें । हरिशको जेठा छोरा दस कक्षा पुगेको थियो । म बीचबीचमा सरूवाको प्रयास पनि गरिरहेको थिएँ तर काम बनेको थिएन । देश बाह्रबुंदे समझदारी हुंदै संविधानको चुनावसम्म पुगिसकेको थियो ।

रामचन्दरको ठीकठाक चलिरहेको गाडीमा भने उसको बुबाको बिमारले ब्रेक लाग्यो । बुबालाई घरि ढाड दुख्ने, घरि मुटु दुख्ने, घरि टाउको दुख्ने त, घरि के हुने व्यहोरासहित मैले रामचन्दरलाई चिठी लेखिदिएँ, 'तुँ जल्दी स आ !'

सबै रामचन्दर आउने आशा गरिरहेका थिए । रामचन्दर आयो, तर लास बनेर । अन्तिम सास उसले उतै दुबईमा फेरेको थियो । जानकीले अब हरियो चुरा लगाउन छाडी । उसको हातमा सिल्भरको एउटा बाला देखेको थिएँ । ऊ हरिशकोमा ससुराको उपचारका लागि जमिन किनिदिन अनुरोध गर्न आएकी थिई । जमिन बिक्यो तर जानकीको ससुरा बिसेक भएन । ऊ पनि रामचन्दर गएकै ठाउँमा गयो । रामचन्दरले पठाउने कमाइ रोकिएपछि रामचन्दरले जोडेका सबै सामान बेचिन थालेका थिए । बिक्ने सिलसिला त टिभीबाटै सुरु भएको थियो । रामचन्दरको टिभी अब हरिशको बैठक कोठामा थियो । टिभी अलिअलि जोडेका गहना, घर, जमिन सबै बिकेपछि जानकी, उसकी सासू वरैयावाली र सुरेश पहिलेकै झुप्रोमा बस्न थालेका थिए । सुरेशको पढ्न आउने क्रम बन्द भएको थियो । मैले उसलाई स्कुलमै नआएको कुरा सोध्न भनेको थिएँ । अब अरूको घरमा म जबर्जस्ती पढाउँछु भन्न पनि सक्दिनथें । खासमा मैले त म स्कुलमै बस्छु भनेको थिएँ तर कहिले माओवादीको त्रास त कहिले मधेस आन्दोलनको त्रास देखाएर हरिशले मलाई जानै दिएनन् । म पनि डराएँ, ज्यानको माया कसलाई पो लाग्दैन !

म रामचन्दरको फटाफट उन्नतिको र उही क्रममा अधोगतिको साक्षी बनिरहेको थिएँ । पतिमा पूरै भर परेकी रामचन्दरकी स्वास्नी, छोरामा आश्रित रामचन्दरका बाउआमा एकदमै असहाय देखिन्थे । बाउ धेरै दिन असहाय भएनन् । अस्पतालमा बडो कष्टका साथ उनले अन्तिम सास फेरे ।

गाउँमा पहिला त सुक्नाको बयल मऱ्यो । साँझ ठीकठाक गुहालीमा बाँधेको दुइटामध्ये एउटा बयल बिहान लम्पसार परेको थियो । पछि वनीलालको कलमा पानी आउन छाड्यो । म घर फर्कदा हरिशकी स्वास्नीलाई वनीलालकी स्वास्नी वरैयावालीले दिउँसो उसको कलको पानी खाएदेखि पानी नै आउन छाडेको सुनाउँदै थिई । उसले वरैयावालीले सुक्नाको वयललाई घाँस दिएकै दिन उसको वयल मरेको पनि सुनाई । म आउनेबित्तिकै दुवैले टाउकामा

घुम्टो हाले । घुम्टोभित्रैबाट वनीलालकी स्वास्नीले भनिन्, 'वरैयावाली त हमरा डायन बुझाइय !'

हरिशकी स्वास्नीले घुम्टोबाटै टाउको हल्लाइन् । मैले गाउँका कुरा यस्तै हुन् भनेर केही भनिनँ । म शिक्षकजस्तो मान्छेले कुनै प्रतिक्रिया नदिई हिंडेपछि पो उनीहरूको मनोबल बढ्यो कि ! आज पनि म आफूलाई धिक्कार्छु ।

म पैदलै स्कुल जाँदै थिएँ । रामचन्दर गएपछि म पैदलै जान्थेँ । रामपुरवाली काखमा छोरा बोकेर आउँदै थिई । रामपुरबाट विवाह गरेर आएकीले उसलाई सबैले रामपुरवाली भन्थे । ऊ रामचन्दरकै छिमेकी थिई ।

'कत्त सँ अबैछे?' मैले सोधेँ ।

'बेटाके धामी सँ फुकाव गेल छलिय ।' उसले सीधा जवाफ दिई, 'जानकी कोरामे लिते बौवा बोकैरदैछे !'

'पेटमे चाली भगेल होते !' मैले भनेँ, 'डाक्टर सँ देखाले !'

'छेवैमे मनहुस आदमी भेला सँ डाक्टरके दबाइयो नै काज करते !' उसले छोराको टाउको मुसार्दै भनी, 'हेल्थपोस्टमे त क्या बेर ल गेलियै !'

'बजारके अस्पताल लक जो !' मैले भनेँ, 'ले, धर् ।'

त्यसको दुई-तीन दिनपछि वरैयावाली र जानकीलाई पोखरीको छेउमा कदमको बोटमुनि भोक्राएर बसेको देखेँ । म साँझको हावा खान निस्केको थिएँ ।

'बुढिया कथि भेल हौ ? मन खराब हौ ? के भो आमा, सन्चो भएन ?' मैले सोधेँ । उसका आँखा भित्रैसम्म धसेका रहेछन् ।

'बाप, मरद आ बेटा मर्लाकबाद बुढियासब कहियो स्वस्थ नै रहैछइ ! ओही उपर गरिब भेला प आरो दुःख !' ऊ त्यति भनेर उठेर गइहाली । जानकीले टिलपिल आँसु झारेर भनी, 'काइल वहे आदमीसब बन्झ्याँ स देखै । आइ वहे आदमी आज देख नै सकैत है ।'

त्यो साँझ वरैयावाली सुरेशलाई खोज्दै हरिशकोमा आउँदा हामी आँगनमै चटिया बिछ्याएर खाना खाँदै थियौं । गर्मीमा आँगनमै खाने चलन थियो । सुरेश पढ्न आउन छाडेको उसलाई पत्तै थिएन । परविनकी आमा छेउमा बसेर के लिने भनेर सोध्दै थिइन् । सुरेशलाई नदेखेपछि ऊ गइहाली । एकछिनपछि फेरि जानकी आई । पहिला खेतमा काम गर्न बोलाएर पछि पर्दैन भन्ने खबर गएको रहेछ । ऊ आफूलाई काममा बोलाउन अनुरोध गर्न आएकी थिई । आँगनमा दुई हात जोडेर उसले भनेकी थिई, 'कोइ कामोमे नै बजबैए । हम सब भूखे मरबै ।'

न हरिश, न त उनकी स्वास्नीले ऊतिर हेरे । लगालग खाइरहेका थिए । सन्तोषले 'तू जो । हम नै बजएबौ !' भनेर प्याच्च बोलेको थियो । सायद बाउआमाको कुरा सुनेको थियो ।

मध्यरातमा अचानक सन्तोष छट्पटायो भनेर हरिश मलाई उठाउन आए । सन्तोष घरि पेट, घरि टाउको समातेर नीलो हुंदै गयो । हरिशले मोटरसाइकल स्टार्ट गर्न नपाउँदै सन्तोषले अन्तिम सास फेर्‍यो ।

'यी त ठन्डा छै', हरिशकी स्वास्नीले आत्तिएर भनिन् । सन्तोष उनैको काखमा थियो । मैले नारी छामे चलेको थिएन । पछि हरिशले आएर मुटुको ढुकढुकी सुन्न खोजे, सुनेनन् । उनले पनि नारी छामे । अनि सन्तोषकी आमाको डाँकोले सारा गाउँ ब्युँझियो ।

जानकीको घर पनि ब्युँझियो । जानकीलाई हरिशको आँगनमा छिर्दै गरेको देखेँ । म हरिशलाई सन्तोषको लास पोस्टमार्टमका लागि अस्पताल लगौं भनेर सुझाउँदै थिएँ । उनकी स्वास्नी आएर भनी, 'ई काम वहे साउस-पुतहु के है । सुक्नाके वयल मइरगेलै । वनीलालको कलके पाइन सुइख गेलै ।'

'भौजी यैहन समयमे केहन बात करैछी !' मैले अलि कडा स्वरमा भनेँ ।

'ऊ त अपन परोसिया के नै छोरलकै !' भाउजू झन् चर्को स्वरमा रुन थालिन्, 'रामपुरवालीके छौरा सवदिन बेमार रहैछै, धामी कहने रहैक तोरा परोसमे मनहुस आदमी छौ, होसियार रहिह ।'

उनको कुरा हरिशले चुपचाप सुने । लुंगीमै सुतेको हुनाले अब अस्पताल जानुपर्ला भनेर म कोठामा पाइन्ट लगाउन गएँ । फर्केर आउँदा सन्तोषको लास कुरेर परविन मात्र बसेको थियो ।

'बाबु कत्त गेलै !' मैले सोधेँ ।

'डायनके मार गेलैय,' उसले भन्यो । उसले घरमा भएका सबै हतियार लिएर घरमा आएका सारा गाउँ डायनलाई ठीक पार्न गएको पनि बतायो ।

'के डायन ?' म अत्तालिएँ ।

'वरैयावाली र जानकी !' उसले भाइको निधारमा हात राखेर सोध्यो, 'सर आदमी केनाक डायन हेतै ?'

'गरिब भेला प ! मौगी भेला प ! दलित भेला प ! अइसगैर भेला प !' त्यत्ति जवाफ दिएर म जानकीको घर गएँ । यस पटक ज्यानको माया नगरी उनीहरूलाई बचाउनु थियो । परविनले कति बुझ्यो ? ने

K33 Hairhotel
**कोटेश्वर :** प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
**त्रिपुरेश्वर :** युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

# लघुशंकाको सजाय

● रामलाल जोशी

**कतै** लघुशंका गर्दैमा सजाय पाइहाल्ने जमाना त्यो थिएन । मान्छेहरू खेत, बारी, झाडी, भित्ता, कान्ला, जहाँतहीं लघुशंका गर्थे । आइमाईहरू बसेर, लोग्नेमान्छेहरू उठेर । मन लागेको ठाउँमा लघुशंका गर्दैमा कसैले कसैलाई सजाय दिइहाल्ने दिन कहाँ थिए र ! त्यस्तो अवस्थासँग कसैले साक्षात्कार गरेकै थिएन । परन्तु, एउटा अकल्पनीय सजाय मेरो जीवनमा भोग्नुपरेको यथार्थ मसँग छ ।

लाग्थ्यो, असोजका जून कहिल्यै नबुढून् । सरादे पूर्णिमाका रात यस्तै रहून् । जुनेली रातको खेला कहिल्यै खत्तम नहोस् । हे भगवान्, यो सृष्टि सधैँ यस्तै रहोस् ।

किन लाग्थ्यो भने, धमिलो खोलाको डर हराइसकेको थियो । सङ्लो पानीमा खोलीमाछा लड्किन थालिसकेका थिए । काँकडी झुलमा काँक्राहरू पहेँलिन थालेका थिए । खेतमा धानका बालामाथि सुनको पाइन चढ्न थालेको थियो । मकैका जरा उखेलेर बारीमा तोरी छर्न थालिएको थियो । घरहरू लिपपोत गरेर चिटिक्क पारिएका थिए । सूर्यको प्रचण्ड धुपलाई उत्तरका डाँडाहरूले मधुर पार्न थालिसकेका थिए । सुलीमा मकै चढाएर वर्षा ऋतु माइत गइसकेकी थिइन् । खेतबारी, घरआँगन, डाँडाचहुर, चारैतिर सफा र स्वच्छ मौसम । उसै पनि वर्षातको भेलले धर्ती-आकाश, डाँडा-पाखा, सबैतिर धोइपखाली चिटिक्क पारिएको समय हो, शरद ऋतु ।

ती दिनमा मान्छेहरूको ध्यान या त पिङको चहई-चहईमा केन्द्रित थियो या भजनकीर्तनमा । गाउँका सारा युवा तन्नेरी पिङमा मच्चिएका हुन्थे भने बूढाबूढीहरू भजनकीर्तनमा । बीचका अधबैंसेहरू न यता, न उता । उनीहरूको समय सायद उकुसमुकुसमै बित्दो हो । आ-आफ्नै ध्यानमा रमाइरहेका बेला हाम्रो समूहतिर चियोचर्चो गर्ने कसलाई फुर्सद ?

हामी गुँडबाट उडेका चराझैँ निस्फिक्री भएर जुनेली रातमा घुम्थ्यौँ । सडक, गल्ली, चोक, चौतारा, काँकडीझुल, यत्रतत्र आजाद भएर चहार्थ्यौं । बढीजसो गाउँका काँकडीझुलहरू चहार्थ्यौं । डुल्दाडुल्दै थकाइ लागे खुइतेले केराको पातको सुल्पा बनाउँथ्यो । गोर्खे त्यसमा गाँजा भर्थ्यो । घुम्ना रानाले स्यार्र-स्यार्र सलाई कोरेर लाउँथ्यो । मचाहिं सुल्पाको ठेकमा मुख जोडेर स्वाइँस्वाइँ तान्थें । पालैपालो तानेर जब लट्ठ हुन्थ्यौं, फेरि काँकडीझुल खोज्दै डुल्थ्यौं । एक होइन, दुई होइन, दसौं थाक्राका काँक्रा स्वाहा पार्थ्यौं ।

एक दिनको कुरा, राती दस बजेको हुंदो हो । हामी जमिनदार्नी सोनिकाको काँकडीझुलमा थियौँ । जमिनदार त्रिविक्रमकी सधवा पत्नी सोनिकाले मलवारको मौजा एक्लै धानेकी थिइन् । आधा मौजा धनगढी थियो । जमिनदार प्रायः उतै बस्थे, अर्की पत्नीसँग । गाउँको जमिनदारी सोनिकाले नै धानेकी थिइन् ।

दस बजेतिरकै कुरा हो । मान्छेहरू प्रायः सुतिसकेका थिए । चरामुसाको पनि चाइँचुइँ थिएन । शरद ऋतु न हो, यसबेला कुकुर पनि आफ्नै मस्तीमा हुंदा हुन्, सायद । हामी निर्धक्क भएर काँक्राका लहरा तान्न थाल्छौं । थाक्रामा चढेर चार वटा काँक्रा खुइतेले टिप्यो । भुइँबाटै लहरा लुछेर तीन वटा घुम्ना रानाले

चुँड्यो । दुइटा गोर्खेले र दुइटा मैले टिपें । आलीमा बसेर खुइते खितखित गर्दै थियो । गोर्खेले 'नहाँसीकन खा' भन्यो । खुइतेले त्यसै गऱ्यो । आवाज ननिकालीकनै मुसुमुसु हाँस्यौं, र कऱ्याम-कऱ्याम काँक्रा चपायौं । फेरि टिप्यौं, फेरि खायौं । फेरि टिप्यौं, फेरि खायौं । काँकडीभुुलका काँक्रा सकिए । खुइतेले फेरि केराका पातमा चिलिम भऱ्यो । दुई-दुई सर्का गाँजा तान्यौं । गोर्खेले अर्को काँकडीभुुलतिर जाने प्रस्ताव गऱ्यो । खुइतेले उठ्ने बेला भन्यो, 'पख थोडा मुतेर जाऊँ ।'

काँक्रा जाबो मुतेर पानी हुने चीज न हो । त्यतिका खाएपछि पिसाब नलागी के लागोस् त ? पिसाबले च्यापेको थाहा पाएपछि हामी लहरै उभियौं । खुइते जमिनदार्नीको घरको भित्तातिर फर्कियो, घुम्ना काँकडीभुुलतिर । गोर्खे अम्बाको फेदतिर सोभियो, मचाहिं भर्खर जोतेर सम्याएको गह्रामा लघुशंका गर्न थालें । भर्खरै जोतेर गह्राको माटो मज्जाले पाटिएको थियो । सायद तोरी छरेर फल्यागले पाटिएको । देख्दै रहर लाग्दो । लडीबुडी खेलौंजस्तो, समथर ।

जहाँ काँक्रा खायौं, त्यो पानी त्यहीं निखिँदै थियो । घुम्ना रानाले काँक्राका पात बजाउँदै थियो, गोर्खेचाहिं सुकेका स्याउला । घरको भित्तातिर फर्किएर खुइते तुरतुर गर्दै थियो । यता मेरो पिसाबको धारोले भने पाटिएको जमिनमा खोपिल्टो पारिसकेको थियो । फिँज उठिरहेथ्यो त्यहाँबाट । वाह ! हामी निर्धक्क भएर गहिरो सास लिइरहेका थियौं ।

हामी कति बेपर्वाह बुद्धु । होस गुमाएका लठुवा, हैट् ! अनायास हाम्राअगाडि हातमा लाठो लिएर देखा परिन्, जमिनदार्नी सोनिका । उफ ! मेरो सातो गयो । खुइतेको खितखित कहाँ भाग्यो कहाँ । पिसाब नटक्टक्याइकनै हामी कुलेलम ठोक्यौं । कति पिसाब कट्टुमा चुहियो, कति जाँघभरि तुर्कियो, होस कहाँ हुनु ।

एक सासमा हामी द्यौरामहल पुग्यौं । द्यौरामहल त्यो पुरानो भग्नावशेष हो, जहाँ दिउँसोतिर बूढापाकाहरू सुखदुःखका कुरा गरिबस्थे । गाउँका सारा मान्छेहरूको जमघट हुने साभा चौतारी थियो । रातमा भने आवारा केटाहरू गफ चुटिबस्थे अथवा गाँजाको धुँवा उडाउँथे । बिहान सबैभन्दा पहिला पुग्ने मान्छेले यदाकदा एक-दुइटा कन्डम पनि त्यहाँ भेट्टाउँथ्यो ।

त्यहाँ पुगेर हामीले आ-आफ्ना मुटुका धड्कन छाम्यौं । हाम्रो ढुकढुकी हाम्रो थिएन । धड्कनहरू विरानाजस्ता भएका थिए । नसा छाडेर रगतचाहिं कहाँकहाँ उफ्रिन खोजिरहेथ्यो । थमथम्यायौं ।

यता जमिनदार्नी सोनिकाले हातको लाठो फ्याँकिन् । काँकडीभुलतर्फ हेरिन्- दिउँसो देखेका काँक्रा एउटै थिएनन् । लहरा लुछलाछ पारिएका थिए । काँक्राका पातमा मुतेर सिकसिको पारिएको थियो । उनी भित्रैदेखि दुःखी भएर आइन् । धरधरी रून मन लाग्यो, उनलाई । सरादलाई भनेर राखिएका काँक्रा एक पनि बाँकी थिएन । भित्रभित्रै आक्रोशको ज्वाला दन्कियो । उता भित्तातिर नजर पुऱ्याइन्, आधै भित्ता मुतका लहराले भिजेको थियो । 'छि ! छि !! छि !!! मरिजाएस आवारा खाते ।' नमीठो मुखले प्याच्च थुकिन् ।

'कोर लागेर मर्न नसकेका चोरका छौंडाहरू । पख न, तिमीहरूलाई मैले जानेकी छु ।'

बर्बराउँदै जब आलीमा पुगिन्, टक्क अडिइन्, उनी । निहुरेर यसो ध्यानले जब हेरिन्, छक्क परिन् । कारण, त्यहाँ पिसाबले पारेको खोपिल्टो थियो । निहुरेर एक पटक फेरि हेरिन् । अहिले भर्खरैको दुःख र आक्रोश बिर्सिइन् । उनका मनमा कस्तो-कस्तो आश्चर्य भनौं या रमाइलो लागेर आयो ।

'के यो पिसाबले पारेको खोपिल्टो हो ?' मनमनै उनी बर्बराउन थालिन्, 'लोग्नेमान्छेको पिसाबले पनि जमिनमा खोपिल्टो पार्न सक्छ ?' उनी छक्क परिन् ।

> को होला त्यो ? कस्तो होला, त्यो वीर पुरुष ? कति बलवान होला, त्यसको कामशक्ति, जसले जमिनमा खोपिल्टो पार्न सक्यो ।

पत्याउन उनलाई गाह्रो भयो । उनले सुस्तरी दायाँ खुट्टाको बूढीऔंला खोपिल्टोमा चोबिन् । अहो ! पिसाबको तातोपनाले शरीरमा एक प्रकारको तरंग पैदा गऱ्यो । भित्र कतै भुइँचालो गएजस्तो भयो, उनको देहमा । एउटा अज्ञान तुफानी संवेग हो, या कामत भैरवी, चढिन् उनका शरीरमा ।

सोचिन्, 'यस्तो खाल्डो पार्ने गरी मुत्ने शक्ति पनि हुंदो रहेछ मान्छेमा ? को होला त्यो ? कस्तो होला, त्यो वीर पुरुष ? कति बलवान् होला, त्यसको कामशक्ति, जसले जमिनमा खोपिल्टो पार्न सक्यो ।'

सम्भेरै उनी भुतुक्क भइन् ।

सुस्तरी फेरि दायाँ खुट्टाको बूढीऔंला त्यहीं राखिन् । उफ ! फेरि उस्तै तातो । उनको हृदयले एउटा रापिलो उच्छ्वास छाड्यो,

'ए पुरूष ! धर्तीलाई तताउन सक्ने कस्तो वाफिलो शक्ति हँ ।' निहुरेर नाक खोपिल्टोको नजिक पुऱ्याइन् । सुस्तरी सुँघिन्, आहाहा... लट्ठ पार्ने कस्तो मादकता । सुगन्ध हो कि दुर्गन्ध, उनले छुट्याउनै सकिनन् । उनी मदहोस भइन् । त्यस मोहम्बला शक्तिकी फिदा भइन् उनी । नजाने कामावेशको एउटा संवेगमा उनका बेहोसी पाइला कता चले, चले ।

हामी द्यौरामहलको भग्नावशेषमा अट्टहास गरिबसेका थियौं । गाँजाको धुँवाले हाम्रो अनुहार छपक्कै ढाकेको थियो । आफ्नै पागलपनमा एक किसिमको आनन्द हामी लुटिरहेका थियौं । रातको करिब एघार बजेको हुंदो हो । अभै पनि कतै टाढा पिङ खेल्नेहरूको

चचहुई चलिरहेको थियो । भजनकीर्तन गर्नेहरूको तुमुल आवाज गाउँबाट आइरहेको थियो ।

अट्टहासकै बीचमा फेरि एउटा आकृति आएर हाम्रा अगाडि खडा भयो । उही आकृति । एउटी रौद्ररूपिणी भैरवी हाम्राअगाडि खडा भइन् । जमिनदार्नी सोनिकाले नीलो गाउन घुंडाभन्दा थोरै माथि सारेकी थिइन् । त्यस मध्यरात्रिमा पनि पिडौला उनका प्रस्ट थिए- सेता ।

कम्मरमा हात लाएर रौद्ररूपिणी सोनिका गर्जिइन्, 'पख, तिम्रा बाउको बिहे देखाउँछु भोलि, लम्फु ज्याद्राहरू हो ।'

हाम्रो होस उड्यो । कट्टुमै पिसाब चुहिएलाजस्तै भयो । हे भगवान् ! कसो गर्नु हो, सुझसमझ केही आएन । जमिनदार्नी सोनिकाको रिस नबुझ्ने को थियो र गाउँमा ? कसलाई थिएन र उनको रिसाहा रूपको परिणति ?

स्कुलमा कुरा पुग्यो भने रेस्टिकेट नहुने कुरै थिएन । खुइते, घुम्ना र गोर्खे भने घरबाट समेत निकाला हुने कुरा पक्का थियो ।

हामीले चुपचाप आ-आफ्ना सास बन्द गर्‍यौं । बघिनी गर्जेझैं जमिनदार्नी सोनिका गर्जिइन्, 'तोरी बोएको ठाउँमा मुत्ने को हो हँ ?'

आम्मै ! के अनिष्ट आइलाग्यो हे भगवान् ! त्यहाँ मुत्ने त मै थिएँ । मेरो सास बन्द होलाजस्तो भयो ।

कोही चुँ बोलेन । अपराधबोधले शिर झुकेका थिए ।

'को हो, भन्छौ कि दाउराले लपेटौं ?'

उनको हातको दाउराको चिर्कटो माथि उठ्यो । सबभन्दा पैला खुइतेले कन्सिरी कन्यायो, 'म होइन, ऊ त्यो ... ।' खुइते चोरले आफ्नो चोरऔंला मतिर सोझ्याई दियो । घुम्ना झन् बाठो भयो, 'मैले टेसलाई जोटेको जागामा नामुट भन्याठें, मानेना ।'

गोर्खे झन् रून्चे भयो, 'सब यल्ले गर्दा हो ।'

> गुलाबका पत्ताहरू मेरो ओठमाथि आएर चलमलाएजस्तो लाग्यो । गहुँगो भारीले मलाई थिचेझैं लाग्यो ।

सारा दोष ममाथि थोपरेर आफू पानीमुनिको ओभाना हुन खोजे साथी भनाउँदाहरू ।

मेरो दाँतबाट पसिना छुटे । के बोलौं ? बोल्ने मसँग शब्द थिएन । लाजले मुख रातो भयो, शिर तल । डरले मुटु थरथर भयो । घोर्ले बघिनीझैं घुरेर उनले मलाई हेर्न थालिन्- मोटामोटा पिडौला, सुडौल जाँघ । खाइलाग्दा पाखुरा, भरिलो छाती । पुक्क परेका गाला, गठिलो शरीर । जवानीमा फक्रिन लागेका मेरो शरीरका एक-एक अंग घुरेर हेरिसकेपछि घुटुक्क थुक निलिन् ।

जुनेली रातमा द्यौरामहलअगाडि उभिएकी जमिनदार्नी सोनिका गर्जिइन्, 'भन्, तँलाई के सजाय दिऊँ ?' उनका हातको दाउराको चिर्पट फेरि माथि उठ्यो । मेरा पसिना छुटे ।

'जमिनदार्नी साहेब, हेडमास्टरलाई नभन्दिनुस् । गल्ती भयो । माफ पाऊँ ।' मैले दस औंला जोडें ।

'तेसो भए सुन्', उनी भन्न थालिन्, 'आजको रात तँ मेरा बाखा कुरेर बस् । यै पालि बाघको बिगबिगी छ । डरले बाखा रातभरि चिच्याइरहन्छन् । बाखाखोरको टाँडीमा सुतेर बस् । मान्छस् कि मान्दैनस्, भन् । ए केटा हो, तिमीहरू आ-आफ्ना घर जाओ ।'

पसिना छुटे । यो उमेरमै मैले बाघको आहारा बन्नुपर्ने भो त ?

बाखाको खोर उनको घरभन्दा अलि पर आँगनको छेउमा थियो । गाई भैंसीका गोठहरू पनि थिए । तर मान्छेको आश्रय थिएन । खोरबाट दुई-चार बाखा बाघले तानेको पनि सुनिएको थियो । मान्छेहरूको भनाइ के पनि थियो भने जमिनदार्नीको बाखाखोरको टाँडीमा राती चुडैल पनि आउँछ । त्यही भएर उनका कामदारहरू राती कोही बस्न सक्दैनन् टाँडीमा । हे भगवान् ! बारीमा एक तुर्को मुतेबापत आज मैले त्यस्तो सजाय भोग्नुपर्ने भयो । एकातिर बाघको डर, अर्कोतिर चुडैलको । मेरो जिउमा थरहरी छुट्यो ।

मैले भनें, 'खुइते म अब यहाँ पढ्दिनँ । यो ठाउँमा बस्न पनि बस्दिनँ । आजको रात बाँचे भने भोलि बिहानै उकालो लाग्छु ।'

खुइतेले यस पटक खितखित गरेन । अस्वाभाविक ढंगले ऊ गम्भीर भयो । उसका अनुहारमा विषादका धर्का कोरिए ।

एउटी रक्तमदा बघिनीका मुखमा एक्लै मलाई छाडेर केटाहरू आ-आफ्ना घरतिर लागे । जमिनदार्नीले भनिन्, 'चल् ।'

म उँधो मुन्टो गरेर उनका पछि लागें । बाटोभरि मलाई लागिरह्यो- रिसाहा जमिनदार्नीको हातबाट कति बेला दाउराको चिर्पट मेरो टाउकोमा बज्रिन्छ । तर उनले त्यसो केही गरिनन् । घर पुगिसक्दा बरू माया पो देखाइन् । भनिन्-

'आवारा केटाहरूसँग डुलिहिंड्छस्, भोकै त होलास् नि ? खाना खाइस् ?'

मैले उनको मुख हेर्न सकिनँ । टाउको तल गरिरहें । बरन्डाको खाट देखाउँदै भनिन्, 'बस् ।'

आखिर म एक अपराधी न थिएँ । शिर झुकाएरै बसें । उनी भित्र पसिन् । एकछिनपछि थालभरि भात ल्याएर आइन्, कचौराभरि मासु । भनिन्, 'यति नै बच्याथ्यो, भोकाको होलास्, खा ।'

मलाई विश्वास लागिरहेको थिएन- अघिकी रणचण्डी सोनिका के यिनै हुन् ? सानै समयको अन्तरालमा पनि एउटी स्त्री कसरी भैरवी र मायावी शान्तिको अलग-अलग रूपधारण गर्दी रै'छ, त्यसको ताजा उदाहरण थिइन्, जमिनदार्नी सोनिका । उनले मलाई सजाय दिनका लागि आफ्नो कब्जामा लिएकी थिइन् । परन्तु, एउटा अपराधीका लागि असोजको त्यस मध्यरात्रिमा उनी किन यति मायालु बनिरहेकी थिइन्, मैले बुझ्न सकिनँ ।

खाना खाइसकेपछि मलाई बाखाखोरको टाँडमा पुऱ्याइन् । बिस्तरामा सेतो तन्ना बिछ्याइदिइन् । भनिन्, 'केइ डर नमानेस्, सुत् ।'

मैले अझै उनको मुख हेर्न सकेको थिइनँ । उनी फर्किइन् ।

उनी गएपछि मेरो मनमा विचारका हुन्डरी चल्न थाले । यो कस्तो सजाय हो, बुझ्न सकिनँ । एउटा अपराधीलाई जमिनदार्नी सोनिकाले अस्वाभाविक माया किन देखाइन् ? मासु भात किन खुवाइन् ? तन्ना फेरेर बिस्तरा किन लाइदिइन् । यति माया गरेर फेरि किन मलाई बाघ र चुडैलको मुखमा धकेलिन् ? के एउटा अभियुक्तलाई मृत्युदण्ड दिनुभन्दा पहिला उसको इच्छा लागेको खानेकुरा दिने मान्यताअनुसार मलाई मासुभात खुवाएकी हुन्, जमिनदार्नी सोनिकाले ? नत्र त्यत्रो बंगला हुंदाहुंदै किन यस मध्यरात्रिमा बाघ र चुडैलको मुखमा धकेलिन् मलाई ? हं, किन ?

पटक-पटक मनमा यही डर उब्जन्थ्यो कि-कतिखेर बाघ आउँछ र हवाँ... गरेर मुख बाउँछ । कतिखेर चुडैल आउँछे र नंग्रा गाड्छे । उफ ! मनभरि त्रास बोकेर निदाउन कसरी सक्नु ? पलपलको त्रास, बेचैनी र छटपटीले मुटु आधा भइसकेको थियो ।

तलतिर बाख्राहरूले घ्याङघुरूङ गर्दा पनि सास निस्केलाजस्तो हुन्थ्यो । पाठाहरूले म्यांम्यां गर्दा पनि लाग्थ्यो, बाघ नजिकै आइसक्यो । डरले मुटु थुरथुर हुन्थ्यो । माथि छानामा छेपारो अथवा फट्यांग्राले खसखस गर्दा पनि लाग्थ्यो- चुडैल आइहाली । क्षणक्षणमा प्राण खुस्केजस्तो हुन्थ्यो । भित्रैदेखि रोऊँ-रोऊँ लागेर आयो 'भगवान् ! आजको रात बाँचें भनें बस्दिनँ यो ठाउँमा । पढाइ-सढाइ भाडमा जाओस् ।"

पलपलसँगको संघर्षमा म कमजोर भइरहेको थिएँ । यत्रो त्रासका बीचमा पनि कसरी-कसरी तन्द्रावस्थामा पुगेछु । जब म तन्द्रावस्थामा पुगें, एउटा आश्चर्यलाग्दो र रोमाञ्चक क्षण मेरो अगाडि आइपुग्यो । मेरोसामु एउटा नारी आकृति खडा भएजस्तो लाग्यो । सुस्तरी त्यो आकृति बाँगिंदै-बाँगिंदै ममाथि घोप्टियो । मुलायम हातहरू मेरो छाती र गालामा स्पर्श गर्न आए । गुलाबका पत्ताहरू मेरो ओठमाथि आएर चलमलाएजस्तो लाग्यो । गह्रुंगो भारीले मलाई थिचेझैं लाग्यो । आहा ! कसिलो बाहुको रापले मलाई मदहोशमा पुर्‍यायो । नजाने अधिको डर खै कहां भागेर गयो । मैले आफ्नो दुनियां बिर्सिएं । म कतै अलौकिक आनन्दमा पुगेको आभास भयो । त्यो क्षणको सुख कस्तो थियो, शब्दमा बयान गर्न सक्दिनँ म । त्यो रातले लगाएको गुन कस्तो थियो, बिर्सन कहिल्यै सक्दिनँ म ।

बिहान उठ्दा सूर्य सिमलको टुप्पोमा आई बसेको थियो । हतार-हतारमा म टाँढबाट ओर्लिएँ । निस्किन लाग्दा जमिनदार्नीले हातमा एउटा झोला थमाइदिइन् । भनिन्, 'कस्तो झुत्रो लुगा लाएको रै'छस्, दुई जोर कपडा हाल्दिएकी छु । चक्रे दर्जीकहाँ सिलाउन दिएस् । झोलामा चिउरा र नमकिन राख्दिएकी छु । भोक लाग्दा खाएस् । अबदेखि यस्तो बदमासी कहिल्यै नगरेस्, राम्ररी पढेस् ।'

मेरो आङमा स्नेहका काँडा उम्रिए । उनको मुख हेर्न सकिनँ । मैले झोला काँधमा भिरें । दुवै हातले चिम्सा आँखा निमोठ्दै द्यौरामहलतर्फ हान्निएँ । खुइते, घुम्ना र गोर्खे सायद रातभरि सुत्न सकेनन् । उनीहरू पहिल्यै त्यहां पुगिसकेका थिए । मप्रति चिन्ता र उत्सुकता थियो, उनीहरूमा । त्यसैले देखेर पनि सदाझैं खितखित गरेन खुइतेले । घुम्ना राना जिस्किएन । गोर्खेका अनुहारमा खुसीका धर्का दौडिए । म बाँचेर आएकामा हर्षित थिए, उनीहरू ।

खुइतेले भन्यो, 'एई, राती सुतिस् कि सुतिनस् ? निदाउन सकिस् ? निद्रा पर्‍यो ?'

'अहँ, सकिनँ नि । कहां निदाउन सक्नु ? कसरी निद्रा पर्नु त्यस्तोमा ? नसुतेरै झुलुक्क उज्यालो भयो ।'

'अनि के ऐल्यै घर फर्किन आँटिस् ? झोला बोक्या छस् त ।' गोर्खे अचम्मित भयो ।

'सुन् गोर्खे,' मैले भनें, 'अब म घर फर्किन्नँ । हयैं बसेर सके पढ्छु, नसके जमिनदार्नीका भैंसी चराउँछु । गोठालो बन्छु । जमिनदार्नीकै खेत जोत्छु । खेताला बस्छु । तर घर फर्किन्नँ । गोर्खे । अहँ, अब म मरिगए घर फर्किन्नँ ।'

गोर्खे ट्वाँ परेर हेर्न थाल्यो । घुम्ना र खुइतेले पनि कन्सिरी कन्याए । बोल्न केही सकेनन् । ने

कविता

# अबिर

● युमा

हारको इतिहाससँग  
कुनै  
सरोकार छैन मेरो  
जितको  
पछि-पछि छु म  
सधैं

करोडौं उज्यालोको  
एक विम्ब हुँ म

न मार्न सक्छौ मलाई  
न जलाउन  
विचारझैं  
जब्बर छु म

जतिसुकै  
गर्न खोज  
मेरो तेजोबध  
जति नै  
गिराउन खोज  
मेरो नूर  
याद गर-  
झुक्न  
कदापि तयार छैन म

त्यतै कतै  
थिएँ म  
इतिहासका पानामा  
सपनाका सारथि  
भनिएकाहरूको

निधारमा

लज्जित छु  
पटक-पटक  
छेपारोजस्ता  
निर्वाचित अजिंगरहरू  
देखेर  
यत्रतत्र

अब  
स्वीकार्य छैन मलाई  
तिम्रो  
मायावी इन्द्रजाल

हिंड्नु छ मैले  
अविजित लामो यात्रा  
हतारमा छैन म  
थकित छु जरुर  
निराश छैन म

पर्खिरहेछु-  
ध्वजापताका  
र, आवाजको तुमुल  
नाद  
हो, पर्खिरहेछु-  
रंग्याउन लायक  
अनुहारको  
विजय जुलुस

# हवल्दार सुकबहादुर

महेशविक्रम शाह

**हवल्दार** सुकबहादुर गुरूङ टर्च बाल्दै कोठाबाट बाहिर निस्क्यो ।

उसले नीलो डांग्री लगाएको थियो । डांग्रीमाथि नीलो पारकर ज्याकेट । शीरमा खुइलेको ऊनी नीलो टोपी । उसको दाहिने हातमा लामो टर्च र बायाँ हातमा घँघारूको लट्ठी थियो ।

उसले टर्च बाल्दै दाहिने हातको नाडीमा बाँधेको घडीमा हेर्‍यो । रातको बाह्र बज्दै थियो ।

उसले टर्चको तिखो उज्यालो परपरसम्म फाल्यो । टर्चको उज्यालोमा चौकी हुँदै गाउँतिर सोभिएको गोरेटो, गाउँपालिकाको अफिस, सँगै जोडिएको वाणिज्य बैंक, स्कुल, गाउँपालिका प्रमुखको घर र गाउँको पुछारका केही घर दृष्टिगोचर भए । उसले टर्च घुमाएर चौकीअगाडिको खाली जमिनमा हेर्‍यो । टर्चको उज्यालोमा बडेमाको डोजर टलल टल्क्यो । डोजरको अगाडि एक प्रहरी राइफल समातेर ड्युटी गरिरहेको थियो । गाउँमा विकासको मूल फुटाउन गाउँपालिका प्रमुखले भर्खर यो डोजर खरिद गरेर ल्याएका थिए ।

'ए बले, डोजर सही सलामत छ?' डोजरको सुरक्षाप्रति हवल्दार सुकबहादुर चिन्तित थियो ।

'ठीक छ हवल्दार साप ।' प्रहरी जवान बलबहादुर उर्फ बलेले सलाम ठोक्दै जवाफ दियो ।

सबै ठीकठाक देखेर हवल्दार सुकबहादुर सन्तुष्ट देखियो ।

हिजोअस्तिभन्दा आज सुकबहादुर सजग र सचेत थियो । भोलि बिहान गाउँपालिकाका प्रमुखले किनेको डोजरले खन्ने सडकको उद्घाटन गर्न हेलिकप्टरबाट मन्त्रीज्यूको गाउँमा आगमन हुँदै थियो । मन्त्रीको सुरक्षाको सवाल थियो । सुरक्षाका लागि नै उसले जिल्लासँग थप मद्दत मागेको थियो । जिल्लाले सईको कमान्डमा पठाएको दस जनाको थप मद्दतको टोली बिहानसम्म आइपुग्दै थियो । सदरमुकामबाट सडक र पैदल गरी चौकीमा आइपुग्न तीन दिन लाग्थ्यो ।

चौकी वरिपरिको वस्तुस्थिति बुझिसकेपछि सुकबहादुर सेन्ट्री बसेको ठाउँनिर गयो ।

'रात्रि गस्ती टोली गाउँ गयो ?'

'अघि नै गइसक्यो सर ।' सेन्ट्री बसेको जवान रामबहादुर खत्रीले जवाफ दियो ।

'भोलि मन्त्री आउँदै छन् । चनाखो भएस् । कहीं सुल्लास्, होस गरेस् । विप्लवका यी फ्याउराहरूले चैनसँग बस्न दे'का छैनन् । बमसम् पड्काउलान् । दायाँबायाँ हेरेर ड्युटी गरेस् ।'

हवल्दार सुकबहादुर गुरूङ सेन्ट्रीलाई सम्झाउँदै गर्दा टर्च बालेर परपरसम्म हेर्दै थियो । कहीं-कतै केही बिग्रे-भत्केको छ कि !

'ए रामबहादुर तेरो राइफल चालू छ?' सुकबहादुरले रातीको पालोपहरा बसेको सेन्ट्रीतिर हेर्दै सोध्यो ।

'ठीक छ हजुर !' रामबहादुर जोडले बोल्यो ।

'के ठीक छ ?' सुकबहादुरले ऊतिर हेर्‍यो ।

'हजुरले भनेअनुसार सब ठीक छ हजुर !' रामबहादुरले छाती तन्कायो ।

'मैले भनेअनुसार होइन कि तैँले देखेअनुसार सब ठीक छ ? हो ?' सुकबहादुरको स्वर चर्को भयो ।

'त्यो पनि ठीक छ हजुर ।' रामबहादुरले राइफललाई जोडले आङमा च्याप्दै तनक्क तन्क्यो ।

'पर्‍याबेला राइफल पड्किन्छ त ?'

'पड्किन्छ होला सर ।'

'यो राइफल पड्काएको छ ?'

'छैन सर ।'

'अनि कसरी थाहा भयो कि यो राइफल पड्किन्छ ?' हवल्दार सुकबहादुरले टर्चको तेजिलो प्रकाश सुकबहादुरको अनुहारमा फाल्यो ।

'राइफल पड्काएको कति भयो ?'

'बेसिक तालिममा दस राउन्ड पड्काएको थिएँ हजुर ।'

'तालिम गरेको कति भयो ?'

'दस वर्ष हजुर ।'

'त्यसपछि पड्काएको छैन ?'

'छैन सर ।'

'अनि पड्काउन आउँछ त ?'

'भुलेजस्तो लाग्छ हजुर । गाह्रै पर्लाजस्तो छ ।' रामबहादुरले डराई-डराई कमान्डरको अनुहारमा हेर्‍यो ।

हवल्दार सुकबहादुर गुरूङको अघिको जोस ठन्डा भएको थियो । सेन्ट्रीको ड्युटी बसेको रामबहादुरको जवाफले कन्सरीका रौं ठाडा भए पनि ऊ चुप लाग्यो । उसलाई राम्रोसँग थाहा छ, रामबहादुरले जे भनेको थियो, सही भनेको थियो । गोलीगट्ठाको अभावमा वेसिक तालिमपछि कैयौं वर्षसम्म प्रहरी फायरिङको अभ्यासबाट वञ्चित हुन्थे ।

'जता हेर्‍यो उतै बिजोग छ ।'

हवल्दार सुकबहादुरले खुइय सुस्केरा छाड्यो । रातको एक बज्न थालेको थियो । ऊ कोठाभित्र छिर्‍यो ।

गाउँपालिका प्रमुखको भैंसीगोठमा वार्षिक ६ हजार तिर्ने गरी भाडामा चौकी बसेको थियो । गोठलाई बारेर दुई कोठा छुट्याइएको थियो । एउटा कोठामा घरबेटीका दुई भैंसी र एक पाडो किलोमा नारिएका थिए । अर्को कोठालाई बीचमा बारेर दुई कोठा बनाइएको थियो । बाटोतिरको कोठामा भुइँमा म्याट्रेस बिछाएर पाँच प्रहरी जवान सुत्थे । पछाडिपट्टिको कोठा चौकी इन्चार्जको कोठा थियो, जहाँ हवल्दार सुकबहादुर बस्थ्यो । गोठको पछाडि प्रहरी जवान आफैँले काठका खम्बा ठड्याएर बाँसले वरिपरि बेरी छतमा खुइलेको टिन ठोकेर जेनतेन कामचलाउ भान्छा घर बनाएका थिए ।

यो कोठा उसको अफिस र निवास दुवै थियो । कोठामा एउटा काठको खाट थियो । बस् । यसै खाटमा बसेर ऊ अफिसको काम गर्थ्यो । ड्युटी अह्रनखटन गर्थ्यो । उजुरीकर्ताको उजुरी सुन्थ्यो । कुनै भीआईपी आइहालेछन् भने यसै खाटमाथि बसालेर चिया टक्र्याउँथ्यो । ड्युटीबाट फुर्सद मिलेका बेला पिस्तोल भिरेको बेल्ट फुकालेर सिरानमा राख्थ्यो र हातखुट्टा फैलाएर सुत्ने प्रयास गर्थ्यो ।

ऊ छालाको बुट खोल्नै लागेको थियो, एउटा आवाजले झस्क्यो । उसका कान ठाडा भए ।

'ए रामे केको आवाज हो यो ? राम्रोसँग हेर ।' सुकबहादुर आधा खोलेको बुटसँगै बाहिर निस्क्यो ।

'भैँसीले हगेको हो सर !' रामबहादुरको जवाफ सुनेर सुकबहादुर खितखित हाँस्यो ।

'भैँसीले हगेको पनि बम पड्केजस्तो लाग्न थाल्यो अब । दिमागले काम गर्न छाडेछ कि क्या हो !' बुदबुदायो सुकबहादुर ।

'यी राक्षसका सन्तानलाई नि बेलाकुबेला मध्य राती हग्नुपर्ने !' जोडले चिच्यायो सुकबहादुर ।

'यिनीहरूलाई छुट्टै ट्वाइलेट जानुपर्दैन हजुर, जहाँ उभियो, त्यही ट्वाइलेट हो । ड्यूटी बसेका बेला रातभर गोबर गन्हाउँछ हजुर । हामीले चौकीको ड्युटी गरेको हो कि भैंसीगोठको !' रामबहादुरले दुखेसो पोख्यो ।

**देशमा पञ्चायत ढलेपछि प्रजातन्त्र आयो र त्यसपछि गणतन्त्र आयो । जहिले जे आए पनि न यो राइफलले हाम्रो साथ छाड्यो, न त यसको महत्त्व कम भयो ।**

'के गर्छस् त बाबै, माओबादी विद्रोहीले द्वन्द्वकालमा बम हानेर भत्काएको दुई तले पक्की चौकी यत्तिका वर्ष बिते पनि बनेको छैन । सितिमिति गाउँलेहरू चौकीलाई घर भाडामा दिन मान्दैनन् । धन्न गाउँपालिका प्रमुखले भैंसीगोठ भए नि बस्न दिएका छन् । नत्र चौतारीको बास हुन्थ्यो । यत्तिमा पनि सन्तोष मान ।' सुकबहादुरले भैंसीको गोठमा चौकी बस्नुको बाध्यता बिसायो ।

'हवल्दार साप एउटा कुरा सोधूँ ?'

'के हो भन न ।'

'कैगरी विप्लव माओवादीहरू आक्रमण गर्न आए रे । तर मेरो यो राइफल पड्केन भने के गर्ने हजुर ?' रामबहादुरको अनुहारमा डरको भाव सलबलाइरहेको थियो ।

'सके मार्ने, नत्र मर्ने ।'

'के रे हजुर ?'

'देशका लागि बलि चढ्ने, आफ्ना लागि रू. दस लाख कमाउने । तँलाई अहिले एक महिनाको

तलब पाउन नि धौ-धौ हुन्छ । मरिस् भने भोलिपल्टै शहिदको लिस्टमा तेरो पनि नाम चढ्छ र दस लाखको चेक आइपुग्छ । बुझिस् ?' हवल्दार सुकबहादुर बोल्यो । उसको अनुहार भावहीन थियो ।

हवल्दार सुकबहादुर कोठामा फर्क्यो । उसलाई बुट खोल्न मन लागेन । लुगा फेर्ने जाँगर आएन । उसले कुनामा ठाडो पारी राखेको थ्रीनटथ्री राइफललाई दाहिने हातले समात्यो । खाटमा थचक्क बस्यो । राइफललाई काखमा राखेर त्यसको बट, म्यागजिन, ट्रिगर, कमानी र नाललाई हातले मुसार्न थाल्यो ।

देशमा पञ्चायत ढलेपछि प्रजातन्त्र आयो र त्यसपछि गणतन्त्र आयो । जहिले जे आए पनि न यो राइफलले हाम्रो साथ छाड्यो, न त यसको महत्त्व कम भयो । आधा शताब्दीदेखि हाम्रै साथमा छ यो । मान्छे फेरिए पनि थोत्रो राइफल फेरिएको छैन । यही थोत्रो राइफलको भरमा दस वर्षसम्म माओवादी विद्रोहीको आक्रमण थेग्यौं । अहिले फेरि विप्लव माओवादीलाई झेल्नु परिरहेको छ । भविष्यमा अझ यो थोत्रो राइफलले क-कसको आक्रमण झेल्नुपर्ने हो, केही ठेगान छैन ।

राइफललाई छातीमा टाँसेर सुकबहादुर खाटमा पल्टियो । उसले आँखा चिम्ल्यो । उसको अगाडि फनफनी घुम्न थाले, विस्मृतिमा हराइसकेका दृश्यचित्र ।

देशभर माओवादी सशस्त्र द्वन्द्व चरम अवस्थामा पुगेको थियो । विद्रोहीहरूले कुन बेला कहाँ आक्रमण गर्छन् अनुमान गर्न गाह्रो थियो । गाउँको एक प्रहरी चौकीमा प्रहरी जवान सुकबहादुर रात्रिको ड्युटीमा थियो । ऊ राइफलको नाललाई अगाडि सोझ्याएर अलर्ट मुद्रामा उभिएको थियो । कम्मरमा गोलीको पाउच बाँधेको थियो । राइफललाई उसले फायरिङ पोजिसनमा राखेको थियो । चौकीका हरेक कुनामा प्रहरी राइफल र गोलीगट्ठाले सुसज्जित भएर ड्युटी गरिरहेका थिए । झिसमिसे बिहानमा अचानक चारैतिरबाट माओवादी विद्रोहीहरूले आधुनिक हतियारले आक्रमण गरे । प्रहरी जवान सुकबहादुरले फायर खोल्न खोज्यो तर राइफल पड्केन । विद्रोहीले मेसिन गन र एके ४७ बाट प्रहार गरेका गोलीले चौकी छियाछिया हुन थालिसकेको थियो । दुई-तीन गोली उसको शरीरलाई छुँदै निस्के । उसले राइफलबाट फायर खोल्न हरसम्भव प्रयास गऱ्यो । तर सकेन । अन्ततः हत्केलामाथि ज्यान राखेर ऊ गोली नआएको दिशातिर बेतोडले कुद्यो । कुद्दाकुद्दै ऊ कहाँ पुग्यो, भेउ पाएन । बिहान थाहा पायो, चौकी पूरै ध्वस्त भएछ । उसका दस सहकर्मी आक्रमणमा मारिएछन् । विद्रोहीतर्फ कुनै क्षति भएनछ । चौकीलाई ध्वस्त पारेर फर्किने बेला विद्रोहीले प्रहरीका लत्ताकपडा र बिस्तरामा समेत आगो लगाइदिएका थिए ।

हवल्दार सुकबहादुरले आँखा खोल्यो । आँखा आँसुले भिजेका थिए । 'त्यस दिन साहस गरेर नभागेको भए दस जना साथीहरूसँगै म पनि मारिने थिएँ । मलाई अझै एक अर्को लडाइँ लड्नु रहेछ । सायद त्यसैले म बाँचें ।' द्वन्द्वको पीडा सम्झेर हवल्दार सुकबहादुरको छातीमा सूल उठेझैं भयो ।

**सुकबहादुरले नचाहँदा-नचाहँदै पनि दिमागमा आउन थाले- उसको जागिरको भरमा बाँचिरहेका बूढा बाआमा, स्वास्नी र छोराछोरीका आकृतिहरू ।**

आश्चर्यको कुरा के थियो भने अठार वर्षपहिले माओवादी आक्रमणबाट ध्वस्त भएको चौकी यही गाउँको थियो । र, ऊ त्यसबेला प्रहरी जवान थियो । विद्रोही माओवादीको तर्फबाट सशस्त्र हमलाको नेतृत्व गर्ने व्यक्ति कोही नभएर भोलि उद्घाटन समारोहको प्रमुख अतिथिका रूपमा आउन लागेका मन्त्रीज्यू थिए । समय परिस्थितिले सुकबहादुरलाई फेरि यही चौकीमा ल्याई पुऱ्याएको थियो । र, ऊ आफूमाथि आक्रमण गर्ने माओवादी विद्रोहीको कमान्डरको सुरक्षाका लागि विप्लव माओवादीसँग लडिरहेको थियो ।

हवल्दार सुकबहादुर अतीतमा आफूले भोगेको भोगाइलाई वर्तमानसँग तुलना गर्न थाल्यो ।

'करिब पच्चीस वर्षदेखि हामीले यही राइफलको भरमा माओवादी विद्रोहीहरूसँग दस वर्ष सशस्त्र युद्ध लड्यौं । माओवादी विद्रोहीसँग आधुनिक हतियार थिए । तर हामीसँग भएका बहुसंख्यक राइफल पड्किँदैन थिए । नपड्किने राइफल पनि पड्किन्छ भन्ने आशमा हामीले माओवादी विद्रोहीका आक्रमण झेल्यौं । सशस्त्र द्वन्द्वमा हामीले ठूलो क्षति बेहोर्नुपऱ्यो । अन्ततः देशमा गणतन्त्र आयो । गणतान्त्रिक शासन व्यवस्थामा हामी प्रहरी पनि गणतान्त्रिक प्रहरी बन्यौं । तर यो राइफल राज्यको सुरक्षा गर्न सक्ने गरी गणतान्त्रिक बन्न सकेन ।'

हवल्दार सुकबहादुरले राइफललाई ठाडो पारेर हेऱ्यो । ठाउँ-ठाउँमा खिया लागेर विरूप बनेको थियो, त्यो पुरानो राइफल । एउटी बूढी महिलालाई मेकअप गरेर तरूनी बनाउन नसकिएझैं यो थोत्रो राइफललाई पनि पुल थ्रु र तेलले जति चम्काउन खोजे पनि गोली पड्काउने बेला सधैं धोका दिन्थ्यो ।

हवल्दार सुकबहादुरको दिमाग स्थिर थिएन । चाहिने-नचाहिने कुराले दिमाग रन्थनिरहेको थियो । ऊ जुरुक्क उठ्यो । कोठाबाहिर निस्क्यो । उसले टर्चको उज्यालो भैंसीगोठमा फाल्यो । भैंसी निश्चिन्त भएर उँघिरहेका थिए । उसलाई भैंसीको जिन्दगी देखेर ईर्ष्या लाग्यो ।

'साला यो जिन्दगी पनि कुनै जिन्दगी हो र !' सुकबहादुर जोडले चिच्यायो ।

'मलाई थाहा भएन साप ।' रामबहादुर हडबडाउँदै बोल्यो ।

'चुपलाग गोरू ।' सुकबहादुर कड्क्यो ।

उसले टर्चको प्रकाश नजिकैको एक ढिस्कोमा फाल्यो । ध्वस्त भएको चौकी यहीं थियो । ढिस्कोमाथि गाउँका भुस्याहा कुकुर उँघिरहेका थिए । त्यो ढिस्कोतिर हेर्दै हवल्दार सुकबहादुर भावुक बन्यो ।

अठार वर्षपहिले यो चौकी आक्रमण गरेर ध्वस्त बनाउने विद्रोहीहरू जंगल छाडेर सिंहदरबार छिरे । मन्त्री भए । आफ्नो वरिपरि सशस्त्र सेना र प्रहरीको सुरक्षा कवच बनाए । तर यो गाउँमा माओवादी विद्रोहीको गोली र बमको धमाकाले ध्वस्त भएको ठाउँमा न नयाँ प्रहरी चौकी बन्यो, न त यो खिया लागेको राइफल नै फेरियो । राज्यसँग

लडाइँ लडेका विद्रोहीहरूको जीवनमा यति ठूलो परिवर्तन ! तर राज्यको तर्फबाट विद्रोहीसँग लडाइँ लड्ने यो हवल्दार सुकबहादुर भने जहाँको तहीं ! शासनमा परिवर्तन आयो तर मेरो रासन र आसनमा किन परिवर्तन आएन ? एउटा विद्रोही सिंहदरबार बस्यो । सिंहदरबारमा बसेको विद्रोहीका विरूद्धमा खडा भएको अर्को विद्रोही जंगल पस्यो । जंगल पसेको नयाँ विद्रोहीसँग पनि यो हवल्दार सुकबहादुरले भैंसी गोठमा बसेर यही खिया लागेर मक्केको नपड्किने थोत्रो राइफलले युद्ध लड्नुपर्ने ? के म प्रहरी मात्र हुं, यो देशको नागरिक होइन ?'

सुकबहादुरलाई भाउन्न भयो । कहिलेकाहीं यी कुरा सम्झेर उसको दिमाग हल्लिन्छ । आफूले अनुभव गरेका कुरालाई ऊ बिर्सन सक्दैन । विद्रोहीको गोली लागेर झन्डै मरिसकेको मान्छे हो ऊ । नसम्झुं भने पनि दिमागमा आइहाल्छ । एकछिन त उसलाई लाग्यो, कतै ऊ आफैं विद्रोही हुन लागेको त होइन !'

हवल्दार सुकबहादुरलाई रिंगटा लागेजस्तो भयो । ऊ फेरि टर्च निभाएर कोठाभित्र छिर्‍यो । ओछ्यानमा ढल्यो । आँखा चिम्म गर्‍यो । उसले बिर्सने प्रयास गर्‍यो, आफ्ना अतीतका भोगाइहरू । उसले आफ्नो दिमागलाई केही नलेखिएको सेतो कागजको पानाजस्तो सपाट र शून्य बनाउन खोज्यो । नचाहँदा-नचाहँदै पनि दिमागमा आउन थाले- उसको जागिरको भरमा बाँचिरहेका बूढा बाआमा, स्वास्नी र छोराछोरीका आकृतिहरू । तिनका निन्याउरा अनुहार सम्झेपछि उसमा आएको विद्रोही भावना क्रमशः मत्थर हुंदै गयो ।

'म एक अनुशासित सिपाही हुं । म प्रश्नकर्ता होइन, आदेशको पालनकर्ता मात्र हुं ।' उसको सुषुप्त चेतनाले उसलाई सचेत गरायो ।

हवल्दार सुकबहादुर ओछ्यानबाट जुरूक्क उठ्यो । एक सचेत नागरिकको भावनाबाट मुक्त भएर बर्दीधारी अनुशासित प्रहरीको कलेबरमा फर्किंदा उसले आफूलाई तनावरहित महसुस गर्‍यो ।

ऊ कोठाबाट बाहिर निस्क्यो ।

'ए रामबहादुर...!'

'हजुर साप !'

'सधैं हेक्का राखेस् । हामी प्रहरी राष्ट्रका पहरेदार हौं । हामी जनताका सेवक हौं । सरकारका रक्षक हौं । हाम्रो आफ्नो व्यक्तिगत जीवन हुंदैन । हामीले पाउने बिदा पनि सुविधा हो । हाम्रो अधिकार होइन । बर्दी धारण गरेपछि हाम्रा कुनै निजी इच्छा र आकांक्षा हुंदैनन् । इमानदार भएर सरकारको आदेशको पालना गर्नु हाम्रो एक मात्र कर्तव्य हो... बुझिस् ।'

हवल्दार सुकबहादुर लगातार बोलिरहेको थियो । र, प्रहरी जवान रामबहादुर आङमा राइफल च्यापेर लामो हाइ काढ्दै निदको झप्की लिइरहेको थियो । ने

कविता

# सुनको मृग

● रमेश क्षितिज

**जीवनभर कुदिरहेको हुंदो रहेछु**
**भीडमा- एक्लो/फगत एक्लो भएर**
**एकान्तमा- जुलुसै-जुलुस बोकेर**
**बहुमूल्य सामान छुटेर**
**हतारमा फर्किरहेको यात्रीजस्तो**
**सधैं-सधैं दौडिरहेको हुंदो रहेछु**

**स्वर्गबाट झरेका टुक्राजस्ता हरिया फाँटहरू हेर्दै**
**मग्न भएको हुनुपर्ने म**

**साँझमा रङ फेरिरहेका हिउँचुली**
**र निर्मल ताल हेरेर सुस्ताएको हुनुपर्ने**



**वा हाँगा र हाँगाबाट पोखिएको कलरव**
**कि अनवरत बगिरहेको नीलो नदीको**
**राग- गायन सुनेर रमाएको हुनुपर्ने**

**सम्झिन भ्याएको हुनुपर्ने- आफू जन्मेको घर**
**पढेको स्कुल र बाल्यकालमा सँगै खेलेका**
**साथी**
**चिप्लिएको गोरेटो र छाया बसेको चौतारी**
**र अक्षर सिकाएका गुरु**

**बिहानमा- गुम्बाको प्रार्थना वा**
**बजिरहेका घन्टाहरूको ध्वनि सुनेर**
**जलिरहेका दियो**
**कि घाम ओढेका संन्यासी पहाड देखेर**
**सोचेको हुनुपर्ने- कहाँबाट आएको म,**

**जानु छ कहाँ ?**

**यो चलिरहेको श्वास के हो ?**
**यो देखिएको रंगमञ्च के हो ?**
**अस्तित्वको आभास के हो ?**
**कति जन्मदेखि हिंडिरहेछु म-**
**यो पृथ्वी नामको विशाल पाटीमा बास बस्दै ?**

**म त झन्-झन् बेगवान**
**उडिरहेका बासनाका चराहरू पछ्याउँदै**
**कि एक नाम होस् मेरो- भन्दो रहेछु**
**खुम्च्याएर संसारको विशालता**
**क्यारमको बोर्डझैं चार आना जमिनको**
**गोटी भएको हुने रहेछु**

**आफूतिर फर्केर हेर्न बिर्सेको म**
**कामनाका पुतलीले भ्रमित भएर**
**अनेकौं सुगन्ध खोज्दै हिंडेको हुने रहेछु**

**बिर्सेको हुने रहेछु- जिउनुको अर्थ**
**अघि-अघि दौडिरहन्छ, सुनको मायावी मृग**
**पछि-पछि म- राम भएको हुने रहेछु ।**

# सार्वजनिक बसमा एक दिन

● विमला तुम्खेवा

सहरमा घनघोर पानी परेको छ
हत्तारिँदै दगुरेको पुरानो माइक्रो बस
फोहोर सडकपेटी र यात्रुहरूका उदास अनुहार
साग बेचेर हस्याङफस्याङ गर्दै घर फर्कंदै गरेकी अपरिचित महिला
बसभित्रका सबै–सबै स्तब्ध यात्रीहरू
मेरो छेउ चुपचाप–चुपचाप बसेको मैलो अनुहारको केटो
यी प्रतिविम्बले के दर्शाउन खोजेको छ ?
भन्नुहोस्, सरकार साँच्चै के बुझाउन खोजेको छ ?

हो, धेरैपछि आज म सार्वजनिक बसको यात्रामा छु ।

ती थाकेका आँखाहरूले
सोध्न खोजेका प्रश्न...
चुपचाप–चुपचाप लामो आख्यान हो
काठमाडौँ सहरको हिलाम्मे सडक छिचोलेर
हिँडिरहेको यो सिटिबस
मेरो पनि उदास–उदास जीवनको प्रतिविम्ब हो
नागरिकलाई किच्लाझैँ गर्दै
कतै रात्रिभोजमा तुफानले हुइँकिएको
पीएमको यो गाडीको आतंक
कति दिक्कलाग्दो छ, मृत्युभन्दा पनि दिक्दार...

अफिस जाँदा होस् या साथीहरूसँग भेट हुँदा
कि यो सहरको पुरानो मन्दिर र गल्लीहरू चहार्दा
कि भृकुटीमण्डपको सुनिता खाजा घरमा त्यसै–त्यसै टोलाइरहँदा
कि यसो कहिलेकाहीँ हुने जम्काभेटमा
देशको आदिवासी कवि चन्द्रवीर तुम्बापोले भन्ने गरेको
यो देश हाम्रो होइन, भूगोल मात्र हाम्रो हो भन्ने शब्द...
त्यसरी आक्रोश ओकल्नु
यो देशका निम्ति खतरनाक संकेत हो ?
विचारको कति भयानक प्रस्थान हो ?

ती दिनहरूमा भृकुटीमण्डपमा हरेक दिनजसो
कवि
पत्रकार
गीतकार
संगीतकार
सबै–सबैको उपस्थितिमा साँझ फर्कन्थ्यौँ विद्रोह बोकेर ।

कि बागबजारको पुरानो रातो घरमा क्रान्तिको कुरा गर्दा होस्
कि जनयुद्धका ती उज्याला दिनहरूमा मुक्तिको सपना देख्दा होस्
यात्राका ती विकराल दिनहरूमा
म कहिल्यै यति उदास थिइनँ
म कहिल्यै यति अटेर थिइनँ
म कहिल्यै यति पराजित थिइनँ
म कहिल्यै यति वीभत्स थिइनँ
म कहिल्यै यति खाली–खाली थिइनँ
केही त भइरहेछ
किन म आक्रोशित भइरहेछु ?
किन विचलित भइरहेछु ?
पक्कै म केही भइरहेछु,
साँच्चै शून्य–शून्य भइरहेछु ।
बसको झ्यालबाट बाहिर नियाल्दा
बर्सिरहेको यो वर्षात र आकाशमा गर्जिरहेको चट्याङ
हामीबीचको मौनता तोड्ने माध्यम भइदिएको छ ।
ऊ मलाई हेर्छ, पुलुक्क
म उसलाई हेर्छु, पुलुक्क
कहिलेकाहीँ अचानक यसरी भेटिएका पात्रहरूले पनि जीवनमा कत्रो प्रश्न छाडेर जाँदा रहेछन्
के म त्यो केटोको उदास अनुहारलाई बिर्सन सकूँला ?
सायद, यो बेलुकी रिङरोडको अनाम किनारमा
रुझ्दै–रुझ्दै ऊ जाँदै गर्दा पानी परेको यो क्षण म कहिल्यै भुल्ने छैन
हो, परिवर्तनका निम्ति देखेको सपना भुलेकी छैन ।

जस्तो कि म पहिलोपल्ट अन्तरी फुपूको हात समाउँदै स्कुल गएको दिन
जस्तो कि पहिलोपल्ट आमाको आँखामा मेरो खातिर छचल्किएको
माया महसुस गरेको दिन
पहिलोपल्ट बुबाले यो संसार छाडेर जाँदाको पल
पहिलोपल्ट लोकतन्त्र ल्याउन जुलुसमा हिँडेका ती दिनहरू
पहिलोपल्ट कवि बन्ने सपना बोकेर
यो सहरका कविगोष्ठीमा हिँडेका ती दिनहरू
ओहो ! सम्झँदा पनि सपना हो कि विपनाजस्तो लाग्छ ।
कसरी–कसरी बीस वर्षदेखि यो सहरमा छु ?

हो, धेरै वर्षपछि म आज सार्वजनिक बसको यात्रामा छु ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.
SUPER
चमत्कारिक
उत्सव अफर
८ आश्विन - १६ कार्तिक २०७६
१५%*
वा अधिकतम
रु १०००
छुट
*शर्तहरु लागु हुनेछ (Gross and inclusive of taxes)
सम्पूर्ण भाट-भटेनी सुपर मार्केटमा
एन आई सी एशिया बैंकको
कार्ड प्रयोग गर्दा
तुरुन्तै डेबिट कार्ड लिन
भाट-भटेनी
सुपर मार्केट
BBSM
(ESTD. 1984 AD)
"Save Time, Save Money"
मा स्थित एन आई सी एशिया बैंकको स्टल वा
कुनै पनि शाखा कार्यालयहरुमा पाल्नुहोस् ।
यो योजना लत्ता-कपडा र जुत्ताचप्पलमा मात्र लागु हुनेछ ।
विस्तृत जानकारीका लागि ९८०१२२७७५५ मा Missed Call गर्नुहोस् वा CARD टाईप गरी ३४४८८ मा SMS गर्नुहोस् ।
www.nicasiabank.com
Toll Free No: 1660-01-77771
बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# विजय–पथ

**गोकर्ण गौतम**
तस्बिर : सरोज बैजु

**शेरबहादुर देउवाको क्यारिकेचर गर्दा ८ कक्षा** पढ्दै थिए, विजय बराल, ३२ । देउवाको आवाज र हाउभाउ दुरूस्तै नक्कल गरेपछि स्कुलमा हिट भए, क्यारिकेचरको हुटहुटी अझ बढ्यो । त्यसपछि माग्ने बूढा, धुर्मुस, हरिबहादुरको नक्कल गरे । वल्लोपल्लो गाउँबाट क्यारिकेचरका लागि बोलावट हुन थाल्यो । विजय फुरूंगै । त्यसैले त एसएलसी सक्नेबित्तिकै सर्लाही लालबन्दीबाट काठमाडौं आए, हास्य कलाकार बन्ने सपना बोकेर ।

के चाँजोपाँजो मिलेन कुन्नि, लालबन्दी नै फर्किए । प्लस टु भ्याए अनि फेरि काठमाडौं रवाना । सपना बदलिएको थिएन । तर जब आरोहण गुरूकुलका नाटकको अम्मली बने, विजयमा बेचैनी बढ्यो । सम्झन्छन्, "क्यारिकेचर सबथोक लाग्थ्यो तर यो त कलाकारिताको सागरको एक थोपा मात्र रहेछ । त्यसैले हास्य कलाकार होइन, कलाकार बन्ने निर्णय गरें ।" तर कलाकारिताको बाटो कसरी पक्डिने ? उनलाई नै मेसो थिएन ।

करिब डेढ दशकअघिको कुरा हो, यो । उनीजस्ता 'आउटसाइडर' लाई काठमाडौंमा टिक्नै धौ-धौ थियो । तर संघर्ष र धैर्य भएपछि कसले छेक्ने, कसले रोक्ने ! नेपाली रंगमञ्च र फिल्ममा विजय स्थापित कलाकारमा दर्ज भएका छन् । हास्यपरक होस् वा गम्भीर, सहरिया होस् वा गाउँले, रिसाहा होस् वा सोझो, जुन चरित्रमा पनि जीवन्त लाग्छन् ।

संयोग कस्तो भने मण्डलाको मञ्चमा विजय नै छन्, सिनेमा हलमा पनि उनै । मण्डलाको *महाभोज*मा उनी चुनाव लडिरहेका छन् भने फिल्म *कबड्डी कबड्डी कबड्डी*मा दयाहाङ राईको लंगौटिया यार । दुवै हाउसफुल छन् । ३ असोजमा सार्वजनिक अनुप ओझाको 'संसारै बैमानी...' गीतमा विजय फिचरिङ छन्, अनेक हुलियामा । *महाभोज*अगाडि मण्डलामा मञ्चित नाटक *मिमांसा*मा पनि उनले अभिनय गरेका थिए । सुनाउँछन्, "अभिनय जति गर्दै गयो, त्यति जान्नुपर्ने कुरा धेरै बाँकी रहेको थाहा हुँदो रहेछ । हरेक नाटक, फिल्म मेरो सिकाइकै प्रक्रिया र परिणाम हुन् ।"

गुरूकुलले अभिनयको प्यास जागृत गरायो तर त्यहाँ सिक्ने माहोल मिलेन । केही समयको छटपटीपछि भारतका विख्यात रंगकर्मी एमके रैनासँग डेढ महिना प्रशिक्षण लिन पाए । रैनाकै निर्देशनमा *अन्धोयुग* नाटक खेले । यसपछि उनको अभिनयप्रतिको लगाव अझ गहिरियो । राजन खतिवडासँगको भेटपछि

"
अहिले सम्झँदा कसरी गरियो हो भनेर आतेस लाग्छ तर मण्डला बनेपछि अभिनय गर्न पाइन्छ भन्ने लोभले सबै दुःख ओझेल पर्थ्यो ।"

बल्ल राहत महसुस भयो । खतिवडा नयाँ नाटकघर मण्डला खोल्ने तयारीमा थिए । तर न पर्याप्त बजेट थियो, न त प्रभावकारी टिम । विजयको आगमनले टिम दरिलो भयो । पैसा नहुँदा पसिना खन्याएर त्यसको जोहो गरे ।

मण्डलाको भवन ठड्याउने क्रममा जग खन्न, इँटा धुन, सिमेन्टको मसला बनाउन, रंग लगाउन खटिए । पारिश्रमिक त परै जाओस्, खानाको समेत टुंगो हुन्नथ्यो । कहिलेकाहीं त चिउरा र प्याजमै चित्त बुझाउनुपर्थ्यो । भन्छन्, "अहिले सम्झँदा कसरी गरियो भनेर आतेस लाग्छ तर मण्डला बनेपछि अभिनय गर्न पाइन्छ भन्ने लोभले सबै दुःख ओझेल पर्थ्यो ।"

भयो पनि त्यस्तै । मण्डलाको पहिलो नाटक *सुनकेशरी*देखि त्यसपछिका अधिकांश नाटकमा विजय छुटेनन् । *चरणदास चोर, जार, डिग्री माइला, सिरूमा रानी*लगायत नाटकमा आफूभन्दा झन्डै दोब्बर उमेरको चरित्र निर्वाह गरे । *मितज्यू* नाटकमा एकैसाथ ८५ वर्षको वृद्ध र ३५ वर्षे अधबैंसे बने । पात्रअनुरूप क्षणभरमै बोल्ने शैली र हाउभाउ फेर्नुपर्थ्यो । भनेजस्तै नाटक खेल्न पाए तर एक पैसा आउँदैनथ्यो । छाक टार्ने पिरलो छँदै थियो । *छड्के, कर्कश, बधशाला*जस्ता फिल्म खेले तर पाँच हजार पाउन महिनौं कुर्नुपर्थ्यो । रोल पनि सम्झनायोग्य हुँदैनथ्यो । *कबड्डी*ले भने उनमा बहार ल्यायो । पारिश्रमिक पाँच हजारबाट एक लाख पुग्यो, दर्शकमाझ चिनिए । पर्दामा दयाहाङ र बुद्धि तामाङसँगको उनको दोस्ती लोकप्रिय भयो । त्यसपछि *हुर्रे, पण्डित बाजेको लौरी, मिस्टर* भर्जिनजस्ता फिल्ममा अभिनयकला पोखे । *माछा-माछा* र *दयारानी* प्रदर्शन हुनै बाँकी छन् । *यात्रा जिन्दगीको* सुटिङ सुरू हुँदै छ ।

दयाहाङ, सौगात मल्ल, विपिन कार्कीको उदयसँगै नेपाली फिल्ममा 'हिरो' को परम्परागत मानक भत्कियो । फिल्ममा मुख्य भूमिका पाउन हुलिया होइन, अभिनय कुशलता चाहिन थालेको छ । यो परिवर्तनबाट विजय पुलकित छन् । तर फिल्ममा अझै चाहेजस्तो चरित्र नपाएको महसुस हुन्छ, उनलाई । हतारोचाहिं छैन । उनलाई थाहा छ, अभिनेताले अभिनयबाटै आफूलाई प्रमाणित गर्ने हो, अरू तिकडम चल्दैन । भूमिका छोटो होस् या लामो, जीवन्त बनाउन मरिमेट्छन् । कतिपयले उनलाई थिएटरको कलाकार भन्छन् । उनी आफूलाई चाहिं बाँड्न चाहँदैनन् । भन्छन्, "थिएटर वा फिल्म, माध्यम जुन होस्, मतलब छैन । भिन्न चरित्रलाई जीवन्त ढंगले बाँच्न पाए पुग्छ ।" ने



कोलाज

# क्रोधकला शिरोमणि

**कालु कुमाले, ८७, स्वभावले शान्त छन् । उनको** कला नै चर्केर बोल्ने भएर होला, आफू कमै बोल्छन् । धार्मिक मूर्तिहरू बनाउने कालुका क्रोधभावमा बनेका मूर्ति उत्कृष्ट छन् । उनले बनाएको भैरव, योगिनीका क्रोध भावका मूर्ति देखेर सगरमाथा प्रतिष्ठान नेपालले क्रोधकला शिरोमणिको नामले ०७३ सालमा सम्मान गरेको थियो । अहिले पनि उनी क्रोध भावका मूर्ति बनाउन तल्लीन छन् । चाहे दुई किसान एकअर्कासँग झगडा गरेको मूर्ति होओस् या सतीदेवीको लाश बोकेर हिँडेका महादेव । क्रोध प्रकट गरेका यी मूर्ति चमत्कारी लाग्छन् ।

मान्छेलाई रिस उठ्नु स्वाभाविक हो । कलाकार कालुलाई भने नहुने काम गर्‍यो भने रिस उठ्ने रहेछ । भन्छन्, "रिस त उठ्छ तर तुरून्तै भागिहाल्छ ।" त्यसो त, मूर्तिजस्तो बनाउन लाग्यो, त्यस्तै खालको मुड बन्ने उनले सुनाए । छोरा राकेश अवालेका अनुसार बुबा कालुको स्वभावसँग कला बिलकुलै मेल खाँदैन । भन्छन्, "रेसलिङ हेर्न मन पराउनुहुन्छ । थान्का, चित्र हेर्दा तारा, बुद्ध, मञ्जुश्रीभन्दा पनि भैरवको आकृति अभिरूचिपूर्वक हेर्नुहुन्छ ।"

कालुको मूर्ति बनाउने शैली भिन्न भएको छोरा राकेशको बुझाइ छ । उनी सपनामा देखेको भरमा मूर्ति सिर्जना गर्छन् । सपनामा जे देख्यो, त्यही मूर्ति बनाउँछन् । मन्दिरमा वा थान्का चित्र एक पटक देखेको भरमा बनाउँछन् । त्यसरी मूर्ति बनाउँदा ठ्याक्कै त मिल्दैन । त्यसपछि उनी कल्पिन्छन् । खाँदा, बस्दा, सुत्दा, उठ्दा, पाठ, जप, ध्यान गर्दा त्यही निदाउँछन् । त्यहीबीच फेरि केही आभास हुन्छ । उनी नमिलेको पहेली सुल्झाउन लागिहाल्छन् । मूर्ति बनाइसकेपछि ती मूर्ति भएको ठाउँमा फेरि एक पटक घुम्न निस्कन्छन् ।

कालु कलाकार बन्छु भनेर बनेका होइनन् । बुबा कुमाले जातिका भएकाले माटाका भाँडाकुँडा बनाउँथे । मच्छिन्द्रनाथ, मीननाथ र आदिनाथको देवीदेवतालाई प्रत्येक वर्ष फागुन महिनामा कुमालेले भाँडाकुँडा बनाएर चढाउनुपर्छ । बाराहीको मूर्ति र चराचुरुंगी बनाउँदा कालुका बुबा खुसी हुन्थे । थप बनाउन प्रोत्साहन गर्थे । १६ वर्षको हुँदा उनले बनाएको मूर्ति चर्चित बन्यो । त्यसपछि माटो खेल्दा-खेल्दै मैनबाट मूर्ति बनाउन सिके । उनले बाजा बजाउने जमात, बाघचाल, अष्टमातृकाका मूर्ति बनाए । पैसा अभाव भएपछि उनले पेसा छाड्न खोजे पनि ।

पछि तिब्बतबाट लामाहरू नेपाल भागेर आउँदा साथमा आफ्ना देउताका मूर्ति पनि लिएर आए । ती मूर्तिमध्ये कसैको हात, खुट्टा त कसैका टाउका बिग्रेका । ती देउताको मर्मत गर्ने जिम्मा उनले पाए । राकेशका अनुसार लामाहरूका गुह्य देउता थिए । अरू कसैले नदेख्ने, आफूले मन्त्रतन्त्र लिएर मात्र अभ्यास गर्न मिल्ने, जसलाई आगम देउता पनि भनिन्छ । बुद्ध धर्ममा रिसाहा देउतालाई धर्म पक्षको देउता मानिन्छ । ज्ञान तथा ध्यान प्राप्तिका लागि गुह्य

---

# बेतुकको कमेडी

*रातो टीका निधारमा* **रिलिजको पूर्वसन्ध्यामा** लेखक-निर्देशक अशोक शर्माले भनेका थिए, 'फिल्म स्टारले होइन, कन्टेन्टले चल्छ ।' तर आफ्नै बोली व्यवहारमा उतार्न उनी पूरापूर चुकेका छन् । साम्राज्ञी राज्यलक्ष्मी शाहसहित करिब एक दर्जन चलेका कलाकारको डफ्फा भए पनि कन्टेन्ट र त्यसको प्रस्तुतिचाहिँ कमजोर छ । जबकि वैदेशिक रोजगार र त्यसबाट निम्तिएको नकारात्मक प्रभावजस्तो वर्तमान समाजको यथार्थ उठाउन खोजिएको छ ।

फिल्मका मुख्य पात्र र तिनका चालढाल असाध्यै सामान्य छन् । विदेशमा मान्छे पठाएर कमिसन लिने काम गर्छ, आकाश (अंकित शर्मा) । उसकै वरपर हुन्छन्, गणेश (बुद्धि तामाङ) र मोहित (रवीन्द्र झा) । आकाश आफैँसँग पढ्ने दृष्टि (साम्राज्ञी) लाई मन पराउँछ । अमेरिकामा मास्टर्स गर्ने सपना बोकेकी दृष्टि र यहीँ केही गर्ने दृढ इच्छा भएको आकाशको प्रेम सफल होला ? चक्मा

फिल्म : *रातो टीका निधारमा*

★☆☆☆☆

दिने 'ट्वीस्ट' केही छैन ।

सुरूमै प्रमुख चरित्रलाई दृश्य होइन, 'भ्वाइस ओभर' बाट चिनाइन्छ । सिचुएसनजस्तो होस्, हँसाउन मरिहत्ते गरिन्छ तर न रसिला पञ्चलाइन छन्, न त कलाकारको टाइमिङमा निखार । अर्को खट्कने पक्षचाहिँ चरित्र र तिनको प्रवृत्ति स्थापित गर्न नसक्नु हो । आकाश र दृष्टिबीचको सम्बन्धसमेत प्रगाढ लाग्दैन ।

मध्यान्तरपछि फिल्म उद्यमशीलतातिर लाग्छ, गाउँले महिला एकजुट हुन्छन्, आधुनिक कृषि गर्छन् तर जोत्दा-जोत्दै सुत्केरी हुने अनि विदेशबाट फर्किएको पतिले घर छिर्नासाथ पत्नीको झाँको झार्नेजस्ता 'क्लिसे' दृश्यले हल्का बनाएको छ । भलै, आर्थिक सबलीकरणमा प्रयत्नरत दृष्टिहरू हाम्रा आदर्श हुन् । गाउँमा अवसर नदेख्ने महिलालाई दृष्टिले प्रेरित गरेका पल तुलनात्मक रूपमा सबल छन् । चरित्रको स्पष्ट रूपरेखा र उद्देश्य नहुँदा यस्तै उल्झनले पिरोल्छ । जातीय संस्कारअनुसार पात्रले रातो र सेतो टीका लगाउनु सकारात्मक पक्ष हो ।

कलाकार पनि अपजसलायक छन् ।

देउता मानिन्छ । कुलको रक्षा गर्छन् भनेर लामाहरूले यी देउताका पूजा गर्छन् । तारा, बुद्धजस्तो यी देउता जहाँतहीं भेटिँदैनथ्यो । तसर्थ, उनीहरूले साथै बोकिल्याए र कालु कुमाले यी मूर्ति बनाउन निपुण भए ।

संघरत्न शाक्यबाट पाएको तिब्बती लामाको काम केही समयपछि सकियो । तर शाक्यले उनको कौशललाई उपयोग गर्न खोजे । धेरै वर्ष उनले शाक्यका लागि काम गरे । त्यसबापत शाक्यले धेरै नाफा कमाउँथे भने उनले कम । अन्ततः छोराहरूले बुझ्ने भएपछि मूर्तिका सम्पूर्ण काम आफैं गर्न थाले । मास्टरपिस बनाउनेदेखि मूर्तिलाई साँचोमा ढालेर फिनिसिङ टचसम्मको काम परिवारले मिलेर गर्न थाल्यो ।

थाक्को भनेको क्रोधित अनुहार हो । कालुका अनुसार अनुहारमा क्रोध बनाउँदा गाह्रो हुन्छ । धेरै रिसाएको, थोरै रिसाएको हेरेर बनाउनुपर्छ । उनलाई वज्रभैरव खुबै मन पर्छ । ३४ हात, ९ मुख र १६ खुट्टा, मान्छे लस्करै, जनावरै जनावर । साथमा शक्ति आलिंगन गरेको । त्यो मूर्ति बनाउँदा जति त्याग र तपस्या कालुले गरे, लामा गुरु खुसी भई उनको मुक्तकण्ठले प्रशंसा गरे ।

▪ **सुनिता लोहनी**

निर्देशक अशोक शर्माका छोरा अंकितको डेब्यु चरित्र र अभिनय दुवै हिसाबले बिर्सनयोग्य छ । चरित्रलाई आत्मसात् नगर्दा उनको उपस्थिति बनावटी लाग्छ । साम्रागीको खस्किँदो क्रेजमा यस पटक थप धक्का पुग्छ । चरित्रलाई जीवन्तता दिन चुकेकी छिन् । यही कोटिको चरित्र र अभिनयले उनको भविष्य सुनौलो देखिँदैन । बुद्धि तामाङ र रवीन्द्र झा सदाझैं 'टाइपकास्ट' मा सीमित छन् । कर्कश ब्याकग्राउन्ड स्कोरले दृश्यमा विरक्ति पैदा गर्छ ।

बजारु कमेडीमा रमाएर कथा र प्रस्तुतिलाई न्याय नगरेकाले अघिल्लो वर्ष अशोक शर्माको *जय भोलेसँग* निराश भइयो । यस पटक बेतुकको कमेडी र अविश्वसनीय कथावाचनले निराशाको ग्राफ अझ उकालो लागेको छ । यो फिल्म न बजारका लागि स्वस्थकर छ, न त कलात्मक अभिवृद्धिका लागि प्रीतिकर ।

▪ **गोकर्ण गौतम**

७ प्रश्न | उद्धव कर्माचार्य

# 'बली राजा-महाराजाको अहं हो'

**सामान्यतः धार्मिक स्थल सबैका लागि सधैं खुला हुन्छ । तर दसैंको महानवमीमा मात्रै खुल्छ, वसन्तपुरस्थित तलेजु भवानीको मन्दिर । यसका आफ्नै मान्यता भएको मन्दिरका मूल पुजारी उद्धव कर्माचार्य बताउँछन् ।**

**उपत्यकाका तीन वटै जिल्लामा तलेजुको मन्दिर छ । तर काठमाडौंको विशेष मानिन्छ, किन ?**

अन्यत्र वर्षभरि खुला गरिन्छ । भक्तपुरमा तलेजु वरिपरि जहिल्यै दर्शन गर्न सकिन्छ । पाटनमा जतिखेरै मन्दिरभित्रै छिर्न सकिन्छ । तर काठमाडौंमा वर्षमा एक दिन मात्र । अर्को कुरा, काठमाडौंका त्यतिबेलाका राजा प्रताप मल्लले १६ भाषा जान्दथे । ती सबै भाषामा तन्त्र साधना गर्थे । सबै भाषामा दीक्षा लिए । शक्तिशाली बने ।

**महत्त्व बढाउन मात्र वर्षमा एक दिन खुला गरिएको ?**

पहिलो- दरबार क्षेत्र भयो । राजा-महाराजा मात्रै बस्ने दरबारमा जो पनि, जहिले पनि आउजाउ हुँदा त्यसको महत्त्व कम हुन्छ । दोस्रो- आराधनाबाट राजाले शक्ति आर्जन गर्ने थलो भएकाले पनि यहाँ सर्वसाधारणको आवतजावत कम गरिएको हो ।

**तर त्यो दिन पनि सर्वसाधारणले मन्दिरमै देवताको दर्शन गर्न पाउँदैनन्, प्रांगणमा निकालिन्छ, नि ?**

वर्षमा एक पटक देवतालाई चलाउनुपर्छ । स्थिर भयो भने देवताको शक्ति जाग्दैन । त्यसैले मन्दिरमा देवताको प्रतिमा खडा गरेर त्रिशूलचोकमा लगेर राखिन्छ । जात्रामा देवतालाई घुमाउनुको कारण पनि शक्ति पुनः आर्जन हो । फूलपातीको दिन त्रिशूलचोकमा कालरात्रि गरेपछि नवमीदेखि कात्तिकको कृष्णपक्षसम्म काटमार हुँदैन । मंसिर कृष्णपक्षको प्रतिपदामा निमन्त्रणा पूजा गरेपछि फेरि बलि चल्न थाल्छ ।

**मन्दिरहरूमा बलिको चलन कसरी आयो ?**

बलि भनेको अहं हो । भगवान्ले बलि लेऊ भनेको होइन । राजाहरूले आफ्नो अहं प्रदर्शन गराउने क्रममा मन्दिरमा बलि चढाउने क्रम सुरु भयो । खासचाहिं 'भगवान्' लाई आत्मा चढाउने हो । आत्मा भनेको आनन्द, सफा मन ।

**भनेपछि बलि प्रथा बेठीक रहेछ ?**

बेठीक त होइन । मन्दिरमा बलि चढाउनाले जनावरको काटमार भएको होइन । परम्परा राजाहरूको दम्भले बस्यो भनेको मात्रै हो ।

**बलि दम्भको उपज भन्नुहुन्छ, फेरि यो ठीक पनि भन्नुहुन्छ, विरोधाभास भएन ?**

बलि दिएपछि हामी तन्त्र साधना गरेर भोलिदेखि तिमी पशुत्वबाट मुक्त भयौ भनेर संकल्प गर्छौं । मासु खानका लागि बलि दिएको होइन ।

**विभिन्न पर्वमा पूजा गर्दा तलेजुमा १६ जातका मानिस चाहिन्छ, किन ?**

खासमा राजाहरूले कसैलाई भेदभाव छैन भन्ने देखाउन यो चलन थालेका हुन् । १६ जातका ४२ जना मानिस चाहिने त्यो चलन अद्यापि छ ।



▪ **मनबहादुर बस्नेत**

## कलामा शक्ति



२० औँ शताब्दीमा पाब्लो पिकासोले बनाएको 'गुर्निका' शीर्षकको पेन्टिङ विश्व प्रसिद्ध छ । भनिन्छ, कलामा शक्ति हुन्छ, 'गुर्निका' त्यसैको प्रतिविम्ब हो । दोस्रो विश्वयुद्ध हुनु केहीअघि जर्मन नाजीले स्पेनको बाक्स सिटीमा बमबारी गरेपछि पिकासोले विरोधस्वरूप उक्त चित्र बनाएका थिए । कालो-सेतो रङ पोतिएको पेन्टिङले नरसंहारबारे जुन कारूणिक दृश्य देखाएको छ, त्यसबारे सायदै कुनै शब्दले बयान गर्न सकिएला ।

चित्रको यही भाव बुझेर होला, 'आर्ट इज पावर' शीर्षकमा सिद्धार्थ आर्ट ग्यालरीमा प्रदर्शनी भएको थियो । बाँके, मकवानपुर, सुनसरी, जुम्ला र सिन्धुलीका बालिकाले बनाएका चित्रमा समान अधिकार माग गरेकाले मर्मस्पर्शी लाग्छन् । बालिकाले आफ्ना दबेका आवाज चित्रमार्फत प्रस्तुत गरेका छन् ।

११ देखि १७ वर्ष उमेर समूहका २ सय ३५ बालिकाले बनाएका डेढ सय पेन्टिङ प्रदर्शनी गरिएको थियो । यसका लागि प्लान इन्टरनेसनल नेपाल, सिद्धार्थ आर्ट फाउन्डेसन, सिर्जनालय र कलासम्बन्धी संस्थासँग मिलेर कला कार्यशाला गरिएको थियो । प्लान इन्टरनेसनलले केटीहरूले समानता पाउँछन् भन्दै गत वर्षदेखि विश्वव्यापी रूपमा 'आर्ट इज पावर' को अभियान थालेको छ । उक्त प्रदर्शनी यसैको निरन्तरता हो ।

## भेटघाटको तास

दसैँका थुप्रै विशेषण छन् । त्यसमध्ये एक मासुको परिकारको चाड पनि हो । दसैँमा घरमै खसी-बोका, च्यांग्रा, कुखुरा, हाँस, भेडा, राँगाका विभिन्न परिकार बनाएर खाने चलन छ । तर आज हामी कुरा गर्दै छौँ, तासको ।

यो खेल्ने होइन, खाने तास हो । खसीको मासुले बनेको एक परिकार तास पछिल्लो पटक निकै प्रख्यात बन्दै छ, मांसाहारीमाझ । 'चितवनको तास मुलुकभर खास' भन्दै भेटघाट रेस्टुरेन्टको शाखा अनामनगरमा छ । खसीको मासुबाट बनेको यो परिकारमा २५ वटा घरायसी मसला मिलाइएको हुन्छ ।

## स्ट्रीपमा सेजल

स्ट्रीप डिजाइनका पहिरन कुनै समय युरोपमा खराब र अश्लील मानवले लगाउने वस्त्रको रूपमा लिइन्थ्यो । तर अहिले स्ट्रीपका फेसन बच्चादेखि वृद्धसम्मका लागि भेटिन्छन् ।

यस्तै, रंगीचंगी स्ट्रीप वनपिसमा सजिएकी छिन्, मोडल सेजल खड्का । कलेजी, गुलाबी, सुन्तले, नीलो र कालो रङको स्ट्रीपमा सेजल सुन्दर देखिन्छिन् ।

महेश प्रधान

**RBB GOLDEN**
**FIXED DEPOSIT ACCOUNT**

आधुनिक बैकिङ्ग सेवा
सुविधाहरू उपलब्ध

## राष्ट्रिय वाणिज्य बैंकमा गोल्डन मुद्दती (व्यक्तिगत) खाता खोली उच्चतम ब्याजदर पाउनुहोस् ।

**विशेषताहरू:**

» १ वर्ष देखि २ वर्ष सम्म

» न्युनतम मौजदात रू.५ लाख » त्रैमासिक ब्याज भुक्तानी

तपाईको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लि. प्रमुख कार्यालय, सिंहदरबार प्लाजा, काठमाण्डौ । फोन: (९७७-१) ४२५-२५९५ । फ्याक्स: (९७७-१) ४२५-२९३१ । इमेल: rbb.info@rbb.com.np

## नोटबुक

**जनक नेपाल**

# नदोहोरिऊन् काण्ड

**दसैं मान्यजनबाट टीका, जमरा तथा आशीर्वाद ग्रहणको पर्व हो ।** राष्ट्रप्रमुखलाई अभिभावक मानेर टीका थाप्ने चलन राजसंस्था रहँदादेखि नै चल्दै आएको छ । पछिल्लो समय दसैंमा राष्ट्रपति, प्रधानमन्त्री, नेतादेखि नागार्जुन पुगेका पूर्वराजासँग टीका थाप्नेहरूको लाइन बढ्दो छ । मान्यवरहरू स्वार्थ समूहबाट घेरिंदै गएका छन् । त्यसैले हरेक वर्ष दसैंमा अनेक काण्ड दोहोरिन्छन् ।

गत वर्ष शीतलनिवासमा कुर्सी काण्ड भयो । राष्ट्रपतिले टीका लगाइदिंदा सात महिनाअघि आफैंलाई सपथ खुवाएका पूर्वप्रधानन्यायाधीश गोपाल पराजुलीले घुंडा टेकेर टीका थापे । आफ्नै पूर्वनेता वामदेव गौतमलाई समेत कुर्सी नहुँदा राष्ट्रपति भण्डारीको 'कमन सेन्स' ले काम गरेन । कुर्सी काण्डले टीका थाप्न शीतलनिवास पुग्नेहरूको दसैं खल्लो बनाइदियो । सामाजिक सञ्जाल रंगिए । पत्रपत्रिकामा हप्तौंसम्म आलोचनाका टीकाटिप्पणी छापिए । शुभचिन्तक र राष्ट्रका विभिन्न ओहोदावालको औपचारिक टीका तथा प्रसाद ग्रहण चल्यो । प्रधानमन्त्री केपी ओली दसैंका पाँचै दिन कर्मकाण्डी पण्डितझैं व्यस्त भए । त्यसैको धपेडीले उनी बिरामी नै परे । केही दिन अस्पताल भर्ना हुनुपर्‍यो ।

नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' दसैं नमनाउने नेता हुन् । तर आफूले नलगाए पनि शुभचिन्तक र कार्यकर्तालाई टीका लगाइदिन्छन् । केही वर्षयता उनको दैलोमा टीका थाप्न जानेको संख्या बढ्दै छ । दसैंमा मिसिने राजनीति झन् बुझिसाध्य छैन । राजा ज्ञानेन्द्रले विवादास्पद छविका पुत्र पारसलाई युवराज घोषणा गर्न दसैं पर्खेका थिए । दसैं वहिष्कार अभियानका नेता गोरेबहादुर खपांगीले शाही मन्त्री भएपछि दरबार पसेरै टीका र जमराको माला लगाए । राष्ट्रिय सभा उपाध्यक्ष मोहम्मद मोहसिनले त्यसै गरे ।

प्रथम राष्ट्रपति रामवरण यादवले गणतन्त्रमा पनि राष्ट्राध्यक्षले टीका लगाइदिने परम्परा बसाए । भण्डारीले निरन्तरता दिइरहेकी छन् । नेकपाका प्रस्तावित उपाध्यक्ष गौतम राष्ट्राध्यक्षसँग आशीर्वाद लिनुपर्छ भन्ने मान्यता राख्ने नेतामा पर्छन् । राजा ज्ञानेन्द्र सत्तामा रहेका बेलासमेत उनी टीका लगाउन दरबार धाउँथे । यी र यस्ता आयाम थपिंदै जालान् । तर दसैंको सांस्कृतिक महत्त्व नै बिटुल्याउने गरी अर्को काण्ड भने नदोहोरियोस् । ओहोदाधारी, नेता-कार्यकर्ता र शुभेच्छुकका निम्ति अहिलेलाई यत्ति नै शुभकामना !

# फैलिंदो दसैं

**दसैंलाई हिन्दु, खस-आर्यको चाड भनिन्छ । तैपनि केही दशकअघिसम्म** खस बाहुल्यका सुदूरपश्चिमीपहाड र कर्णालीमा दसैं मनाइँदैनथ्यो । कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री दल रावलले सुनाउँथे, उनी किशोर हुंदासम्म हुम्लाका गाउँमा दसैं मनाइँदैनथ्यो । मध्यपहाडका कर्मचारीले दसैं भित्र्याए । सुरूका वर्षमा रैथाने समुदायलाई दसैंको अर्थ र महत्त्व थाहै भएनछ । थालमा अबिर र चामल मुछेर केटाकेटीहरू होलीमा झैं जो भेट्यो, उसलाई टीका लगाइदिंदै हिंड्थे रे । अहिले भने कर्णालीमा दसैंले जरा गाडिसकेको छ ।

सुदूरपूर्वका जनजातिले दसैं मनाउन थालेको पनि धेरै भएको छैन । तराईका हिन्दुले दसैं मनाउँछन् तर रामलीला र रावणबध गर्दै । दुर्गापूजामा व्रत बस्छन् । उनीहरूका लागि दसैंभन्दा नवमीको महत्त्व ज्यादा हुन्छ । तराई-मधेस, पूर्वी पहाड, कर्णाली र सुदूरपहाडका लागि दसैंभन्दा प्रमुख पर्व अरू नै छन् । तैपनि दसैंको आयतन फैलिंदै छ । यो हिन्दुभन्दा ज्यादा नेपाली समुदायको मौलिक पर्व बन्दै छ ।

पहाडी समुदायमा देवीपूजा र बलि प्रथा छ । त्यसैले उनीहरूका लागि दसैं व्रतभन्दा धेरै खानपिनको पर्व हो । दही, अक्षता र अबिरको टीका नेपालबाहेक अन्यत्र लगाइँदैन । टीका रातो होस् वा सेतो, दसैं एक दिन मनाइयोस् वा पूर्णिमासम्मै- धार्मिक, सांस्कृतिक महत्त्वका आ-आफ्नै व्याख्या छन् । खस आर्य, मंगोल वा मधेसीको साझा भइसकेको दसैं बिस्तारै सामाजिक पर्व बन्दै छ ।

# दसैं अर्थात् यात्रा

**सरकारी विद्यालयले दिने एकमहिने बिदालाई बिर्सिने हो भने दसैंको** जम्माजम्मी बिदा भनेकै चार दिन हो । त्यसको आधाआधी समय त बाटोमै बित्छ, यात्रामै लाग्छ । सपरिवारको यात्राले स्वाभाविक छ, दसैंको झन्डै आधा बजेट यातायातमै सकिन्छ । सरकारले पोहोरै यातायात क्षेत्रको सिन्डिकेट हटाएको दाबी गर्‍यो । बस समितिका काउन्टर र अफिस बन्द भए । तर यात्रामा सुधारको अनुभूति गर्न पाएनन्, यात्रुले । सरकारी निर्णय रूट परमिटका लागि समितिसँग जुधिरहेका व्यवसायीका लागि गरिएझैं भयो ।

बस काउन्टरमा टिकट बुकिङ खुलिसकेको छ । यात्रु टिकट पाउन लाइन लागिसकेका छन् । जे-जस्तो सास्ती भोगे पनि घर त जानैपर्‍यो । बाआमा परिवार र आफन्त भेट्नैपर्‍यो । चाडपर्व भनेकै पारिवारिक मिलन हो । वर्षको एकपल्ट पारिवारिक जमघटको बृहत् माहोल दसैंबाहेक अरू कुनै पर्वमा मैले देखेको छैन । गाउँ र सहर जोड्ने, खसीबोका किनबेच गर्ने र अभिभावकको आशीर्वाद लिने यो पर्वले पारिवारिक खण्डीकरणलाई सन्तुलित बनाइराखेको छ । सद्भावको सम्बन्ध मजबुत पारिरहेको छ । होइन र ! ने

Mahindra
Rise.

## धेरैलाई अफरले लोभ्याउँछ
## तर Scorpio Pik Up रोज्नेले

# अफरभन्दा बढी बचाउँछ

## झन् धेरै फिचर, झन् धेरै फाइदा पाउँछ

**2x पावर**

- 2.2 mHawk engine with 140 BHP power
- 320 NM Torque
- 6 forward + 1 reverse gear transmission
- Microhybrid Tech

**यो सेगमेन्टमै सबैभन्दा सुरक्षित**

- Dual Airbags
- ABS
- Control lock with remote control and alarm
- ISOFIX Anchors for child safety

**यो सेगमेन्टमै सबैभन्दा आरामदायी र स्टाईलिश**

- Air Conditioning
- Power Window
- Driver Information Display
- Hydraulic Bonnet Struts
- Bluetooth Connectivity
- Projector Headlamps
- Rear Demister
- Fog Lamps

From the makers of SCORPIO
THE NEXT GENERATION
Mahindra
PIKUP

रु. ३७,६०,०००*/- बाट शुरु

AGNI INCORPORATED PRIVATE LIMITED

**Agni Incorporated Pvt. Ltd.** Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Naxal Bhagwati Bahal Showroom: 9851241085
Patan Showroom: 01-5532641/5532328, 9801303100
**Branch:** Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners: NLG, सगरमाथा इन्स्योरेन्स क. लि. Sagarmatha Insurance Company Ltd., VIP

Genuine Mahindra Four Wheelers Spare Parts | Mahindra MAXIMILE Genuine Lubricants | Mahindra Genuine Accessories

**Url:** mahindrapikupnepal.com **Email:** marketing@agnigroup.com.np

**Service Helpline No.:** 16600-100-200 (NTC), 980-157-1212 (Ncell)

www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup

WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU & SILICON
घाम-पानी छेक्छ १० वर्ष टिक्छ
Since 1760
Lewis Berger
Paint your imagination
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७
चर्को घामबाट बचाउँछ
मुसलधारे वर्षाबाट जोगाउँछ
10 YEAR WARRANTY
१० वर्ष वारेन्टी
XP ADVANCED
WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU
PU & SILICON TECHNOLOGY
REPELS HEAVY RAIN